सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१ पुस २०८१, सोमबार (16 Dec 2024, Monday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २३९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

शेखर समूहलाई महाधिवेशन ढिलाइको संशय



कांग्रेसमा सबै तहका पदाधिकारी तथा सदस्यहरूको पदावधि चार वर्षको भए पनि विधानको धारा ४३ अनुसार असाधारण स्थिति देखाएर संस्थापन पक्षले एक वर्ष समयावधि थप गर्न सक्ने डर

(विस्तृत पृष्ठ ३)

नर्सिङ पेसाकर्मीका ज्वलन्त सवाल



अग्रलेख

● प्रेमलकुमार खनाल

आउटसोर्सिङ, करार र इन्टर्नका रूपमा काममा लगाउने र जुनसुकै बखत नोकरीबाट हटाउने परिपाटीले नर्सिङ सेवामा श्रमशोषण बढ्दै गएको छ

(पृष्ठ ४)

सबै पेट्रोलियम पदार्थको पाइपलाइनबाटै छिट्टै ढुवानी



पाँच वर्षदेखि डिजेल मात्रै ढुवानी भइरहेको पाइपलाइनबाट सबै पेट्रोलियम आयात गर्न मिल्ने पूर्वाधार अमलेखगन्जमा तयार

दुई अर्बभन्दा बढी खर्चेर बनाइएको पूर्वाधार सञ्चालनमा आएपछि भारतबाट ट्यांकरमा तेल ओसार्नुपर्ने बाध्यतामा कमी आउने

(विस्तृत पृष्ठ ५)

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

सरकारी स्वामित्वका दुई ठुला जलविद्युत् विनासर्त व्यापारिक घरानालाई सुम्पिने प्रपञ्च

१९०२ मेगावाटको मुगु कर्णाली जलाशययुक्त र ४५४ मेगावाटको किमाथांका अरुण अर्धजलाशययुक्त परियोजनाका बहुमत सेयर लिन चौधरी समूह, मेडिकल व्यवसायी सुनील शर्मा र पर्यटन व्यवसायी उमेश श्रेष्ठ दौडधुपमा

मिलन विश्वकर्मा / नयाँ पत्रिका

सरकारी स्वामित्वको विद्युत् उत्पादन कम्पनी लिमिटेड (भियुसिएल) प्रवर्द्धक रहेको दुई ठुला जलविद्युत् आयोजनाको बहुमत सेयर अस्वाभाविक मापदण्ड राखेर ठुला व्यापारिक घरानालाई सुम्पिने प्रपञ्च सुरु भएको छ। एक हजार ९०२ मेगावाटको मुगु कर्णाली जलाशययुक्त र ४५४ मेगावाटको किमाथांका अरुण अर्धजलाशययुक्त आयोजनाको व्यवस्थापन नै निजी क्षेत्रको स्वामित्वमा जाने गरी ५१ प्रतिशत सेयर सुम्पिन लागिएको हो।

■ हतारमा कार्यविधि तयार, १५ दिन समय दिएर प्रस्ताव आह्वान गरेको पाँच दिनपछि मात्रै पूर्ण विवरण सार्वजनिक

■ सेयरधनी र सरकारको पूर्वसहमतिसमेत नलिई सेयर बेच्ने निर्णय

उक्त सेयर हत्याउन ठुला व्यापारिक घरानाको दौडधुप चलेको छ। स्रोतका अनुसार कांग्रेस नेतासमेत रहेका विनोद चौधरीको चौधरी समूह, मेडिकल व्यवसायी एवं कांग्रेस सांसद सुनील शर्मा र शिक्षा तथा पर्यटन क्षेत्रमा लगानी रहेका कांग्रेस नेता उमेश श्रेष्ठ यो दौडमा छन्। कांग्रेसबाट सांसददेखि मन्त्रीसम्म बनिसकेका श्रेष्ठलाई हालसालै सभापति शेरबहादुर देउवाले पार्टीको कोषाध्यक्षको जिम्मेवारी सुम्पिएका छन्। भियुसिएलले यिनै घरानाको लगानी रहेका शिक्षा, स्वास्थ्य र पर्यटनजस्ता विशिष्ट क्षेत्रलाई प्रस्तावको क्राइटेरिया (मापदण्ड) तोकेर दुवै आयोजनाको ५१ प्रतिशत सेयर खरिद गर्न २३ मंसिरमै प्रस्ताव आह्वान गरिसकेको छ। प्रस्ताव पेस गर्ने मिति ८ पुससम्मका लागि तोकिएको छ। तर, सेयर बिक्री गरेबापत सरकारले प्राप्त गर्ने

» पृष्ठ २ मा क्रमशः

■ सेयर साझेदारसँग रायसमेत नलिई बनाइयो स्वार्थ बाझिने मापदण्ड



मुगु, हुम्ला र बाजुरा जिल्लामा पर्ने १९०२ मेगावाटको मुगु कर्णाली जलाशययुक्त परियोजनास्थल



संखुवासभामा बन्ने ४५४ मेगावाटको किमाथांका अरुण जलविद्युत् परियोजनास्थल

● भियुसिएलले ऊर्जा क्षेत्रमै काम गरेका संस्थाका लागि पाँच अंक तोकेको छ। सेयर हत्याउन लागेका घरानालाई मध्यनजर गरेर शिक्षा, स्वास्थ्य र पर्यटन क्षेत्रलाई प्रस्तावको मापदण्ड तोकेर प्रस्ताव आह्वानमै चलखेल गरेको छ। प्राविधिक मूल्यांकनमा यी तीन क्षेत्रका कम्पनीले चार अंक पाउने उल्लेख छ। जब कि यीबाहेकका क्षेत्रका कम्पनीलाई तीन अंक मात्रै तोकिएको छ।

● ठुला परियोजनामा निजी क्षेत्रले सेयर किन्दा सरकारलाई निःशुल्क सेयर तथा विद्युत् दिनुपर्नेजस्ता सर्त राख्ने अभ्यास छ। फुकोट कर्णाली, पश्चिम सेती, अरुण तेस्रो र माथिल्लो कर्णालीको सेयर बेच्दा नेपालले निश्चित सेयर तथा विद्युत् निःशुल्क पाउने सर्त राखिएको थियो। तर, भियुसिएलले यसपटक यो अभ्यास पनि तोडेको छ।

● सेयर बेच्न हतारमा कार्यविधि बनाएर प्रस्ताव पेस गर्ने अवधि १५ दिन मात्रै राखिएन, प्रस्ताव आह्वान गरिएको आशयपत्रको पूर्ण विवरण पाँच दिनपछि सार्वजनिक गर्नुले चलखेललाई थप पुष्टि गरेको छ। भियुसिएलको १४ मंसिरमा बसेको सञ्चालक समिति बैठकले दुई परियोजनाको लगानी साझेदारी गर्नेसम्बन्धी कार्यविधि स्वीकृत गरेकोमा भोलिपल्टै दुवै परियोजनाको न्यूनतम ५१% सेयर बिक्री गर्ने प्रस्ताव आह्वान गर्ने निर्णय गरेको स्रोत बताउँछ। त्यसको एक सातापछि २३ मंसिरमा १५ दिनको समय मात्रै राखेर प्रस्ताव आह्वान गरिएकोमा आशयपत्र आह्वानको पूर्ण विवरण भने २८ मंसिरमा सार्वजनिक गरिएको थियो। कुनै परियोजनामा लगानी प्रस्ताव पेस गर्न १५ दिनको समय पर्याप्त नहुने लगानीकर्ताहरू नै बताउँछन्।

● भियुसिएलमा विद्युत् प्राधिकरण, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (एचआईडिसिएल), राष्ट्रिय जीवन बिमा कम्पनीको सेयर स्वामित्व छ। तर, यी सेयर साझेदारसँग सहमति त के रायसम्म नलिई भियुसिएल बोर्ड बैठकले दुई ठुला परियोजनाको बहुमत सेयर बेच्ने निर्णय र प्रक्रिया अघि बढाएको स्रोतको भनाइ छ। भियुसिएलले अर्थ मन्त्रालयलगायत सरकारी निकायको पनि पूर्वस्वीकृति लिएको छैन। जब कि यसअघि कम्पनीले फुकोट कर्णालीको ५१ प्रतिशत सेयर भारतीय कम्पनी एनएचपिसीलाई बिक्री गर्दाको समझदारीपत्र १२ जेठ ०८० को मन्त्रिपरिषद्बाटै स्वीकृत गराएको थियो।

■ देशभरका नेताहरूको भेलामा ओलीको सन्देश-

पूर्वराष्ट्रपति भण्डारी राजनीतिमा आउन चाहे छलफल हुन्छ

उहाँ (पूर्वराष्ट्रपति भण्डारी)ले फेरि सक्रिय राजनीति गर्न चाहेको हो भने बाहिर-बाहिर होइन, हामीसँग कुरा गर्नुहुन्छ, पार्टीसँग कुरा हुन्छ, किनभने उहाँलाई राष्ट्रपति पनि पार्टीले नै बनाएको हो। उहाँका बारेमा अरूले कुरा गर्नुपर्ने र बाहिर चर्चा गर्नुपर्ने होइन। राष्ट्रपति नै भइसकेको उहाँ त्यति अपरिपक्व व्यक्तित्व हो र ?

'मेरा लागि विष्णु पौडेल र शंकर पोखरेल बराबर'

बाहिर कसले के भन्छन्, कसका नाममा गुट बनाइन्छन्, तर एमालेमा अहिले कसैको गुट छैन। विष्णु पौडेलको पनि गुट छैन, शंकर पोखरेलको पनि गुट छैन। मेरा लागि दुवैजना बराबर हुन्। तपाईंहरू कोही पनि भ्रममा नपर्नुहोला।



नयाँ पत्रिका

प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी ओलीले पूर्वराष्ट्रपति विद्या भण्डारी पार्टी राजनीतिमा सक्रिय हुन चाहे यसलाई आफ्नो पार्टीले छलफलको विषय बनाउने बताएका छन्। पूर्वराष्ट्रपति भण्डारीले पार्टीको सर्वसम्मत भावी अध्यक्षका लागि रुचि राखिरहेको समाचार आइरहेका वेला प्रधानमन्त्री ओलीले पार्टीमा सक्रिय हुन चाहेको अवस्थामा जुनसुकै वेला आन्तरिक छलफल हुने स्पष्ट गरे।

'उहाँले फेरि सक्रिय राजनीति गर्न चाहेको हो भने बाहिर-बाहिर होइन, हामीसँग कुरा गर्नुहुन्छ, पार्टीसँग कुरा हुन्छ, किनभने उहाँलाई राष्ट्रपति पनि पार्टीले नै बनाएको हो,' आइतबार सम्पन्न

» पृष्ठ २ मा क्रमशः


■ त्रिविमा नियुक्ति

मेरिटोक्रेसीभित्र पनि भागबन्डा

सर्च कमिटीबाट सिफारिस तीनमध्ये एकजना नियुक्त गर्न सकिने व्यवस्थाअनुसार आइतबार आठ डिन नियुक्त, नियुक्तिका लागि अन्तिम समयमा दलीय सहमति




● **प्रा.डा. केशरजंग बराल,** उपकुलपति



विनियममा त्रिवि कार्यकारी परिषद्ले सर्च कमिटी गठन गर्ने र त्यो सर्च कमिटीले तीनजनाको नाम सिफारिस गर्ने व्यवस्था छ। तीनजनामध्येबाट एकजनालाई कार्यकारी परिषद्ले नियुक्ति गर्ने व्यवस्था पनि विनियमले गरेको छ। विनियमअनुसार नियुक्ति भएको छ। यसपटक कार्यकारी परिषद्ले बुद्धिमत्तापूर्वक काम गरेको छ।

● **प्रा.डा. तीर्थ खनियाँ,** पूर्वउपकुलपति



त्रिवि ऐन काफी छ, तर त्यसको कार्यान्वयन कति भन्ने मात्र हो। यसपटक डिन नियुक्ति गर्दा प्रधानमन्त्रीले भिसीलाई कमजोर बनाएको देखियो। किनभने उहाँले निर्देशन दिएपछि भिसी नियुक्त भए। त्रिविमा नियुक्ति प्रक्रिया व्यवस्थित गर्न चाहिने मुख्य आधार कानुन नै हो, भिसीले कार्यान्वयन गरे पुग्छ। थिति बसाल्न विनियमले सहयोगचाहिँ गर्छ।

शिवहरि घिमिरे / नयाँ पत्रिका

देशको सबैभन्दा पुरानो र ठुलो विश्वविद्यालय त्रिभुवन विश्वविद्यालयका डिन नियुक्तिमा विगतमा जस्तो देखिने गरी दलीय भागबन्डा नगरी पहिलोपटक नयाँ प्रक्रिया अपनाइएको छ। राजनीतिक रूपमा सिफारिस व्यक्ति नियुक्ति हुने परम्परा तोड्दै उपकुलपति प्रा.डा. केशरजंग बरालले त्रिविका विभिन्न आठ संकायमा प्रतिस्पर्धाका आधारमा डिन नियुक्त गरेका हुन्। यद्यपि, नियुक्ति गर्न अन्तिम समयमा दलीय सहमति जुटाइएको छ।

विगतमा मेरिटोक्रेसी भनिए पनि राजनीतिक भागबन्डाकै आधारमा डिन नियुक्त हुने परम्परा रोक्न उपकुलपति

» पृष्ठ २ मा क्रमशः

■ पहिलो नम्बरकैलाई नियुक्त गर्न चाहन्थे उपकुलपति, एमालेलाई मिलाउन तीनमध्ये एक ल्याइयो

उपकुलपति प्रा.डा. केशरजंग बरालले सर्च कमिटीले सिफारिस गरेकामध्ये पनि १ नम्बरमै रहेकालाई नियुक्ति गर्न चाहेका थिए। तर, कार्यकारी परिषद्का अन्य पदाधिकारीले नमानेपछि सिफारिसमा परेका तीनजनामध्ये एकलाई नियुक्त गरिएको छ। उपकुलपति, रेक्टर र रजिस्ट्रारसहितको कार्यकारी परिषद् हुन्छ। १ नम्बरमा मात्रै सिफारिस भएकालाई नियुक्ति गर्दा आफ्नो भागमा प्राध्यापक नपर्ने भएपछि एमालेले विरोध जनाएको थियो। तर, तीनमध्ये एकलाई नियुक्ति गर्दा प्रमुख तीन दलका चासोका व्यक्तिहरू परेका छन्। अहिले अपनाइएको प्रक्रिया मेरिटोक्रेसी नै मानिने त्रिवि प्रवक्ता यमनसिंह बोहराले बताए। विश्वविद्यालयको सावधिक पदमा नियुक्तिका आधार र मापदण्डसम्बन्धी विनियम, २०८१ मा सिफारिस तीनमध्ये एकजना नियुक्त गर्न सकिने व्यवस्था छ।

■ कुन संकायमा को डिन ?

१. व्यवस्थापन संकाय- प्रा.डा. महानन्द चालिसे। २. विज्ञान तथा प्रविधि संकाय- प्रा.डा. शंकरप्रसाद खनाल। ३. इन्जिनियरिङ संकाय- प्रा.डा. सुशीलबहादुर बज्राचार्य। ४. मानविकी तथा सामाजिक शास्त्र संकाय- प्रा.डा. दुवीनन्द ढकाल। ५. चिकित्साशास्त्र अध्ययन संस्थान- प्रा.डा. मोहनराज शर्मा। ६. कृषि तथा पशुविज्ञान- डा. किशोरचन्द्र दाहाल। ७. शिक्षाशास्त्र संकाय- प्रा.डा. वेदराज आचार्य। ८. वन विज्ञान अध्ययन संस्थान- डा. ठाकुर सिलवाल

■ तीन निर्देशक पनि नियुक्त

१. शिक्षा विकास तथा अनुसन्धान केन्द्र- डा. राजेन्द्र कुँवर। २. व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र- प्रा.डा. मीना राजभण्डारी। ३. त्रिवि योजना निर्देशनालय- डा. लक्ष्मीकान्त शर्मा

■ १०४ वर्ष पुरानो व्यापारिक घरानामा विरासतको विवाद

ज्योति ग्रुप विभाजन, पद्म ज्योतिको अलग्गै ग्रुप

नवीन अर्याल / नयाँ पत्रिका

सन् १९२० मा मणिहर्ष ज्योतिले स्थापना गरेको 'ज्योति ग्रुप' औपचारिक रूपमा विभाजन भएको छ। करिब १०४ वर्ष लामो पारिवारिक विरासत बोकेको देशकै पुरानोमध्येको एक ज्योति ग्रुप दाजुभाइ (पद्म र रूप) बिच सम्पत्ति बाँडफाँट र कम्पनीको नेतृत्व विवादले फुटेको हो।

लामो समयदेखिको सम्पत्ति विवाद उत्कर्षमा पुगेपछि उनीहरू विधिवत् रूपमा अलग-अलग भएका हुन्। आइतबार पद्म ज्योतिले अलग्गै 'पद्म ज्योति ग्रुप' घोषणा गरेका छन्। नयाँ समूहको लोगो पनि सार्वजनिक गरेका छन्। पद्म ज्योति अध्यक्ष रहेको ग्रुपमा संस्थापक सदस्य मीरा ज्योति (श्रीमती) र निर्देशकहरूमा सौरभ ज्योति (जेठा छोरा), सिर्जना ज्योति (जेठी बुहारी), सुहृद ज्योति (कान्छा छोरा) र आरती ज्योति (कान्छी बुहारी) रहेका छन्।

यसअघि ज्योति समूहको अध्यक्ष पद्म ज्योति थिए भने उपाध्यक्ष डा. रूप ज्योति थिए।

» पृष्ठ २ मा क्रमशः



● पद्म ज्योति ग्रुप घोषणा गर्दै अध्यक्ष पद्म ज्योतिले भने-

हरेक सूर्यास्तपछि नयाँ सूर्योदय हुन्छ

केही समयदेखि ज्योति परिवार पारिवारिक कम्पनीहरूको पुनर्संरचना र विभाजनको कठिन क्षणबाट गुज्रिरहेको धेरैलाई थाहा नै छ। पारिवारिक विवाद भनेको नेपाली समाजमा मात्र नभई संसारभरि हुने एक तथ्य हो। हरेक सूर्यास्तपछि नयाँ सूर्योदय हुन्छ। जुनसुकै चुनौतीपूर्ण अनुभवले पनि सिकाइको एक न एक बहुमूल्य अवसर प्रदान गरेको हुन्छ। हामी पद्म ज्योति परिवार एकबद्ध छौं र एकढिक्का भई सबै निर्णय गर्छौं। हामीले हाम्रो बाटो स्पष्ट छानेका छौं।

■ ज्योति ग्रुपका अध्यक्ष रूप ज्योति भन्छन्-

सबै नाफा हडप्ने सोच राखेर नयाँ समूह बनाएको हुन सक्छ



मेरो बिहे हुनेबित्तिकै अंशबन्डा भएको हो। बुबा-आमा, दाजु र मेरो नाममा बराबर सम्पत्ति रह्यो। तर, कारोबार अलग-अलग गरेमा कमजोर भइन्छ भनेर सगोलमै कारोबार गर्ने भनियो। परिवारका सबै कम्पनीमा बुबा, दाइ र मेरो समान हिस्सा रहने भयो। सबै कारोबार त्यही हिसाबले चल्दै आइरहेको थियो। पछि बुबाको सम्पत्ति आमाको हुँदै अविवाहित बहिनीको नाममा आयो। दाइ निजी क्षेत्रको राजनीति र हिमाल पावरतिर व्यस्त हुनुभयो। सबै कम्पनी मेरै सक्रियतामा चलिरहेका थिए।

नाफा हुने कम्पनीहरू दाइ र दाइका छोराहरूको नाममा थिए, पछि उनीहरूले आफ्नै भन्दै दाबी गर्न थाले। आम्दानी बाँडफाँट गर्न छाडियो। दायित्व बढी रहेका पुराना कम्पनी मेरोमा परेका थिए। उनीहरूले सम्पत्ति कब्जा गर्न थालेपछि बहिनी

» पृष्ठ २ मा क्रमशः

पूर्वराष्ट्रपति...

पृष्ठ १ बाट क्रमशः

केन्द्रीय संगठन विभागको कार्यशाला समापनमा ओलीको भनाइ उद्धृत गर्दै एक सहभागीले भने, 'उहाँका बारेमा अरूले कुरा गर्नुपर्ने र बाहिर चर्चा गर्नुपर्ने होइन । राष्ट्रपति नै भइसकेको उहाँ त्यति अपरिपक्व व्यक्तित्व हो र ?'

एमालेमा केही नेता-कार्यकर्ताले भण्डारीलाई सक्रिय राजनीतिमा आउन सुझाव दिइरहेका वेला ओलीले राष्ट्रपति भइसकेको व्यक्तिले पार्टी राजनीतिमा फर्किन चाहे परिपक्व ढंगले नै आउने बताए । पार्टीले पनि त्यसअनुसार नै सोच राखेर आन्तरिक छलफलको विषय बनाउने ओलीको भनाइ थियो । बाहिर आएका हल्लाका पछाडि भने नलाग्न उनले कार्यकर्तापंक्तिलाई सचेत गराए । भण्डारीले पार्टी राजनीतिमा फर्किन सक्ने आशयका अभिव्यक्ति र गतिविधि जारी राखेकी छिन् ।

ओलीले पार्टीभित्र उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेलका नाममा कुनै गुट नरहेको भन्दै दुवै नेता आफ्ना लागि बराबर रहेको बताए । 'अहिले कतिपयले विष्णु पौडेल र शंकर पोखरेलको गुट भन्छन् । तर, एमालेमा कसैको गुट छैन । मेरो गुट हुने कुरै भएन । मलाई सबै साथीहरूले सघाएकै छन्, सबै मेरा लागि बराबर हुन्,' ओलीको भनाइ उद्धृत गर्दै एक सहभागीले भने, 'बाहिर कसले के भन्छन्, कसका नाममा गुट बनाइन्छन्, तर एमालेमा अहिले कसैको गुट छैन । विष्णु पौडेलको पनि गुट छैन, शंकर पोखरेलको पनि गुट छैन । मेरा लागि दुवैजना बराबर हुन् । तपाईंहरू कोही पनि भ्रममा नपर्नुहोला ।'

पार्टीभित्र अघोषित रूपमा तलैसम्म पौडेल र पोखरेलका समूह सक्रिय रहेका वेला पार्टी अध्यक्ष ओलीले दुवैजना बराबर रहेको अर्थपूर्ण अभिव्यक्ति दिएका हुन् । जब कि एमालेमा पोखरेललाई ओलीनिकट नेता मानिन्छ ।

प्रधानमन्त्री ओलीले जनताको जीवनमा सकारात्मक परिवर्तन ल्याउन जस्तो परिस्थिति आउँछ, त्यसैगरी सामना गर्न सक्ने खालको श्रेष्ठता हासिल गर्न कार्यकर्तालाई आग्रह पनि गरे । चिनियाँ कम्युनिस्ट पार्टीको संघर्ष, सफलता र हाल चीनको तीव्र आर्थिक विकासलाई दृष्टान्तका रूपमा प्रस्तुत गर्दै अध्यक्ष ओलीले सबै कुरामा तयार भएर जनताको जीवनमा सकारात्मक परिवर्तन ल्याउन लाग्नुपर्नेमा जोड दिए । चिनियाँ कम्युनिस्ट पार्टीले केही पनि नभएको ठाउँबाट राज्यसत्तामा पुगेर श्रेष्ठता हासिल गर्दै अहिले चीनलाई आर्थिक रूपमा महाशक्ति राष्ट्र बनाएको उदाहरण प्रस्तुत गर्दै अध्यक्ष ओलीले त्यहाँ पार्टी नेतृत्वलाई कुनै पनि नेताले विरोध नगर्ने गरेको स्मरण गराए ।

प्रतिक्रियावादीले कम्युनिस्ट पार्टीलाई विभाजन गराएर राज गर्ने नीति लिए पनि पुष्पलाललले पार्टी एकताको प्रयास गरेको स्मरण गर्दै अध्यक्ष ओलीले आफूलाई जे लाग्यो, त्यही सही भन्ने प्रवृत्तिबाट मुक्त भई सही कुरा अपनाउने र त्यसमा अडिग रहने इमानदारीपन नेता-कार्यकर्तामा आवश्यक हुने बताए ।

महाकाली सुगर इण्डष्ट्रिज प्रा. लि.
बेलौरी न.पा.–१०, कञ्चनपुर ।

यस उद्योगबाट उत्पादित मोलासेस Rectified Spirit प्रति लिटर मुल्य रु १००/– तथा मोलासेस ENA प्रति लिटर मुल्य रु ११५/– ले मिति २०८१/०९/०१ देखि बिक्रि गरिने भएकोले सबैको जानकारीको लागि यो मुल्य सुची प्रकाशित गरीएको छ । यस मुल्यमा अन्तःशुल्क तथा मु.अ.कर समाबेस गरीएको छैन ।

सानिमा जुम हाइड्रोपावर लिमिटेड
का.म.न.पा. वडा नं. ४, धुम्बाराही, काठमण्डौ
फोन नं. ४३७३०३०, ४३७२८२८
Email: sanimajum@sanimahydro.com Website: www.sanimajum.com

चौथो वार्षिक साधारणसभा सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८१।०८।२१ गते

श्री शेयरधनी महानुभावहरू,

यस सानिमा जुम हाइड्रोपावर लिमिटेडको सञ्चालक समितिको मिति २०८१ मंसिर १२ गते बुधबार बसेको बैठकको निर्णयानुसार कम्पनीको चौथो वार्षिक साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरू उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयधनी महानुभावहरूको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

सभा हुने मिति, समय र स्थान

मिति : २०८१ पौष २१ गते आइतबार (५ जनवरी, २०२५) ।
समय : बिहान ११:०० बजे
स्थान : कम्पनीको कार्यालय, का.म.न.पा.-४, धुम्बाराही, काठमाडौं ।

छलफलका प्रस्तावहरू

१. सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२. कम्पनीको आ.व. २०८०/८१ को लेखा परीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्त सम्मको वासलात, नाफा/नोक्सान हिसाव विवरण, नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचीहरू समेत छलफल गरी पारित गर्ने ।
३. आ.व. २०८१/०८२ को लागि लेखा परीक्षकको नियुक्ती र पारिश्रमिक निर्धारण गर्ने ।
४. रिक्त सञ्चालक पदमा सञ्चालक समितिबाट भएको नियुक्ती अनुमोदन गर्ने ।
५. एक जना स्वतन्त्र सञ्चालक नियुक्ती गर्ने ।
६. विविध ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

जिरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जिरी, दोलखा
बागमती, प्रदेश

बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०५/०१

यस कार्यालय अन्तर्गत तपशिलमा उल्लेखित निर्माण कार्यको बोलपत्र आह्वान गर्नु पर्ने भएकोले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट Online Bidding गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

S. N	Cotract No.	Description of work	Bid Security	Cost of Bidding Document
1	JIRIMUN/BUILDING /2081-082/NCB-01	Construction Of Baudh Bhuneshwari Hostel Building at Jiri- 02, Dolkha	125,000.00	3,000.00
2	JIRIMUN/BUSPARK/ 2081-082/NCB-07	Construction of jiri Buspark at jiri- 05, Dolkha	1,010,000.00	5,000.00

प्रमुख प्रशासकीय अधिकृत

Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation
Sikta Irrigation Project
Nepalgunj, Banke

Invitation for Online Bids

First date of Publication: 2081/09/01 (16th Dec., 2024)

1. Department of Water Resources and Irrigation, Sikta Irrigation Project, Banke invites the online bids only under e-procurement system from eligible bidders for the works mentioned below under National Competitive bidding. All the information and documents can be obtained from PPMO's website www.bolpatra.gov.np/egp. Interested eligible bidders are requested to submit E-Bid only

S. N.	Contract No.	Bid Security Amount (NRs)	Cost of Bid Document (NRs)	Key Qualification
1.	SIP/CAD/DBC/NCB-05/081-82 (Construction of Dunduwa Branch Canal (Ch 1+429 to 6+975), Sikta Link Canal of WMC, Khajura and Manpur Sub-branch and their associated structures, Sikta Irrigation Project, Banke)	3,25,00,000	20,000	a. Avg. Annual Turnover: 625.80 million b. Similar nature contract: 751.00 million (at least one) c. Cash Flow (credit line): 104.30 million
2.	SIP/CAD/DBC/NCB-06/081-82 (Construction of Dunduwa Branch Canal (Ch. 6+975 to 23+400) and their associated structures, Sikta Irrigation Project, Banke)	3,25,00,000	20,000	a. Avg. Annual Turnover: 626.87 million b. Similar nature contract: 752.25 million (at least one) c. Cash Flow (credit line): 104.48 million
	Last Date & time of Bid Submission	: 2081/10/03 (16th Jan., 2025) (12:00 Noon)		
	Bid Opening date & time	: 2081/10/03 (16th Jan., 2025) (13:00 PM)		

2. Other things not mentioned in this notice will be accordance with the prevailing Public Procurement Act 2063 and Public Procurement Regulation 2064. (For further information contact no. 9858022496, 081-550570)

Project Director

सरकारी...

पृष्ठ १ बाट क्रमशः

लाभहानिको निर्क्योल नै नगरी निजी क्षेत्रलाई सुम्पिन खोजिएको देखिन्छ ।

'नेपाली नागरिक वा नेपाली नागरिक मात्र प्रवर्द्धक रहेको कम्पनी वा प्रचलित कानुनबमोजिम स्थापना भएको संगठित संस्था वा उक्त कम्पनीका संस्थापक सेयरधनीहरू अन्य कम्पनीहरूमा पाँच प्रतिशत वा सोभन्दा बढी सेयर भएमा त्यस्ता सेयरधनीहरूको सो कम्पनी तथा त्यस्ता कम्पनीका सहायक कम्पनीहरूको ऊर्जा, पर्यटन, शिक्षा, स्वास्थ्यलगायतको पूर्वाधार संरचनासम्बन्धी आयोजनामा गरिएको स्वपुँजी लगानी, वार्षिक कारोबार, नेटवर्थ (खुद सम्पत्ति) र विगत पाँच आर्थिक वर्षभित्र भएको नाफासम्बन्धी विवरणका साथै अधिकतम कर तिर्ने करदाता, सामाजिक सुरक्षा कोषमा योगदान गर्ने अधिकतम योगदानकर्ता र अधिकतम निर्यातकर्ताका रूपमा नेपाल सरकारबाट पुरस्कृत भएको भए सोसम्बन्धी प्रमाण पेस गर्नुपर्नेछ,' भियुसिएलले आह्वान गरेको प्रस्तावमा उल्लेख छ । ऊर्जा परियोजनाका लागि पर्यटन, शिक्षा, स्वास्थ्यसम्बन्धी सर्त उल्लेख गर्नु शंकास्पद देखिएको स्रोत बताउँछ ।

भियुसिएलले आह्वान गरेको आशयपत्रको मापदण्डमा प्राविधिक मूल्यांकन गर्दा ऊर्जा क्षेत्रकै कम्पनीले पाउने अंक ५ राखिएको छ । शिक्षा, स्वास्थ्य र पर्यटन क्षेत्रको कम्पनीलाई ४ अंक दिएकोमा यीबाहेक क्षेत्रबाट आउने कम्पनीलाई ३ अंक मात्रै तोकेको छ । यसमा स्वार्थ समूहसँग मिल्दोजुल्दो कम्पनीबाहेकले आवेदन दिँदा कमजोर मूल्यांकन हुने चलखेल गरिएको स्पष्टै बुझिन्छ ।

स्रोतका अनुसार स्वार्थ समूहको मुख्य चासो ४५४ मेगावाटको किमाथांका अरुण जलविद्युत् परियोजनामा छ । एक हजार ९०२ मेगावाटको मुगु कर्णालीलाई प्रस्ताव आह्वानमा मात्रै देखाइएको स्रोतले बतायो । 'सेयर लगानी गर्न कम्पनीको स्वार्थ मिल्दोजुल्दो मापदण्ड राखिएको छ । तर, सरकारले पाउने लाभबारे कुनै सर्त राखेको देखिँदैन । यसले सीमित व्यापारिक घरानालाई लक्षित गरेर सेयर बेच्न खोजिएको शंकामा बल पुग्ने देखिन्छ,' स्रोतले भन्यो ।

पूर्वसचिव दिनेश घिमिरे सेयर प्राप्त गर्ने कम्पनीसँग सरकारले पाउने लाभबारे सुनिश्चितता खोजिनुपर्ने बताउँछन् । 'परियोजनाले लगानी नपाएको अवस्थामा लगानीका लागि प्रस्ताव आह्वान गर्नु राम्रो हो । तर, परियोजनाको अध्ययन तथा लाइसेन्सलगायतका पूर्वतयारीमा भएको खर्चलाई कसरी व्यवस्थापन गर्ने ?' उनले भने, 'पहिला नै सर्त तोक्दा लगानी आकर्षण नहुन सक्ने ठानेको हो भने सरकारले वार्तावाट पनि सहमति खोज्न सक्छ ।'

भियुसिएलले सन् २०१८ मा एक हजार ९०२ मेगावाटको मुगु कर्णाली जलविद्युत् आयोजनाको सर्वेक्षण अनुमति पाएको थियो । ०७९ वैशाखमा मात्रै यस आयोजनाको पूर्वसम्भाव्यता सम्पन्न भएको थियो । भियुसिएलले आयोजनाको निर्माण अनुमति माग्दै ०८० असारमा विद्युत् विकास विभागमा आवेदन दिएको थियो । विभागबाट परियोजना निर्माणको अनुमति आउन बाँकी नै छ । यो परियोजना हुम्ला, बाजुरा र मुगु जिल्लामा पर्नेछ ।

त्यस्तै, संखुवासभामा बन्ने किमाथांका अरुण जलविद्युत् परियोजनाको निर्माणका लागि ०७९ असारमा विभागमा आवेदन दिएको थियो । तर, त्यसको निर्माण अनुमतिपत्र अझै आइपुगेको छैन ।

हालसम्म परियोजनाको अध्ययन, सर्भे, लाइसेन्स, पहुँचमार्ग निर्माणलगायतमा ठूलो खर्च भइसकेको छ । किमाथांकामा तीन सय रोपनी निजी जग्गा अधिकरण भइसकेको छ भने सरकारी जग्गा प्राप्ति हुन बाँकी छ । मुगु कर्णालीमा भने निजी जग्गाको मुआब्जा निर्धारण गरेर वितरणको तयारीमा छ । तर, उक्त खर्चलाई कसरी लाभमा प्राप्त गर्ने भनेर निश्चित व्यापारिक घरानालक्षित प्रस्तावमा कतै उल्लेख छैन । यद्यपि, किमाथांका अरुणका लागि ९० करोड ८१ लाख नौ हजार र मुगु कर्णालीका लागि ४८ करोड ७२ लाख ४३ हजार रुपैयाँ न्यूनतम कबोल मूल्य तोकिएको छ । त्यो आर्फैमा अपर्याप्त रहेको भियुसिएलकै अधिकारीहरू बताउँछन् ।

यी दुई परियोजनाको लागत पाँच खर्ब ५३ अर्ब ८० करोड रुपैयाँ रहने अनुमान गरिएको छ । किमाथांका अरुणको ९३ अर्ब ८० करोड र मुगु कर्णालीको चार खर्ब ६० अर्ब लागत अनुमान गरिएको छ । भियुसिएलले त्यसको लगानी २५ प्रतिशत स्वपुँजी र ७५ प्रतिशत ऋणमार्फत जुटाउने योजना बनाएको छ । त्यसअनुसार किमाथांका अरुणमा २३ अर्ब ४५ करोड र मुगु कर्णालीमा एक खर्ब १५ अर्ब स्वपुँजी हुनेछ । त्यसको न्यूनतम ५१ प्रतिशत लगानी गर्ने गरी प्रस्ताव पेस गर्नुपर्ने कम्पनीको सूचनामा उल्लेख छ । जसअनुसार किमाथांका अरुणमा ११ अर्ब ९५ करोड ९५ रुपैयाँ र मुगु कर्णालीमा २८ अर्ब ७५ करोड रुपैयाँ न्यूनतम स्वपुँजी प्रस्ताव गर्नुपर्ने देखिन्छ ।

विगतको अभ्यासविपरीत प्रस्ताव, जसमा चलखेलको गन्ध भेटिन्छ

ठुला परियोजनामा निजी साझेदार खोज्दा वा निजी क्षेत्रलाई सेयर दिँदा सर्त राख्ने विगतदेखिकै अभ्यास हो । त्यस्ता साझेदारले सरकारलाई निःशुल्क सेयर तथा निःशुल्क विद्युत् दिनुपर्नेलगायत सर्त राख्ने अभ्यास छ । विद्युत् उत्पादन कम्पनी लिमिटेड (भियुसिएल)ले भारतीय कम्पनी एनएचपिसीलाई ५१ प्रतिशत सेयर बिक्री गरिसकेको ४८० मेगावाटको फुकोट कर्णाली अर्धजलाशययुक्त परियोजनाको २१.९ प्रतिशत विद्युत् नेपालले पाउने सर्त छ । त्यस्तै, परियोजनाको अध्ययन, लाइसेन्स, सडक निर्माणलगायत शीर्षकमा भएको खर्चलाई संयुक्त लगानीको कम्पनीमा पुँजीकरण गर्ने सहमति पनि भएको थियो । त्यसमा स्थानीय तथा सर्वसाधारणलाई सेयर दिनुपर्ने मात्रै होइन, विद्युत्को बजार खोज्ने काम पनि एनएचपिसीकै रहने सर्त राखिएको थियो ।

त्यस्तै, एनएचपिसीले नै पाएको ८०० मेगावाटको पश्चिम सेती र ४५० मेगावाटको सेती नदी-६ जलविद्युत् आयोजनाबाट पनि नेपालले २१.९ प्रतिशत विद्युत् पाउने सर्त छ । भारतीय कम्पनी एसजेभिएनले पनि ९०० मेगावाटको अरुण तेस्रोबाट नेपाललाई २१.९ प्रतिशत विद्युत् निःशुल्क दिनेछ । भारतीय कम्पनी जिएमआरले अघि बढाएको ९०० मेगावाटको माथिल्लो कर्णालीबाट नेपाललाई २७ प्रतिशत सेयर र १२ प्रतिशत निःशुल्क बिजुली दिने सर्त छ । तर, विगतका यी अभ्यासविपरित विनाकुनै सर्त दुई ठुला परियोजना व्यापारिक घरानालाई सुम्पिन खोज्नु अस्वाभाविक देखिँदै छ ।

हतारमा कार्यविधि तयार, १५ दिन समय दिएर प्रस्ताव आह्वान गरेको पाँच दिनपछि मात्रै पूर्ण विवरण सार्वजनिक

हतारमा कार्यविधि बनाएर प्रस्ताव पेस गर्ने अवधि पनि १५ दिन मात्रै राखिएन, प्रस्ताव आह्वान गरिएको आशयपत्रको पूर्ण विवरण पाँच दिनपछि सार्वजनिक गर्नुले चलखेललाई थप पुष्टि गरेको छ । भियुसिएलको १४ मंसिरमा बसेको सञ्चालक समितिले एक हजार ९०२ मेगावाटको मुगु कर्णाली जलाशययुक्त र ४५४ मेगावाटको किमाथांका अरुण अर्धजलाशययुक्त परियोजनाको लगानी साझेदारी गर्नेसम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गरेको स्रोतले बतायो । त्यसको भोलिपल्टै अर्थात् १५ मंसिरमा सञ्चालक समितिले दुवै परियोजनाको न्यूनतम ५१ प्रतिशत सेयर बिक्री गर्ने प्रस्ताव आह्वान गर्ने निर्णय गरेको थियो । एक सातापछि २३ मंसिरमा १५ दिनको समय मात्रै राखेर प्रस्ताव आह्वान गरिएको थियो । यद्यपि, आशयपत्र आह्वानको पूर्ण विवरण भने २८ मंसिरमा मात्रै सार्वजनिक गरिएको थियो ।

कुनै परियोजनामा लगानी प्रस्ताव पेस गर्न १५ दिन समय पर्याप्त मानिँदैन । तोकिएको मापदण्ड पूरा गर्न र आवश्यक कागजपत्र तयार गर्न समय लाग्छ । त्यसमाथि कतिपय लगानीकर्ताले परियोजनाको स्थगलगत अनुगमन पनि गर्न चाहन्छन् । त्यसका लागि १५ दिन समय पर्याप्त नहुने एक व्यवसायीले बताए । १५ दिनको मात्रै समय दिएर प्रस्ताव आह्वान गर्नु शंकास्पद देखिएको उनको भनाइ छ । नजिकका कुनै कम्पनी तथा व्यक्तिलाई परियोजना सुम्पिने योजनासहित यो प्रस्ताव आह्वान गरिएको हुन सक्ने उनले बताए ।

'यसअघि नै कुनै कम्पनीलाई तयारी अवस्थामा राखिएको हुन सक्छ । उसलाई नै मिल्ने गरी मापदण्ड तोकिएको हुन सक्छ । प्रस्ताव आह्वान गर्दा अन्य कम्पनीलाई तोकिएको मापदण्ड तथा कागजपत्र पूरा गर्न समय लाग्न सक्छ । त्यो अवस्थामा नजिकको कम्पनीको मात्रै प्रस्ताव आउने सम्भावना धेरै हुन्छ, अन्य कम्पनीबाट प्रस्ताव आउने सम्भावना न्यून हुन्छ,' ती व्यवसायीले भने, 'यसो हुँदा यी परियोजना पनि नियोजित रूपमा सरकारनिटकका कम्पनीले पाउने जोखिम छ ।'

सेयरधनी र सरकारको पूर्वसहमतिसमेत नलिई सेयर बेच्ने निर्णय

विद्युत् उत्पादन कम्पनी लिमिटेड (भियुसिएल)मा नेपाल विद्युत् प्राधिकरण, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड, राष्ट्रिय जीवन बिमा कम्पनीको सेयर स्वामित्व छ । तर, यी सेयर साझेदारसँग सहमति त के रायसम्म नलिई भियुसिएल बोर्ड बैठकले दुई ठूला परियोजनाको बहुमत सेयर बेच्ने निर्णय र प्रक्रिया अघि बढाएको स्रोतको भनाइ छ । भियुसिएलले अर्थ मन्त्रालयलगायत सरकारी निकायको पनि पूर्वस्वीकृति लिएको छैन । कुनै कानुनी राय पनि नलिएको स्रोतले बतायो । जबकि यसअघि कम्पनीले फुकोट कर्णालीको ५१ प्रतिशत सेयर भारतीय कम्पनी एनएचपिसीलाई बिक्री गर्दाको समझदारीपत्र १२ जेठ ०८० को मन्त्रिपरिषद्बाटै स्वीकृत गराएको थियो ।

मेरिटोक्रेसीभित्र...

पृष्ठ १ बाट क्रमशः

प्रा.डा. बरालले यसपटक 'त्रिभुवन विश्वविद्यालय सावधिक पदमा नियुक्तिका आधार र मापदण्डसम्बन्धी विनियम, २०८१' जारी गरेका थिए । विनियममा नियुक्ति प्रक्रियामा सर्च कमिटी गठन गर्नैपर्ने र सिफारिस भएका तीनमध्येबाट एकजना गर्न सकिने व्यवस्था छ । यही प्रक्रियामार्फत आठ डिन नियुक्त भएका हुन् । प्रा.डा. बरालले त्रिविमा हुने राजनीतिक भागबन्डा र नियुक्ति थितिमा ल्याउन जेठमा विनियम तयार पारेका थिए । सो विनियमअनुसार सिफारिस समितिले तीनजना व्यक्तिको नाम सिफारिस गर्ने र सोहीअनुसार कार्यकारी समितिले नियुक्त गर्छ । विनियम बन्नुभन्दा पहिले नितान्त राजनीतिक भागबन्डा गरेर नियुक्त हुँदै आएका थिए ।

उपकुलपति प्रा.डा. बरालले विनियमअनुसार नै नियुक्त गरिएको बताए । 'विनियममा त्रिवि कार्यकारी परिषद्ले सर्च कमिटी गठन गर्ने र त्यो सर्च कमिटीले तीनजनाको नाम सिफारिस गर्ने व्यवस्था छ । सोही आधारमा तीनजना मध्येबाट एकजनालाई कार्यकारी परिषद्ले नियुक्ति गर्ने व्यवस्था पनि विनियमले गरेको छ । विनियमअनुसार नियुक्ति भएको छ । यसपटक कार्यकारी परिषद्ले बुद्धिमतापूर्वक काम गरेको छ,' उनले भने ।

तर, त्रिविका पूर्वउपकुलपति तीर्थ खनियाँले नियुक्तिमा विनियमभन्दा पनि कानुन नै काफी भएको बताउँदै थिति बसाल्न विनियमले सहयोग गर्ने बताए । 'त्रिवि ऐन काफी छ, तर त्यसको कार्यान्वयन कति भन्ने मात्र हो । यसपटक डिन नियुक्ति गर्दा प्रधानमन्त्रीले भिसीलाई कमजोर बनाएको देखियो,' उनले भने, 'किनभने, उहाँले निर्देशन दिएपछि भिसी नियुक्त भए । त्रिविमा नियुक्ति प्रक्रिया व्यवस्थित गर्न चाहिने मुख्य आधार कानुन नै हो, भिसीले कार्यान्वयन गरे पुग्छ ।'

त्रिविका प्रवक्ता यमनसिंह बोहराले विनियमले नियुक्तिमा हुने राजनीतिक भागबन्डा अन्त्य गरेको दाबी गरे । 'सावधिक पद नियुक्तिसम्बन्धी विनियम, ०८१ यसपटक मात्रै जारी भयो, यो निकै महत्त्वपूर्ण काम हो । उपकुलपतिज्यूले नियम मिच्न खोज्नुभएको छैन । दीर्घकालीन रूपमा नियमसंगत बनाउन मापदण्ड नै तय गर्नुभएको छ,' उनले भने ।

आइतबार बसेको उपकुलपति, रेक्टर र रजिस्ट्रारसहितको कार्यकारी परिषद् बैठकले विनियमअनुसार नै सर्च कमिटीबाट आएका नामावलीमध्येबाट डिन नियुक्ति गरेको हो । त्रिवि ऐनमा पनि मेरिटोक्रेसीका आधारमा डिन नियुक्ति गर्नुपर्ने व्यवस्था छ । तर, विनियम नबन्दा त्यसको कार्यान्वयन हुन सकेको थिएन । अब भने विनियम मिचेर नियुक्ति नगरिने प्रवक्ता बोहराले बताए ।

कार्यकारी परिषद्ले कुन संकायमा कुन व्यक्ति नियुक्त गर्ने भन्ने विषय शनिबार नै टुंग्याएको थियो । आइतबार नियुक्त डिन सोमबारदेखि कार्यालयमा हाजिरी हुनुपर्नेछ ।

गत बिहीबार बसेको त्रिविसभाको साधारण बैठकमा उपकुलपतिले डिन नियुक्ति नगरेको भन्दै विरोध भएको थियो । त्यही बैठकमा कुलपतिसमेत रहेका प्रधानमन्त्री केपी ओलीले ७ पुससम्मको अल्टिमेटम दिँदै डिन नियुक्ति गर्न भनेका थिए । एमालेले भाग खोजेका कारण नियुक्तिमा ढिलाइ भएको समाचारपछि ओलीले समयसीमा तोकेका थिए ।

ज्योति...

पृष्ठ १ बाट क्रमशः

दाजुभाइबिच सम्पत्ति र कम्पनीको नेतृत्वको विवादमा ३३ प्रतिशत हिस्सेदार रहेकी बहिनी कमलाले रूप ज्योतिलाई साथ दिएपछि पद्म ज्योति अल्पमतमा परे । रूपले पद्मलाई विभिन्न कम्पनीहरूको अध्यक्षबाट हटाउँदै गएको आरोप छ । पद्म र रूपको परिवारिक किचलो प्रहरी, अदालतदेखि मिडियासम्म पुगेको थियो ।

तीन दशकअघि मणिहर्ष बितेपछि पद्मले ग्रुपको नेतृत्व गर्दै आएका थिए । तर, पछिल्लो समयको विवाद उत्कर्षमा पुगेपछि पद्मले छुट्टै ग्रुप खडा गरे । आइतबार नयाँ समूहको घोषणा कार्यक्रममा पद्मले भने, 'पद्म ज्योति ग्रुप उत्पत्ति गरेसँगै एउटा चर्चित विरासतको नयाँ अध्याय सुरुवात भएको छ, एक शताब्दीभन्दा लामो ज्योति ग्रुपको मार्गदर्शक सिद्धान्तको रूपमा जीवित रहेको आस्था, नवीनता र उत्कृष्टतालाई यथावत् राखी नयाँ बाटो कोरेका छौं ।'

ज्योति ग्रुपका हिमाल आइरन एन्ड स्टिल, हिमाल वायर, हिमाल अक्सिजन, भाजुरत्न इन्जिनियरिङ, भाजुरत्न फर्मा, स्याकार कम्पनी, जय स्पिनिङलगायत कम्पनीमा पद्म, रूप र कमलाको समान ३३ प्रतिशत सेयर हिस्सा छ । बहिनी कमलाको साथ लिएर रूपले आफूलाई कम्पनीको नेतृत्वबाट हटाउँदै गएको पद्मको आरोप छ । यी कम्पनीमा आफूहरूको (फुपूको सहित) दुईतिहाइ र पद्म परिवारको एकतिहाइ हिस्सेदारी रहेको रुपका छोरा अभिक ज्योतिले बताए ।

'केही समयदेखि ज्योति परिवार पारिवारिक कम्पनीहरूको पुनर्संरचना र विभाजनको कठिन क्षणबाट गुज्रिरहेको धेरैलाई थाहा छ । पारिवारिक विवाद भनेको नेपाली समाजमा मात्र नभई संसारभरि हुने एक तथ्य हो,' पद्मले भने, 'हरेक सूर्यास्तपछि नयाँ सूर्योदय हुन्छ, ज्योति परिवार आशावादी छ कि यसले पनि चाँडोभन्दा चाँडो एउटा सर्वहितकारी निकास प्राप्त गर्ने नै छ । हाम्रो पद्म ज्योति परिवारमा पाँच वर्षअघि नै पारिवारिक विधान बनाएका छौं ।



जसले हामीलाई उचित मार्गदर्शन दिन महत्त्वपूर्ण भूमिका खेलेको छ । हामी पद्म ज्योति परिवार एकबद्ध छौं र एकढिक्का भई सबै निर्णय गर्छौं । हामीले हाम्रो बाटो स्पष्ट छानेका छौं ।'

पद्म ज्योति ग्रुपले स्याकार ट्रेडिङ कम्पनीमार्फत अटोमोटिभ बाहनहरू आपूर्ति, हिमाल मोटो कम्पनीबाट उद्योग सञ्चालन, स्याकार हायर पर्चेज कम्पनीमार्फत वित्तीय सेवा, सन् इन्टरनेसनल कम्पनीबाट खाद्यान्न क्षेत्र र ब्हाइट हैट कम्पनीहरूमार्फत सेवा र प्रविधि क्षेत्रमा प्रभावकारी प्रगति गर्ने पद्म ज्योतिले बताए । भाजुरत्न कंसाकार नेपालको पहिलो बैंक, नेपाल बैंक लिमिटेडबाट कर्जा लिने पहिलो ग्राहक रहेको उनको भनाइ छ । उनले भने, 'हाम्रा संस्थापक भाजुरत्नले बैंकिङ कर्जा भनेको व्यवसायीहरूका लागि आधुनिक युगमा एउटा स्रोत हुने देखाउनुभएको थियो ।'

सौरभ ज्योतिले शताब्दी पुरानो व्यावसायिक घराना ज्योति परिवारको पाँचौं पुस्ता पनि व्यवसायमा जोडिने वेला आइसकेको बताए । 'परिवार टुट् दा धेरै दुःख लागेको छ, तर यसबाट पाठ सिकेर हामी व्यवसाय विस्तार गर्दै अगाडि बढ्नेछौं,' उनले भने, 'हामी परिवारको मूल्य र मान्यतालाई आत्मसात गर्दै नयाँ गन्तव्यतर्फ उडान भर्नेछौं । हामी महत्त्वपूर्ण परिवर्तनको मुडमा छौं ।' उनले हजुरबुवा मणिहर्षसँग लामो समय बिताउने मौका पाएको स्मरण गर्दै उहाँबाट धेरै कुरा सिक्ने मौका पाएको बताए । दुई परिवारबिच केही समस्याहरू रहेको स्वीकार गर्दै उनले अब नयाँ अध्याय सुरु गर्ने चरणमा रहेको बताए ।

'विश्वकै चर्चित कोडाक हरायो, फ्याक्स मेसिन, टेलिग्राम, पेजर अहिले अस्तित्वमा छैनन्, यसैले समयअनुसार अगाडि बढ्न सक्नुपर्छ,' सौरभले भने, 'अब यी उदाहरणबाट पाठ सिकेर नयाँ ढंगबाट पद्म ज्योति ग्रुपलाई अगाडि बढाउनुपर्छ । उनले पद्म ज्योति समूह व्यवसाय विस्तारमा बिजुली गतिमा अगाडि बढ्ने बताए । उनले भने, 'हाम्रो समूहले ट्रेडिङसँगै उत्पादनशील उद्योगमा पनि लगानी गरिरहेको छ, हामी देशमा अझ बढी रोजगारी सिर्जना र उद्यमशीलता विकास गर्न चाहन्छौं ।'

सबै नाफा...

पृष्ठ १ बाट क्रमशः

र मलाई पनि चिन्ता हुन थाल्यो । अनि बहिनी र मेरो नाममा रहेको ६६.६ प्रतिशत हिस्साको समर्थनसहित ज्योति ग्रुपको अध्यक्ष म बनेको हुँ । कम्पनीमा बहिनीले जसलाई समर्थन गर्छिन्, उनकै बहुमत हुने गर्छ ।

अहिले दाइको परिवारले नयाँ समूह घोषणा गरेको सुनियो । फेरि मेरो र बहिनीको स्वामित्व रहेका कम्पनीहरू पनि त्यहीँ राखिएको छ । ज्योति ग्रुपमा म अध्यक्ष छु, यी सबै ज्योति समूहका कम्पनी हुन् । आफ्नो हुन त शतप्रतिशत स्वामित्व हुनुपर्ला । होन्डा बिक्री गर्ने स्याकार कम्पनी दाइको परिवारको नाममा भए पनि नैतिक रूपमा ज्योति समूहको हो । म उनीहरूले हडपेको भन्छु । उनीहरूले छुट्टै गरेको भनेको आइसक्रिमको व्यापार मात्र हो । अरू केही छैन । यी सबै सगोलमा चलेका कम्पनी हुन् । नत्र ४५ वर्ष एक्लै हाँकेका कम्पनी सबै मेरा हुन भन्थें हुँला नि ।

मलाई लाग्छ, पद्म ज्योति ग्रुप घोषणा गर्नु भनेको ज्योति ग्रुपको दायित्वबाट पन्छिन खोजेको हुन सक्छ । राम्रा कम्पनी आफैं राखेर सबै आम्दानी हडप्ने सोच हुन सक्छ । होन्डाको आम्दानी आफैं राख्न खोजेको देखिन्छ । सगोलका बिजनेस सबै नयाँ ग्रुपमा राखिएको छ । सगोलका बिजनेस हडप्न खोजेपछि विवाद कहाँबाट सल्टिन्छ ? दाइ र दाइका छोराहरू मिलेर २२१ वटा मुद्दा हालेका छन् । ८५/९० प्रतिशत मुद्दा हारिसके । अर्को समूह घोषणा गरेर मात्र समाधान हुने होइन, समस्या यथावत् छ । हाम्रोमा आम्दानी गर्ने कम्पनी छैनन् । त्यो हिसाबले अलग्गिन खोजेका होलान् । यहाँ समस्या भन् बल्झिएको छ ।

शेखर समूहलाई महाधिवेशन ढिलाइको संशय

कांग्रेसमा सबै तहका पदाधिकारी तथा सदस्यहरूको पदावधि चार वर्षको भए पनि विधानको धारा ४३ अनुसार असाधारण स्थिति देखाएर संस्थापन पक्षले एक वर्ष समयावधि थप गर्न सक्ने डर

■ शेखर समूहको बढ्दो सक्रियता

● २ कात्तिक : कोइरालानिकट युवा नेताहरूको नेतृत्वमा १० बुँदे एजेन्डासहित ४ मंसिरसम्म मेची-महाकाली 'युवा संकल्प यात्रा'

● १८ मंसिर : विराटनगरमा कोइराला समूहको पालिका सभापतिहरूको भेला। भेलामार्फत आफू १५औँ महाधिवेशनमा सभापतिका लागि देश दौडाहा सुरु भएको घोषणा

● २७ मंसिर : अनामनगरमा सम्पर्क कार्यालय खोलेर औपचारिक दबाब अभियानको थालनी



केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

कांग्रेस संस्थापनइतर समूहनिकट नेताहरूले बिहीबार अनामनगरमा '१५औँ महाधिवेशनकेन्द्रित सम्पर्क कार्यालय' खोले। सम्पर्क कार्यालयमार्फत औपचारिक दबाब अभियानमा गुरुराज घिमिरे, डा. चन्द्र भण्डारी, देवराज चालिसे, सरिता प्रसाईं, हृदयराम थानीलगायत नेता शेखर कोइरालानिकट नेताहरू जोडिएका छन्।

अभियानको नेतृत्व गरेका घिमिरेले पार्टीले कुनै तयारी नगरेपछि ०८२ मंसिरभित्र महाधिवेशन सम्पन्न गराउन केन्द्रीय समितिमार्फत दबाब दिन अभियान थालिएको बताए। अभियानअन्तर्गत तत्काल कार्यतालिका बनाएर महाधिवेशनको प्रक्रिया थाल्न दबाब दिइने उनको भनाइ छ। अभियानअन्तर्गत तल्लो तहबाट दबाब बढाउन अन्तर्क्रिया, पार्टीको निर्वाचन प्रणालीलगायतका बारेमा बहस सिर्जना गर्ने तयारी छ।

'विधानको व्यवस्थाअनुसार ०८२ मंसिरमा पार्टीको महाधिवेशन हुनुपर्छ। अहिले म्याद थपका लागि कुनै विशेष परिस्थिति पनि छैन। महाधिवेशनका लागि राजनीतिक र सांगठनिक पूर्वाधार तयार हुनुपर्ने हो, तर त्यसका लागि केन्द्रीय समिति अग्रसर भएको देखिएन,' उनले भने, 'व्यावहारिक तदारुकताविना भनेर मात्रै महाधिवेशन हुँदैन। कार्यतालिका बनाएर प्रारम्भिक गतिविधि सुरु गर्न केन्द्रीय समितिमार्फत दबाब बढाउन लागेका छौं। हामी पार्टीलाई सुझाव र दबाब दिन्छौं। अभियान गुटगत होइन।'

पछिल्लो समय शेखर-गगन समूहमा दरार छ। लामो समयदेखि यो समूहको बैठकसमेत बस्न सकेको छैन। तल्लो तहका नेताहरू भने दुई नेतालाई जुटाउन सक्रिय छन्। महामन्त्री थापा पछिल्लो समय मौन बनेपछि कोइरालाले १५औँ महाधिवेशनमा सभापतिका लागि देशदौडाहा सुरु भएको घोषणा गरेका छन्। पछिल्लो गतिविधि हेर्दा कोइराला समूहले महाधिवेशनको प्रक्रिया थाल्न ढिलाइ भएको भन्दै विभिन्न गतिविधि गरिरहेको छ।

गत २ कात्तिकमा कोइरालानिकट युवा नेताहरूको नेतृत्वमा १० बुँदे एजेन्डासहित ४ मंसिरसम्म मेची-महाकाली 'युवा संकल्प यात्रा' गरिएको थियो। अभियानमा संलग्न नेताहरूका अनुसार कोइरालाका पक्षमा माहोल बनाउन अभियान थालिएको थियो। तर, अभियानमा संलग्नहरू कोइरालाको योजनाअनुसार नै महाधिवेशनकेन्द्रित अभियान रहेको दाबी गर्छन्। 'अभियान १५औँ महाधिवेशनलाई दबाब दिन लक्षित थियो,' कोइरालानिकट एक नेताले भने। अभियान संयोजक भूपेन्द्रजंग शाही भने यसलाई इन्कार गर्छन्। 'हामीले गुट विशेषको स्वार्थमा अभियान गरेका थिएनौं। हामीलाई आरोप लाग्यो, तर कार्यक्रम समापनसम्ममा गुटगत गन्ध कहीं पनि देखिएन,' उनले भने।

महाधिवेशनका लागि दबाब दिन गत २२ मंसिरमा कांग्रेसको कोशी प्रदेश सम्मेलनलाई टक्कर दिने गरी कोइरालाले आफ्नो गृहनगर विराटनगरमा १८ मंसिरमा पालिका सभापतिहरूको भेला राखेका थिए। भेलामा कोइरालाले आफू ०८२ को महाधिवेशनमा सभापति उम्मेदवार बन्ने र त्यसका लागि अभियान सुरु भएको घोषणा गरे। महामन्त्री थापानिकट नेताहरूको कोइरालाको भेलामा सहभागी थिएनन्। कांग्रेसले २४ मंसिरमा विराटनगरमै गरेको कोशी प्रदेशस्तरीय भेला कोइरालाले बहिष्कार गरे। भेलामा महामन्त्री थापाले कोइरालाले बोलाएको भेला सही नभएको टिप्पणी गरेका थिए।

विधानको धारा १७ को व्यवस्थाअनुसार ०७८ मंसिरमा १४औँ महाधिवेशन भएको कांग्रेसको नियमित रूपमा १५औँ महाधिवेशन ०८२ मा हुनुपर्ने हुन्छ। यसबाहेक असाधारण परिस्थितिमा एक वर्ष बढाउने विधानमा व्यवस्था छ। 'पार्टीका सबै तहका पदाधिकारी तथा सदस्यहरूको पदावधि चार वर्षको हुनेछ। असाधारण स्थिति भएमा केन्द्रीय कार्यसमितिले सोको कारण खोली बढीमा एक वर्षसम्मको अवधि बढाउन सक्नेछ,' धारा ४३ मा भनिएको छ। यही व्यवस्थाका कारण संस्थापन समूहले एक वर्ष समयावधि थप्ने संशय शेखर समूहलाई छ।

संस्थापन समूहका नेता एनपी साउद ०८२ मै महाधिवेशन हुने अवस्था देख्दैनन्। महाधिवेशनका लागि आवश्यक संगठनात्मक गतिविधि पर्याप्त नभएको उनको निष्कर्ष छ। भएका गतिविधिलाई पनि महाधिवेशनकेन्द्रित भन्न नमिल्ने उनले बताए। 'कांग्रेस विधानमा चार वर्षमा महाधिवेशन गर्नुपर्ने व्यवस्था छ, तर प्रायः एक वर्ष थप गरेर पाँच वर्षमा महाधिवेशन सम्पन्न हुने गरेका छन्। अहिले पनि पार्टीले सदस्यता नवीकरणको काम जुन गतिमा हुनुपर्ने हो, त्यसो भइरहेको छैन। नयाँ सदस्यता वितरणको काम भइरहेको छैन,' उनले भने, 'पार्टीका केही गतिविधिले महाधिवेशनका लागि सांगठनिक प्रक्रिया पूरा गर्न लागिरहेको भान हुन्छ, तर यसलाई महाधिवेशनकेन्द्रित गतिविधि भन्न मिल्दैन,' उनले भने।



● एनपी साउद
केन्द्रीय सदस्य, कांग्रेस

कांग्रेस विधानमा चार वर्षमा महाधिवेशन गर्नुपर्ने व्यवस्था छ, तर प्रायः एक वर्ष थप गरेर पाँच वर्षमा महाधिवेशन सम्पन्न हुने गरेका छन्। अहिले पनि पार्टीले सदस्यता नवीकरणको काम जुन गतिमा हुनुपर्ने हो, त्यसो भइरहेको छैन। नयाँ सदस्यता वितरणको काम भइरहेको छैन। पार्टीका केही गतिविधिले महाधिवेशनका लागि सांगठनिक प्रक्रिया पूरा गर्न लागिरहेको भान हुन्छ, तर यसलाई महाधिवेशनकेन्द्रित गतिविधि भन्न मिल्दैन।



● गुरुराज घिमिरे
युवा नेता, कांग्रेस

विधानको व्यवस्थाअनुसार ०८२ मंसिरमा पार्टीको महाधिवेशन हुनुपर्छ। अहिले म्याद थपका लागि कुनै विशेष परिस्थिति पनि छैन। महाधिवेशनका लागि राजनीतिक र सांगठनिक पूर्वाधार तयार हुनुपर्ने हो, तर त्यसका लागि केन्द्रीय समिति अग्रसर भएको देखिएन। व्यावहारिक तदारुकताविना भनेर मात्रै महाधिवेशन हुँदैन। कार्यतालिका बनाएर प्रारम्भिक गतिविधि सुरु गर्न केन्द्रीय समितिमार्फत दबाब बढाउन लागेका छौं। हामी पार्टीलाई सुझाव र दबाब दिन्छौं। अभियान गुटगत होइन।

पत्रकार महासंघको अध्यक्षमा शर्मा निर्वाचित


निर्मला शर्मा
अध्यक्ष


दीपक आचार्य
वरिष्ठ उपाध्यक्ष


नितु पण्डित
उपाध्यक्ष (महिला)


उमिदप्रसाद बागचन्द
उपाध्यक्ष (समावेशी)


रामप्रसाद दाहाल
महासचिव


रमेश खतिवडा
सचिव (खुला)


सोनी शर्मा
सचिव (महिला)


सविन प्रियासन
सचिव (आ.ज.)


अशोककुमार तिवारी
सचिव (मधेशी)


प्रकाश धौलाकोटी
सचिव (दलित)


वैकुण्ठराज पराजुली
सचिव (एसोसिएट)


रामकृष्ण अधिकारी
कोषाध्यक्ष

नयाँ पत्रिका

नेपाल पत्रकार महासंघको सात दशकको इतिहासमा पहिलो महिला अध्यक्षका रूपमा निर्मला शर्मा निर्वाचित भएकी छिन्। प्रेस चौतारी र प्रेस युनियन प्यानलबाट चार हजार २८२ मत प्राप्त गरी उनी अध्यक्ष निर्वाचित भएकी हुन्। उनका निकटतम प्रतिद्वन्द्वी प्रेस सेन्टर र विद्रोही प्रेस युनियन, समाजवादी प्रेस संगठन प्यानलका रमेश विष्टले तीन हजार २०३ मत पाए।

शर्मा नेतृत्वको चौतारी र युनियन प्यानलबाट अध्यक्षसहित ११ पदाधिकारी र पाँच केन्द्रीय सदस्य निर्वाचित भएका छन्। शर्मा प्यानलबाट वरिष्ठ उपाध्यक्षमा दीपक आचार्य, समावेशी उपाध्यक्षमा उमिद बागचन्द, महिला उपाध्यक्षमा नितु पण्डित, महासचिवमा रामप्रसाद दाहाल निर्वाचित भएका छन्। आचार्यले चार हजार २३०, बागचन्दले चार हजार २९२, पण्डितले चार हजार ७०५, दाहालले चार हजार ८४ मत पाए।

खुला सचिवमा रमेश खतिवडा, समावेशी सचिव सविन प्रियासन, मधेसी सचिव अशोककुमार तिवारी, महिला सचिव सोनी शर्मा, दलित सचिव प्रकाश धौलाकोटी, एसोसिएट सचिव वैकुण्ठ पराजुली र लेखा संयोजकमा केसी लामिछाने विजयी भएका छन्। कोषाध्यक्षमा भने प्रेस सेन्टर, विद्रोही प्रेस युनियन र समाजवादी प्रेस संगठन प्यानलबाट रामकृष्ण अधिकारी निर्वाचित भएका छन्। खुला सदस्यतर्फ शर्मा प्यानलबाट लवदेव ढुंगाना, मुकुन्दप्रसाद भण्डारी, रामेश्वर कार्की, भूपेन्द्र आचार्य र छविलाल तिवारी मतसहित विजयी भएका छन्।

भूगोलतर्फ शर्मा प्यानलबाटै कोशीमा कमलमणि रिमाल र शंकर खरेल, मधेश प्रदेशमा राजेशकुमार कर्ण, बागमती प्रदेशमा नवराज पथिक र नारायण अधिकारी, गण्डकी प्रदेशमा कृष्ण केसी र केबी राना, लुम्बिनीबाट विकास बन्जाडे र रामराज पोखरेल, कर्णाली प्रदेशबाट तुलराम पाण्डे र नगेन्द्रप्रसाद उपाध्याय, सुदूरपश्चिमबाट योगेन्द्रबहादुर बलायर र सुरेश पन्त, प्रतिष्ठानबाट सविता शर्मा, एसोसिएट्सबाट पवित्रा मुडभरी, महिला मधेशीबाट रुविकुमारी रौनियार, आदिवासीबाट माला मालुङ्वा, खसआर्यबाट लीला शाह योगी, दलितबाट सिकेन्द्र पासवान, दलित महिला, आदिवासी जनजातितर्फ भरत जर्घामगर, आदिवासी जनजाति महिला देवी घर्तीमगर, मधेशीबाट राजकरण महतो, मधेशी महिला ललिता साह, अपांगता भएका समूहबाट भूपराज बस्याल, अल्पसंख्यकबाट लक्ष्मण थामी र लेखा सदस्य केशवप्रसाद बोहरा निर्वाचित भएका छन्। त्यस्तै, विष्ट नेतृत्वको प्यानलबाट कोषाध्यक्ष अधिकारीसँगै कोशी प्रदेशमा राजु विश्वकर्मा, प्रतिष्ठानबाट वीरेन्द्र ओली, उपत्यकाबाट सूर्य सुवेदी र अर्जुन पन्त, रीता बुढाथोकी केन्द्रीय सदस्य निर्वाचित भएका छन्। दुवै प्यानलमा नपरेकी मनुका कुँवरले स्वतन्त्र हैसियतमा एसोसिएट्सबाट केन्द्रीय सदस्य जितेकी छिन्।

संक्षेप

समाजवादी मोर्चा गठन अपरिपक्व अभ्यास : खनाल



काठमाडौं/ एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालले समाजवादी मोर्चा गठन अपरिपक्व अभ्यासबाहेक केही नभएको दाबी गरेका छन्। पार्टी कार्यालय मीनभवनमा आइतबार बसेको स्थायी कमिटी बैठकमा तत्कालीन कार्ययोजनासहितको प्रस्ताव प्रस्तुत गर्दै खनालले समाजवादी मोर्चा नै बनाउने हो भने सबैभन्दा पहिले वैज्ञानिक समाजवादको कार्यक्रममा सहमति हुनुपर्ने आवश्यकता औंल्याएका छन्। 'विभाजित वाम समूहहरूलाई एकताबद्ध गर्नुपर्छ भन्ने नाउँमा केही समयअघि समाजवादी मोर्चा बनाउने प्रयत्न पनि देखापऱ्यो। त्यो एउटा अपरिपक्व अभ्यासबाहेक केही थिएन,' उनले भनेका छन्, 'कुनै पनि मोर्चा वा कार्यगत एकता निश्चित लक्ष्यका आधारमा बन्छ। समाजवादी मोर्चा बन्नेबित्तिकै समाजवादी कार्यक्रम र त्यसलाई प्राप्त गर्ने मुख्य कार्यदिशामा एकरूपता हुनैपर्छ।'

खनालले समाजवादको कार्यक्रममा सहमति भएपछि बन्ने मोर्चा भने प्रभावकारी हुने दाबी गरे। 'यतिवेला समाजवादी मोर्चा बनाउने आत्मगत परिस्थिति विकसित भएको देखिँदैन। परिस्थिति परिपक्व भयो भने फेरि बनाउन नसकिने भन्ने पनि हुँदैन,' उनले भने। ४ असार ०८० मा समाजवादी मोर्चा घोषणा भएको थियो। सुरुमा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल मोर्चाका संयोजक थिए। १२ फागुनबाट नेकपाका महासचिव नेत्रविक्रम चन्द्र विप्लव मोर्चाको संयोजक छन्। पछिल्लो समय मोर्चा निष्क्रिय छ। उपेन्द्र यादव नेतृत्वको जसपा नेपाल मोर्चाबाट बाहिरिएको छ भने महिन्द्रराय यादव नेतृत्वको नेसपा भित्रिएको छ। मोर्चामा चारवटै दलका शीर्ष नेताहरू सम्मिलित भए पनि खनाल भने छैनन्। खनालले वामपन्थी समूहहरूमा कार्यक्रम, कार्यदिशा, मार्गदर्शन सिद्धान्त, संयुक्त मोर्चा वा कार्यगत एकताजस्ता अहं महत्वका सवालहरूमै मतभिन्नता देखिएको बताएका छन्।

दुर्घटनामा बाबुछोरीको मृत्यु

बर्दिया/ गुलरियामा स्कुटर दुर्घटनामा परी बाबुछोरीको मृत्यु भएको छ। मृत्यु हुनेमा गुलरिया नगरपालिका- ६ बस्ने ३७ वर्षीय रामकुमार साह र उनकी ६ वर्षीया छोरी विद्या साह छन्। पुरानो ट्राफिक कार्यालयनजिक हुलाकी सडकमा रोकिराखेको ट्र्याक्टरमा ठोकिँदा उनीहरूको मृत्यु भएको हो। स्कुटरमा सवार मृतक रामकुमारकी श्रीमती रुबी साह र दुई वर्षका छोरा प्रिन्स साह घाइते भएका छन्। उनीहरूको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ। घाइते दुवैजनाको बर्दिया अस्पतालमा उपचार भइरहेको छ। रामकुमारले चलाइरहेको बा.६८प ७०३६ नम्बरको स्कुटर म.१त १०६२ नम्बरको रोकिराखेको ट्र्याक्टरमा पछाडिबाट ठोक्किएको थियो। स्कुटर, ट्र्याक्टर र ट्र्याक्टरचालक ३२ वर्षीय राकेश चौधरीलाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालयमा राखिएको जिल्ला प्रहरी कार्यालय बर्दियाका प्रहरी नायब उपरीक्षक ऋषिराम घर्तीमगरले बताए।

एसइईमा एनजी आएको विषय मात्रै परीक्षा दिने हुने

काठमाडौं/ माध्यमिक शिक्षा परीक्षा (एसइई)को पूरकमा समेत विषय कटाउन नसकेका विद्यार्थीले अर्को वर्ष परीक्षा दिँदा एनजी आएको विषयको मात्रै परीक्षा दिए पुग्ने भएको छ। राष्ट्रिय परीक्षा बोर्डले तीन वर्षसम्म विद्यार्थीले अर्को वर्ष परीक्षा दिँदा पनि एनजी आएको विषयमा मात्रै परीक्षा हुने नियम लागू गरेको हो। यसअघि एसइईलक्षित लेटर ग्रेडिङ निर्देशिका, २०७८ ले भने अर्को वर्ष परीक्षा दिँदा सबै विषय दिनुपर्ने व्यवस्था गरे पनि बोर्डले विद्यार्थीलाई मर्का पर्ने भन्दै उक्त निर्देशिका संशोधन गरी यस वर्षदेखि नै जुन विषयमा एनजी आएको छ, त्यही विषयमा परीक्षा दिए पुग्ने नियम जारी गरेको हो। परीक्षा नियन्त्रक नन्दलाल पौडेलका अनुसार विद्यार्थीले आफूलाई जुन विषय लागेको छ, सोही विषयमा मात्रै परीक्षाको तयार गरे हुनेछ। अन्य विषय पढ्नुपर्ने छैन। बोर्डले यसपटक एसइई ७ चैतदेखि सञ्चालन गर्ने तालिका सार्वजनिक गरिसकेको छ।

■ योमरी पुन्हीको रौनक



'योमरी पुन्ही' पर्वका अवसरमा आइतबार काठमाडौंको वसन्तपुरमा योमरी प्रदर्शन गरिँदै। यस दिन योमरी पकाएर देवतालाई चढाउनुका साथै सपरिवार मिलेर खाने र अरूलाई पनि खुवाउने चलन छ। योमरी पुन्हीकै अवसर पारेर ज्यापु दिवससमेत मनाइएको छ। आइतबार नै लिम्बू समुदायले उधौली पर्व पनि मनाएका छन्।
तस्बिर : दिपेन्द्र ढुंगाना/नयाँ पत्रिका

टिआरसी आयोगमा पदाधिकारी सिफारिस हुन सकेन

सिफारिस समितिको आज निर्णायक बैठक बस्दै

काठमाडौं/ सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता व्यक्तिको छानबिन आयोगमा पदाधिकारी सिफारिस सकसपूर्ण बनेको छ। दुवै आयोगका पदाधिकारी सिफारिस गर्न गठित सिफारिस समितिले समयसीमाको एक दिनअधिसम्म पदाधिकारी सिफारिस गर्न नसकेको हो। आइतबार साँझ दुई घण्टाभन्दा बढी समय बसेको सिफारिस समितिको बैठक निष्कर्षविहीन बनेको छ। अर्को बैठक सिफारिस गर्ने अन्तिम दिन सोमबार बिहान ८ बजे बोलाइएको छ।

सिफारिस समितिका प्रवक्ता खम्मबहादुर खातीले संक्षिप्त सूचीमा परेका व्यक्तिबाट कसलाई छनोट गर्ने भन्ने निष्कर्षमा पुग्न नसकिएको बताए। 'दुई घण्टाभन्दा बढी समय बसेको सिफारिस समिति बैठक कुनै निष्कर्षमा पुग्न सकेन,' उनले भने, 'सोमबार अन्तिम दिन पनि हो। हामी सघन छलफलबाट नजिक पुगेका छौं। बिहान ८ बजे बसेर १०-११ बजेभित्र टुंग्याउँछौं।'

दुई आयोगमा १० जना पदाधिकारीका लागि १५८ जनाले आवेदन दिएका थिए। सिफारिस समितिले ४० जनाको नाम सर्टलिस्ट अर्थात् संक्षिप्त सूचीमा राखेको थियो। ४० जनाबाट १० जना छनोट गरी मन्त्रिपरिषद्मा पठाउनुपर्ने जिम्मेवारी सिफारिस समितिलाई छ। दुई आयोगको अध्यक्षका लागि आठजना र सदस्यका लागि ३२ जनाको नाम सर्ट लिस्टमा छ।

सरकारले २ कात्तिकमा आयोगमा पदाधिकारी नियुक्तिका लागि सिफारिस गर्न ओमप्रकाश मिश्रको संयोजकत्वमा पाँच सदस्यीय सिफारिस समिति गठन गरेको थियो। समितिमा मनोज दवाडी, अर्जुनबहादुर कार्की, स्टेला तामाङ र खम्मबहादुर खाती सदस्य छन्। बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) ऐन दफा ३ बमोजिम सिफारिस समितिले ६० दिनभित्र दुइटै आयोगमा अध्यक्षसहित पाँच-पाँचजना गरी १० जनाको नाम पदाधिकारी नियुक्तिका लागि सिफारिस गर्नुपर्छ। मन्त्रिपरिषद्ले नियुक्त गरेपछि आयोगका पदाधिकारीले काम थाल्नेछन्।

दोस्रोपटक म्याद थप्दा पनि सकिएन बिर्तामोड–भद्रपुर सडक विस्तार

दोस्रोपटक थपिएको म्याद पुस मसान्तमा सकिँदै, बल्ल ६० प्रतिशत काम

झापामा **चिरञ्जीवी घिमिरे**

झापाको मुख्य बजार बिर्तामोडदेखि सदरमुकाम भद्रपुर जाने सडक चार लेनमा विस्तारको काम दुईपटक म्याद थप्दा पनि सकिएको छैन। निर्माण कम्पनीको ढिलासुस्तीका कारण सडक स्तरोन्नति समयमा नसकिएको हो। बिर्तामोड-भद्रपुर सडकअन्तर्गत धौलापुलदेखि भद्रपुरसम्मको ८.४१ किलोमिटर सडकको काम ठेक्का लागेको चार वर्ष पुग्दा पनि सकिएको छैन। निर्माण कम्पनीले सडक निर्माणको ठेक्का लिएर पेटी ठेकेदारमाथि विश्वास गर्दा यो सडक समयमा नसकिएको हो।

चार लेनको यो सडक ६ माघ ०७७ मा काठमाडौंको एम-एस कन्टेक प्रालिले भ्याटसहित ५८ करोड दुई लाख २८ हजार रुपैयाँमा ठेक्का लिएको थियो। सडक ५ साउन ०७९ मा सक्नुपर्ने गरी ठेक्का सम्झौता भएको थियो। तर, ठेक्का सम्झौता मिति सकिएको २८ महिनामा पनि सडक निर्माणको काम सकिएको छैन।

सडक डिभिजन कार्यालय दमकका इन्जिनियर उज्ज्वल खतिवडाका अनुसार यो सडक निर्माणका लागि दुईपटक म्याद थपिएको छ। दोस्रो पटक थपिएको म्यादको समय पनि एक महिनापछि अर्थात् पुस मसान्तमा सकिँदै छ। दोस्रोपटक थपिएको म्याद सकिनै लाग्दा पनि सडक निर्माणको काम ६० प्रतिशत मात्र भएको इन्जिनियर खतिवडाले बताए। 'अहिले कामको गति त तीव्र छ। तर, पुस मसान्तभित्र काम सकिँदैन होला। यद्यपि, अहिले सन्तोषजनक काम भइरहेको छ,' उनले भने, 'सुरुमा निर्माण कम्पनीले गम्भीर रूपमा लिएन। हामीले पटक-पटक ताकेता गरे पछि अहिले कामले तीव्रता पाएको छ।'


समयमा स्तरोन्नति नहुँदा धुलाम्मे बनेको बिर्तामोड-भद्रपुर सडक।

सडक निर्माणमा साइड क्लियर नहुँदा पनि केही समस्या निम्तिएको छ। चार लेनको सडक निर्माण गर्दा चन्द्रगडी बजारमा केही घर भत्कने भएका कारण समस्या निम्तिएको सडक डिभिजन कार्यालय दमकले जनाएको छ। चन्द्रगढीका २१ घरधुरीले भने घर भत्काउने सडक डिभिजनको निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिटसमेत दायर गरेका छन्। '२१ घरधुरीको सन्दर्भमा सर्वोच्चले काम नगर्न/नगराउन अन्तरिम आदेश दिएको छ। त्यहाँ छाडेर हामी काम अघि बढाउँछौं,' खतिवडाले भने, 'चन्द्रगढी बजारमा अन्य घर पनि छन्। २१ वटा बाहेकमा समस्या छैन। कतिवटा घर र जग्गा पर्छ भनेर भद्रपुर नगरपालिकासँग समन्वय गरिरहेका छौं। अन्य ठाउँमा खाली गराउने गरी काम थालिसकेका छौं।'

सदरमुकाम जाने मुख्य सडक समयमा नबन्दा यात्रुले दैनिक कष्ट भोगिरहनुपरेको छ। सदरमुकमा जाँदा स्थानीयले बर्खामा हिलो र हिउँदमा धुलोको सामना गर्नुपर्ने अवस्था छ। 'यो सडकको काम नसकिँदा हामीले सास्ती भोग्नुपरेको छ। पाँच वर्षदेखि काम अलपत्र छ। काम नसकिँदा धुलो र हिलोले सताएको छ,' बिर्तामोड-७ का जनार्दन ठाकुर भन्छन्, 'दुर्घटनाको जोखिम पनि उस्तै छ। काम नगर्ने ठेकेदारलाई काम दिनु भएन। काम समयमा गर्नेलाई मात्र ठेक्का दिनुपर्‍यो।'

नर्सिङ पेसाकर्मीका ज्वलन्त सवाल

आउटसोर्सिङ, करार र इन्टर्नका रूपमा काममा लगाउने र जुनसुकै बखत नोकरीबाट हटाउने परिपाटीले नर्सिङ सेवामा श्रमशोषण बढ्दै गएको छ



● प्रेमलकुमार खनाल

अग्रलेख

स्वास्थ्य सेवामा नर्सहरूको भूमिका महत्त्वपूर्ण छ। सेवाको सुरक्षा, समयसापेक्ष तालिम, औषधि उपकरणको व्यवस्था, वृत्ति विकासको सुनिश्चितता, समृद्ध जीवनयापन गर्न पाउने अवस्था र सेवानिवृत्तिपछि भविष्य सुनिश्चित हुने गरी सामाजिक सुरक्षाको सुनिश्चितता हुन सक्दा मात्रै नर्सिङ पेसा आकर्षक बन्न सक्छ। तर, आज नर्सिङ पेसामा श्रमको शोषण भइरहेको छ। सेवामा असुरक्षा, वृत्ति विकासको संकुचित नीति, तालिम, उपकरणको अभाव, न्यून तलब सुविधा, सामाजिक सुरक्षाको अभावजस्ता समस्याले नर्सिङ पेसामा संलग्न पेसाकर्मी आक्रान्त छन्।

गुणस्तरीय स्वास्थ्य सेवाबाट मात्र जनताको जीवनलाई सुखी, समृद्ध र निरोगी बनाउन सकिन्छ। राज्यबाट सहज र सरल ढंगले स्वास्थ्य सेवा प्राप्त गर्नु जनताको अधिकार हो। नेपालको संविधानले स्वास्थ्य सेवालाई मौलिक हकका रूपमा सुनिश्चित गरेकाले सर्वसुलभ, गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नु राज्यको दायित्व हो। गुणस्तरीय स्वास्थ्य सेवाका लागि राज्यले अवलम्बन गर्ने स्वास्थ्य नीति, ऐन, कानुन र यस नीतिसँग सम्बन्धित सरकारको आर्थिक नीतिको पनि महत्त्वपूर्ण भूमिका हुन्छ।


गुणस्तरीय स्वास्थ्य सेवाका लागि यस क्षेत्रमा संलग्न डाक्टर, नर्सलगायत स्वास्थ्यकर्मीको भूमिका अझ महत्त्वपूर्ण हुन्छ। उच्च मनोबलयुक्त, दक्ष एवं पेसाप्रति प्रतिबद्ध स्वास्थ्यकर्मीले मात्र जनतालाई गुणस्तरीय सेवा प्रदान गर्न सक्छन्। अझ अहिले व्यवस्थापन क्षेत्रमा पूर्ण गुणस्तरीय व्यवस्थापनको नवीन अवधारणा विकास भएको छ। पूर्ण गुणस्तरीय व्यवस्थापनमा एकपटक सेवाग्राहीले सेवा प्रदान गरेपछि उसले चीरकालसम्म प्राप्त गरेको सेवाको सम्झना गरिरहने र पुनः सेवा चाहिएमा फर्किएर पूर्वसेवा प्रदान गर्ने संस्थामा आइपुग्छ। यही नै गुणस्तरीय सेवाको द्योतक हो। गुणस्तरीय सेवाका लागि दक्ष एवं सक्षम जनशक्तिका साथै सेवा प्रवाहस्थलमा पर्याप्त भौतिक पूर्वाधारको व्यवस्था हुनुपर्छ।

नेपालमा स्वास्थ्य सेवामा अनेकौँ समस्या विद्यमान छन्। राज्यले स्वास्थ्य सेवाजस्तो सर्वसाधारणको जीवनसँग अभिन्न रूपमा जोडिएको सेवामा निजीकरण र व्यापारीकरण गर्ने खुला र उदार नीति अवलम्बनपछि स्वास्थ्य क्षेत्रमा समस्या उत्पन्न भएको हो। जनताको सर्वसुलभ निःशुल्क स्वास्थ्य सेवा र उपचार पाउने अधिकारमा स्वास्थ्य सेवामा भएको निजीकरण र व्यापारिक नीतिले सरकारी क्षेत्रबाट प्रवाह गरिने सेवा र सुविधा खस्कियो। निजी क्षेत्रमार्फत महँगो र 'आकर्षक' स्वास्थ्य सेवा प्रवाह हुने स्थिति बन्यो। दुईखाले स्वास्थ्य सेवा र उपचारका कारण सबैभन्दा बढी भ्रष्टाचार स्वास्थ्य सेवामा हुने गरेको सुनिन्छ। दुईखाले स्वास्थ्य सेवाबाट पैसा हुनेले मात्र उपचार पाउने र नहुनेले अकालमा मृत्युवरण गर्नुपर्ने स्थिति बन्दै गएको छ। स्वास्थ्य क्षेत्रमा उदारीकरण र निजीकरणका कारण बिरामी मात्रै होइन, यस क्षेत्रमा कार्यरत नर्सका साथै अन्य स्वास्थ्यकर्मी पनि चरम शोषणमा परेका छन्।

विश्व स्वास्थ्य संगठनले जनरल वार्डमा एक नर्सले चारदेखि ६ बिरामी, सुत्केरी वार्डमा दुई नर्स र एक बेड, आइसियूमा एक नर्स एक बिरामी, पोस्ट-अपरेटिप वार्डमा एक नर्स एक बिरामी, अपरेसन थिएटरमा एक टेबल तीन नर्स हुनुपर्ने मापदण्ड निर्धारण गरेको छ। नेपाल सरकारले पनि विश्व स्वास्थ्य संगठनको यही मापदण्डमा हस्ताक्षर गरेको छ र 'स्वास्थ्य संस्था सञ्चालन तथा स्तरोन्नति मापदण्ड निर्देशिका'मा पनि स्पष्ट रूपमा बिरामीको अवस्थाअनुसार नर्स-बिरामी अनुपात तोकिएको छ, जसमा जनरल वार्डमा पाँचदेखि ६ बिरामीबराबर एक नर्स, हाई डिपेन्डिङ वार्डमा दुई बिरामीबराबर एक नर्स र क्रिटिकल केयरमा एक बिरामीबराबर एक नर्स र डेलिभरी गराउने ठाउँमा एक बिरामी बराबर दुईजना नर्स र अप्रेसन थिएटरमा एक बिरामीबराबर तीनजना नर्स हुनुपर्ने मापदण्ड निधारण गरेको छ। तर, व्यवहारमा नेपालमा एकजना नर्सले २५-३० जना बिरामीको सेवा गर्नुपर्ने बाध्यात्मक अवस्था छ।

नेपालमा अहिलेसम्म एक लाख २२ हजार नर्स नर्सिङ काउन्सिलमा रजिस्टर्ड भएको तथ्यांक छ। तर, स्वास्थ्य क्षेत्रमा निजीकरणको नीतिका कारण सरकारी अस्पतालमै मापदण्डअनुसार नर्सिङ जनशक्ति उपलब्ध छैन। सरकारीस्तरबाट सञ्चालित प्रमुख अस्पतालहरूमा न्यून संख्यामा नर्सको दरबन्दी छ र सरकारी सेवामा केन्द्रदेखि गाउँपालिकास्तरसम्म अहिले प्रायः करारमा काम लगाउने अभ्यास बढ्दो छ। सरकारी अस्पतालमा एक नर्सले दर्जनौँ बिरामीको हेरचाहको जिम्मा लिनुपर्ने अवस्थाबाट नेपालको स्वास्थ्य क्षेत्र गुज्रिरहेको छ। यसले गर्दा नर्समा कामको बोझ अति नै थोपरिएको छ।

सरकारी स्तरमा दुई-तीनपटक तलब सुविधा वृद्धि हुँदासमेत वर्षौंदेखि निजी क्षेत्रका अस्पताल, नर्सिङ होम र मेडिकल कलेजमा तलब सुविधा वृद्धि नगर्ने प्रवृत्ति देखिन्छ। सरकारले निजी क्षेत्रमा श्रम निरीक्षण प्रणाली र श्रम अडिटलाई प्रभावकारी रूपमा लागू नगर्दा श्रम शोषण बढेको छ। करार नियुक्ति प्रणालीका कारण पनि श्रम शोषण बढेको छ। करार नियुक्तिका कारण सेवामा स्थायित्व नहुने, पदोन्नति नहुने र सामाजिक सुरक्षाका सुविधाबाट वञ्चित हुनुपर्ने स्थिति छ। सरकारी क्षेत्रमा समेत वर्षौंसम्म काम गर्दा पनि स्थायी नहुने र स्थायी नियुक्ति पाएका नर्सको पर्याप्त संख्यामा दरबन्दी नहुँदा पदोन्नतिलगायत वृत्ति विकासका अवसर नहुने परिस्थिति बनेको छ। सरकारी सेवामा आउटसोर्सिङ, करार र इन्टर्नका रूपमा काममा लगाउने र जुनसुकै बखत नोकरीबाट हटाउने परिपाटीले श्रमशोषण बढ्दै गएको छ।



यस्तै, नवउदारवादी अर्थनीतिका कारण श्रमिकले पाउने सामाजिक सुरक्षा सुविधाअन्तर्गत पेन्सन सुविधा कटौतीपछि नर्सको भविष्य पनि सुरक्षित हुन सकेको छैन। अहोरात्र बिरामीको सेवामा जुट्नुपर्ने नर्सका लागि थप आर्थिक एवं भौतिक सुविधा पर्याप्त व्यवस्था नहुनु र कार्यस्थलमा हुने हिंसाजन्य गतिविधि नियन्त्रणमा प्रभावकारी कदम नचालिनु विडम्बनापूर्ण छ। रात्रिकालीन सेवामा कार्यरत नर्सको जिउधनको सुरक्षा, यातायात सुविधा र जोखिम बहनबापतका सुविधा नहुँदा नर्सिङ पेसा निल्नु न ओकल्नु भएको बुझ्न सकिन्छ। निजी क्षेत्रमा खोलिएका नर्सिङहोम र अस्पतालमा त झन् नर्सका समस्या कहालीलाग्दा छन्। लामो अवधिसम्म विनातलबसुविधा इन्टर्नका रूपमा अस्पतालले काममा लगाउने, नियुक्तिपत्र नदिने, नियुक्ति पाएका नर्सले पनि अति न्यून पारिश्रमिक पाउने, वृत्ति विकास र तालिमको अवसर नहुने अवस्था छ। पोसाक भत्तालगायत जोखिमपूर्ण कार्यबापत थप सुविधा प्रदान गर्ने नीतिलाई निजी क्षेत्रका नर्सिङ होम र अस्पतालले लागू गरेका छैनन्।

> अहोरात्र बिरामीको सेवामा जुट्नुपर्ने नर्सका लागि आर्थिक एवं भौतिक सुविधाको व्यवस्था नहुनु, रोजगारीको सुरक्षा नहुनु र कार्यस्थलमा हुने हिंसाजन्य गतिविधि नियन्त्रणमा प्रभावकारी कदम नचालिनुलगायत समस्याले नर्सको विदेश पलायन बढाइरहेको छ

वास्तवमा व्यापारीकरण र निजीकरण नीतिले पुँजी र नाफालाई सदैव प्रोत्साहन गर्छ। श्रमिकलाई कम आर्थिक सुविधा दिएर बढी मुनाफा कमाउने नीतिले प्रोत्साहन पाइरहेको हुन्छ। सरकारले जुनसुकै उद्योग वा सेवा व्यवसाय सञ्चालनको अनुमति दिँदा पूर्वाधार, पुँजीको पर्याप्तता, व्यावसायिक दक्षता र व्यवसायमा काम गर्ने श्रमिकलाई अन्तर्राष्ट्रिय श्रम संगठनको न्यूनतम श्रम मापदण्डअनुरूप सेवा, सर्त, आर्थिक सुविधा, वृत्ति विकासको सुनिश्चितता ग्यारेन्टी गरिनुपर्ने सर्त कडाइसाथ लागू गराइनुपर्छ। सामाजिक सुरक्षाअन्तर्गतका सुविधा पेन्सन, उपदान, बिमा, औषधि, मातृत्व संरक्षणका सुविधा आदिको प्रतिबद्धता हुनुपर्छ। यस्ता विषयमा जाँचबुझ गर्ने र ठिक भएमा मात्र सेवा व्यवसाय सञ्चालनको इजाजत दिनुपर्छ। तर, नेपालमा निजी क्षेत्रमा खुलेका स्वास्थ्य सेवालगायत व्यावसायिक प्रतिष्ठानका लागि सरकारी क्षेत्रबाट सूक्ष्म ढंगले अध्ययन-विश्लेषण गरेर व्यवसाय सञ्चालनको अनुमति दिने गरेको पाइँदैन। हचुवाका भरमा आर्थिक प्रभाव र दबाबमा परेर अस्पताल, नर्सिङ होम र मेडिकल कलेज खोल्न इजाजतपत्र दिने गरेकै कारण गुणस्तरहीन र महँगो सेवा व्यहोर्न जनता बाध्य छन्। यसैको चपेटामा कार्यरत नर्स श्रमिक चर्को श्रमशोषणमा परेका छन्। स्वास्थ्य क्षेत्रमा विगतदेखि अवलम्बन गरिएको गलत नीतिका कारण नर्सलगायत स्वास्थ्यकर्मीले भोगिरहेका समस्या यतिखेर सतहमा आएका छन्। यस किसिमका समस्यालाई सरकारले यथाशीघ्र सरोकारवाला नर्सिङ संगठनसँग द्विपक्षीय वार्ता गरी समाधान गर्नुपर्छ। निजी कलेजहरूमा नर्सिङ विषय अध्यापन गर्ने शिक्षकको पनि अवस्था कहालीलाग्दो छ। कलेजमा शिक्षकको रोजगारीको स्थायित्व नहुने, न्यून तलब सुविधा, पदोन्नति र वृत्ति विकासको अवसर नहुने समस्याले शिक्षक पनि प्रताडित छन्।

अब सरकारबाट स्वास्थ्य क्षेत्रमा कार्यरत नर्सिङ पेसालाई विशिष्टीकृत एवं मर्यादित ढंगले सञ्चालन गर्ने नीति अवलम्बन गरिनुपर्छ। यस क्रममा उनीहरूको सेवा सुरक्षाको ग्यारेन्टी गर्ने, पदोन्नतिलगायत वृत्ति विकासका अवसरको सुनिश्चितता गर्ने, तलब, सुविधा र सामाजिक सुरक्षाको व्यवस्थासहित सरकारी तथा निजी क्षेत्रमा समान एवं एकीकृत तवरले लागू हुने गरी नीति बनाई प्रभावकारी रूपमा लागू गर्नुपर्छ। बिरामीको उपचार र हेरचाह गर्न सहज हुने गरी विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसार नर्स र बिरामीको अनुपातलाई सबै अस्पतालमा प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ। नर्सिङ पेसालाई मर्यादित र आकर्षक बनाउन मन्त्रालयस्तरमा अधिकारसम्पन्न नर्सिङ महाशाखा गठन गर्नुपर्छ।

नर्सिङ विषयको अध्ययनमा हरेक वर्ष आकर्षण बढ्दै गएको छ। सँगसँगै स्वदेशमा नर्सिङ शिक्षा अध्ययन गरी विदेश पलायन हुनेको संख्या पनि बढ्दो छ। देशभित्र रोजगारीको अभाव र रोजगारी प्राप्त गरे पनि न्यून तलब सुविधामा काम गर्नुपर्ने बाध्यात्मक अवस्थाप्रति सरकार गम्भीर र जिम्मेवार बन्न जरुरी छ। नर्सिङ शिक्षा हासिल गरेका नर्सलाई देशभित्रै रोजगारी पाउने ग्यारेन्टी सरकारले गर्नुपर्छ। उनीहरूको राजेगारीको सुनिश्चितताका लागि हरेक माध्यमिक विद्यालय, कलेज, निजी उद्योग र प्रतिष्ठानमा नर्सिङ सेवासहित प्राथमिक उपचार सेवा उपलब्ध गराउने नीति अवलम्बन गरिनुपर्छ। कलेजबाट सरकारी वा निजी अस्पतालमा प्रशिक्षार्थीका रूपमा काम गर्ने नर्सलाई श्रम ऐनबमोजिम न्यूनतम तलब, भत्ता र सामाजिक सुरक्षाका सुविधा प्रदान गर्ने र दुर्गम हिमाली क्षेत्रमा कार्यरत नर्सलाई थप आकर्षक सुविधा प्रदान गर्ने व्यवस्था मिलाइनुपर्छ। दुर्गम क्षेत्रमा सेवा पुर्‍याउन नर्सलाई विशेष सुविधा उपलब्ध गराएर उत्प्रेरित गर्ने, नर्सिङ पेसाबाट उच्च तहको अध्ययन गर्न पाउने र नर्सले उच्च तहसम्म पदोन्नति पाउने व्यवस्थासमेत गरिनुपर्छ। सेवा स्थायित्वका लागि सरकारी तथा निजी क्षेत्रमा नर्सको पर्याप्त संख्या हुने गरी दरबन्दी निर्धारण गरेर स्थायी नियुक्तिको व्यवस्था गरिनुपर्छ। सरकारले नर्सिङ पेसाको अवस्थाबारे अध्ययन-अनुसन्धान गरी प्रतिवेदन सार्वजनिक गर्ने र नर्सिङ पेसाको अवस्थाबारे प्रभावकारी अनुगमन गर्नुपर्छ। यसका साथै, आफ्ना समस्या समाधानका लागि दबाव दिन संगठित हुन पनि आवश्यक छ।

(खनाल पेसागत महासंघ नेपालका अध्यक्ष हुन्)

---

३ प्रश्न

कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागका पूर्वमहानिर्देशक **फणीन्द्रमणि पोखरेल**लाई



कसुरजन्य सम्पत्ति जफत गरी अदालतको फैसला कार्यान्वयन गर्न किन नसकिएको होला ?

हामीकहाँ एउटै प्रकृतिको कामको जिम्मेवारी फरक-फरक निकायलाई दिइएको छ। अवैध गाडी लिलामीको अधिकार भन्सार, राजस्व अनुसन्धान विभागलगायत विभिन्न निकायलाई पनि दिइएको छ। अदालतको पनि अलग्गै फैसला कार्यान्वयन विभाग छ। कसुरजन्य सम्पत्ति व्यवस्थापन ऐनको दफा ३८ मा 'प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि कसुरबाट प्राप्त सम्पत्ति वा कसुरसँग सम्बन्धित साधन रोक्का, नियन्त्रण तथा जफतसम्बन्धी व्यवस्था यसै ऐनबमोजिम हुनेछ' भनिएको छ। त्यसअनुसार कसुरजन्य सम्पत्ति विभाग पनि गठन भएको छ। तर, जिम्मेवार निकायहरूमा आफ्नो काम अरूलाई किन दिने भन्ने 'माइन्डसेट' देखिन्छ। म आफैँ विभागमा हुँदा हामीलाई काम भएन, काम गर्न दिनुस् भनेर धेरैतिर धाएँ, पत्राचार पनि गरेँ। तर सुनुवाइ कतैबाट भएन। त्यसैले, फैसला कार्यान्वयनमा समस्या देखिएको हो।

सुशासनमा कमजोर हुँदा शुद्धीकरणको 'ग्रे लिस्ट'मा पर्ने जोखिम कति छ ?

यसले देशमा सुशासनको अवस्था कस्तो छ भन्ने देखाउँछ। फैसला आउनु नै सुशासन होइन। फैसला कार्यान्वयन नभएसम्म सुशासन कायम भएको मानिन्न। तर, यहाँ छिटो फैसलाका लागि दबाब दिने नागरिक समाजको पनि कार्यान्वयनमा दबाब पुगेन। सायद, त्यहाँ पनि आग्रह पूर्वाग्रहले काम गरेको हुन सक्छ। सुशासनमा कमजोर देखिएमा देश फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटिएफ) को 'ग्रे लिस्ट'मा पर्न पनि बेर छैन।

के गर्‍यो भने फैसला कार्यान्वयन गर्न सकिन्छ त ?

घरजग्गा जफतसम्बन्धी कार्यविधि बनेको भए पनि त्यसमा छलफल गरी पारित गर्न बाँकी छ। विभागलाई सशक्त बनाई सुविधासम्पन्न बनाउनुपर्छ। कार्यविधि बनेको अवस्थामा त्यसमा टेकेर काम गर्न कर्मचारीले पनि डराउनुहुन्न।

प्रेरक प्रसंग

काग र कोइलीको संवाद

एकपटक वसन्त ऋतुको समयमा कोइली एउटा रुखको हाँगामा बसेर कुहुकुहु गरिरहेको थियो। रुखनजिकको बाटो हुँदै आवतजावत गर्ने मानिस एकैछिन रोकिएर कोइलीको कुहुकुहु सुन्थे र उसको आवाजको प्रशंसा गर्दै बाटो लाग्थे। यस्तैमा एउटा काग तीव्र गतिमा कतैबाट उड्दै आएर कोइलीको नजिकैको हाँगामा बस्यो। ऊ केही दुःखी देखिन्थ्यो।

कोइलीले कागसित सोध्यो- यति तीव्र गतिमा कता जाँदै छौ काग दाइ ? केहीबेर बस न, कुराकानी गरौँ। कागले भन्यो- म अलि हतारमा छु। म यो देश छाडेर परदेश जाँदै छु। कोइलीले त्यसरी परदेश जानुको कारण सोध्यो।

कागले जवाफ दियो- यहाँका मानिस असाध्यै खराब छन्। सबै तिमीलाई मात्र माया गर्छन्। सबै तिम्रो आवाजको मात्र सम्मान गर्छन्। उनीहरू खालि तिमी मात्र आफ्नो आसपास बसेर बोलिरहेको सुन्न चाहन्छन्। कोही पनि मलाई देख्न र मेरो बोली सुन्नसमेत चाहँदैनन्। म कतै बसेको देखे भने ढुंगाले हिर्काएर भगाइहाल्छन्। जहाँ मेरो यस्तो अपमान हुन्छ त्यहाँ म एकछिन पनि बस्न चाहन्नँ। विद्वान्हरूले पनि आफ्नो अपमान हुने स्थानमा बस्नु उचित हुँदैन भनेका छन्।



कागको गुनासो सुनेपछि कोइलीले भन्यो- परदेश जान चाहन्छौ भने आरामले जाऊ। त्यो तिम्रो व्यक्तिगत स्वतन्त्रताको विषय हो। तर, तिमी जहाँ गए पनि पहिले आफ्नो आवाज परिवर्तन गरेर मात्र जाऊ। आफ्नो बोली मधुर बनाऊ। तिम्रो बोली पहिलेजस्तै कठोर नै भइरह्यो भने परदेशमा पनि मानिसले तिमीलाई यहाँको जस्तै व्यवहार गर्नेछन्। संसार जस्तो छ, त्यसलाई हामी परिवर्तन गर्न सक्दैनौँ। तर, हामी आफ्नो दृष्टिकोण र बोली परिवर्तन गर्न सक्छौँ। यी दुई कुरा परिवर्तन गर्न सकियो भने हाम्रो जीवनको दिशा र दशा परिवर्तन हुनेछ अनि जीवन सुखमय हुनेछ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

भ्रष्टाचारविरुद्ध आन्दोलन गरौँ

म प्रजातन्त्र वा लोकतन्त्र र कानुनी राज्यमा विश्वास गर्ने व्यक्ति भएकाले कानुन मिचिएकामा खबरदारी गर्नु मेरो पनि कर्तव्य हुन आउँछ। म विसं २०४४ देखि नै कांग्रेस र वाममोर्चा मिलेर लोकतन्त्रलाई सुदृढ गर्दै जानुपर्छ भन्ने सिद्धान्त बोकिआएको व्यक्ति हुँ र त्यो विचार अझै पनि कायम छ। तर, केही समययता नेपालको राजनीति बिथोलिएको छ। विशेष गरी, सत्तामा बस्नेको बलमिच्याइँले लोकतन्त्रमाथि प्रहार हुँदै आएको छ। झन् वर्तमान अवस्थामा त देशमा सरकारै भएजस्तो लाग्दैन। जताततै भ्रष्टाचार, बेथिति तथा महँगी र कालोबजारीले लोकतन्त्रलाई जर्जर बनाउँदै लगेको छ। आमनागरिक निराश छन्। कतै आशा वा भरोसा गर्ने ठाउँ छैन।

एकातिर सहकारी ठगहरूले उन्मुक्ति पाइरहनु र अर्कातिर छानबिन समितिले नै सहकारीबाट रकम नलिएको भनिएका व्यक्तिलाई पक्राउ गरिनु दुःखद छ। त्यति मात्र होइन, वर्तमान सरकारले भ्रष्टाचारीलाई जोगाएर भ्रष्टाचारविरोधीलाई अनेक काण्डमा फसाउने प्रपञ्च गर्दै आएको प्रतीत हुन्छ। साथै, सरकारले प्रहरी प्रशासन र अदालतसमेतलाई प्रभावमा पारिरहेको छ कि भन्ने आभास हुन्छ। संसदीय छानबिन समितिले रवि लामिछानेले कुनै पनि सहकारीबाट रकम लिएको प्रमाणित भएन भन्ने प्रतिवेदन दिएको भए पनि सरकारले उनैलाई सहकारी ठग र संगठित अपराधको कसुरमा पक्राउ गरेको छ। यस्तो अवस्थामा सरकारविरुद्ध मात्र होइन, सम्पूर्ण भ्रष्टाचारी र स्वेच्छाचारीविरुद्ध सशक्त आन्दोलन चलाउन आवश्यक छ। प्रमुख प्रतिपक्षी दलका हैसियतमा माओवादीले त्यसको नेतृत्व लिन सक्नुपर्छ।

● **ज्यो. रत्ननिधि रेग्मी** 'शुक्राचार्य'
महाकवि देवकोटा आश्रम, भक्तपुर
shukracharya@yahoo.com.au

कार्यान्वयनमा सकस किन ?

'भ्रष्टाचारको सम्पत्तिमा कसुरदारकै रजगज' शीर्षकको समाचार पढियो। अदालतले अन्तिम फैसला गरिसकेको अवस्थामा पनि त्यसको कार्यान्वयनमा सरकार किन उदासीन देखिँदै आएको छ ? के सरकार भ्रष्टाचारीहरूको संरक्षण गर्न चाहन्छ हो ? के सरकार अदालतको आदेशको अवहेलना गर्न चाहन्छ हो ? के सरकार देशमा भ्रष्टाचार हटेको या घटेको देख्न, सुन्न र सहन सक्दैन हो ? नत्र अदालतले अन्तिम फैसला गरिसकेपछि पनि त्यसको कार्यान्वयन गर्नबाट सरकार किन तर्किरहेको छ ?

● **सपना कुइँकेल**
शंखमूल, काठमाडौं

ढलको व्यवस्था कहिले हुन्छ ?

काठमाडौं जिल्लाको तारकेश्वर नगरपालिकाभित्र ढल निकासको भरपर्दो व्यवस्था नहुँदा अधिकांश स्थानमा घरबाट सीधै नदीमा ढल मिसाइएको छ भने भित्री बस्तीबाट खोलासम्म ह्युमपाइप बिछ्याएर ढल खोलामा खसालिएको अवस्था छ। यसले गर्दा यस क्षेत्रका खोलानाला अत्यन्त दुर्गन्धित बनेका छन्। तैपनि, नगरपालिकाका जिम्मेवार अधिकारीको ध्यान यसतर्फ गएको देखिन्न ? के उनीहरू यहाँका खोलाछेउको सडकबाट यात्रा गर्दैनन् ? के उनीहरूलाई खोलाको दुर्गन्धले सताउँदैन ? ढल निकासको व्यवस्था छिटो मिलाइयोस्।

● **वन्दना परियार**
तारकेश्वर- ४, काठमाडौं

भुलसुधार

नयाँ पत्रिकाको पृष्ठ ३ मा आइतबार प्रकाशित 'मितेरी सहकारी ठगी प्रकरण, 'क्रिप्टो'मा लगानी गर्न सहकारीका पदाधिकारीकै सहमति' शीर्षकको समाचारमा 'ज्योति र धनराजबिच कागजी सम्बन्धविच्छेदको कारण 'क्रिप्टो' को लगानी' उपशीर्षकमा लक्ष्मी गुरुङको फोटो हुनुपर्नेमा असम्बन्धित व्यक्तिको तस्बिर प्रकाशित भएकोमा क्षमाप्रार्थी छौँ। यसबाट सम्बन्धित व्यक्तिमा पर्न गएको असुविधाप्रति गम्भीर क्षमायाचना गर्दछौँ। – *सम्पादक*

युक्रेन युद्ध कायम रहिरहँदा चीनलाई लाभ

युक्रेन युद्ध लामो समयसम्म जारी रहेमा चीनले आफ्नो मुख्य प्रतिस्पर्धी अमेरिकाको सापेक्षिक शक्ति घट्ने स्थितिबाट लाभ उठाउनेछ





देश / विदेश

● स्टेफन वुल्फ ● तेत्याना माल्येरेन्को

अमेरिकी राष्ट्रपतिमा निर्वाचित डोनाल्ड ट्रम्पले चिनियाँ राष्ट्रपति सी जिनपिङलाई २० जनवरीको शपथग्रहण समारोहमा निमन्त्रणा दिएका छन्। यस निमन्त्रणालाई धेरैले अचम्मको परिघटनाका रूपमा लिएका छन्। यस निमन्त्रणालाई चीनलाई युक्रेनमा युद्धविराम वार्तामा समावेश गर्ने योजनाको हिस्साका रूपमा लिइएजस्तो देखिन्छ। युक्रेनी राष्ट्रपति जेलेन्स्कीसँग पेरिसमा हालैको भेटपछि ट्रम्पले 'तत्काल युद्धविराम हुनुपर्छ र वार्ता सुरु गर्नुपर्छ' भन्दै 'चीनले मद्दत गर्न सक्छ' भनेका थिए। सीलाई निमन्त्रणा दिइएको यो असामान्य कदमले अब पेरिसमा ट्रम्पले दिएको अभिव्यक्तिलाई थप अर्थपूर्ण बनाएको छ।

सीले ट्रम्पको निमन्त्रणा स्वीकार गर्छन् कि गर्दैनन् भन्ने अनिश्चित छ (सम्भवतः गर्दैनन्) तर, मुख्य प्रश्न के हो भने चीनले युक्रेनमा रुसी युद्ध अन्त्य गर्न ट्रम्पलाई मद्दत गर्छ ? चीनले युद्धभरि रुससँग बलियो आर्थिक एवं व्यापारिक सम्बन्ध राखेको छ र पुटिनको आलोचना गरेको छैन। उसो त चीनले रुसलाई सैनिक सहयोग नगरेको भनिए पनि विभिन्न रिपोर्टअनुसार चीनले युद्धका लागि प्रयोग हुने केही सामग्री रुसलाई पठाउँदै आएको छ। ट्रम्पको पहल र ब्राजिलसँग चीनको हालको प्रस्ताव दुवैले युद्धविराममा जोड दिएका छन्। दुवैले रुसको भूराजनीतिक स्थिति जस्ताको तस्तै राख्ने मागलाई स्वीकार गर्नेजस्तो देखिन्छ जसको अर्थ युक्रेनले आफ्नो लगभग २० प्रतिशत भूमि गुमाउनेछ, जुन रुसको सेनाले सन् २०१४ देखि अवैध रूपमा कब्जा गरेको छ।

युक्रेन र यसका अधिकांश पश्चिमा साझेदारले रुसलाई फाइदा पुर्‍याउने युद्धविरामलाई अस्वीकार गर्छन्। ट्रम्पको चुनावी जितअघि पश्चिमको यो अडान बलियो थियो किनभने पश्चिम युक्रेनलाई युद्धक्षेत्रमा सैन्य पराजयबाट जोगाउन सक्षम थियो। यद्यपि, परिस्थिति परिवर्तन हुँदै छ। चीनलाई पश्चिमका लागि कुनै शान्तिवार्ता विशेषतः युक्रेनका लागि हुने वार्तामा स्वागतयोग्य साझेदार बनाइनेछ वा छैन भन्ने स्पष्ट छैन। जेलेन्स्कीले चीन-ब्राजिल शान्ति प्रस्तावलाई 'विनाशकारी' संज्ञा दिँदै चीन र ब्राजिललाई 'रुसपरस्त' भएको आरोप लगाएका छन्। युक्रेनी युद्धमा भएको ठुलो बलिदानलाई ध्यानमा राख्दै जेलेन्स्कीले शान्ति योजनामा व्यक्तिगत रूपमा गहिरो लगानी गरेका छन्, अर्थात् यस अवस्थामा चीनलाई सम्झौतामा स्विकार्ने सम्भावना एकदमै कम रहन्छ।

अचानक किभले चीनलाई स्विकार्ने भए पनि ट्रम्पको मध्यस्थतामा गरिएको सम्झौताले बेइजिङको स्वार्थलाई पूरा गर्ने देखिँदैन। सीका लागि चीनको भूमिका र विश्वशक्तिका रूपमा यसको प्रभावलाई सुदृढ गर्नु सधैँ महत्त्वपूर्ण हुन्छ। युद्ध समाप्त भएमा चीन थप चिन्तित हुनेछ, किनभने यसले अमेरिकी व्यापार युद्धलाई बेइजिङसँग थप घनीभूत बनाउन सक्छ। युक्रेनमा भएको युद्धले पश्चिममाथि परेको दबाबबाट चीनलाई लाभ पुगेको छ। अमेरिकाले युरोपमा आफ्नो गठबन्धन प्रतिबद्धतामा कमी ल्याउन सक्ने सम्भावनाले युक्रेनसँगको अमेरिकी मित्रताको विश्वसनीयतामा शंका उत्पन्न गरेको छ। यो स्थिति थप तीव्र हुँदै छ किनभने ट्रम्प ह्वाइट हाउसमा प्रवेश गर्न तयार छन्।

युक्रेन युद्ध लामो समयसम्म जारी रहेमा चीनले आफ्नो मुख्य भूराजनीतिक र भूआर्थिक प्रतिस्पर्धी रहेको अमेरिकाको सापेक्षिक बल घट्ने स्थितिबाट लाभ उठाउनेछ। र, सावधानीपूर्वक युक्रेन युद्धलाई जारी राख्ने गरी हुने व्यवस्थापन भएको खण्डमा चीनलाई विश्व नेतृत्वको दाबी गर्न सहज हुनेछ। युक्रेन संकट व्यवस्थापनको चिनियाँ दृष्टिकोणलाई सीले हालै रुसको कजानमा भएको ब्रिक्स सम्मेलन र १२ डिसेम्बर २०२४ मा बेइजिङमा रुसी पूर्वराष्ट्रपति दिमित्री मेदभेदेवसँगको भेटमा दोहोर्‍याएका थिए। यो दृष्टिकोण 'तीन प्रमुख सिद्धान्तमा' केन्द्रित छ, जसमा 'युद्धभूमिको विस्तार नगर्नु, संघर्ष वृद्धि नगर्नु, जाइ लाग्ने काम नगर्नु र स्थितिको गाम्भीर्यलाई कम गर्न प्रयास गर्नु' रहेका छन्।



तस्बिर : एलेक्स ब्रेन्डन/एपी

चीनको प्रयास ट्रम्पले परिकल्पना गरेको युद्ध अन्त्यको विचारभन्दा निकै फरक छ। ट्रम्पको मध्यस्थतामा हुने सम्भावित सम्झौताले प्रतिबन्ध हटाउने र पश्चिम तथा रुसबिच पुनः सहकार्यपूर्ण सम्बन्धको सम्भावना सिर्जना गर्नेछ। यसले पुटिनको हैसियतलाई उल्लेखनीय रूपमा बलियो बनाउनेछ, रुसको अन्तर्राष्ट्रिय पुनर्वैधतामा योगदान पुर्‍याउनेछ, चीनमाथिको निर्भरता घटाउनेछ र सम्भवतः ऐतिहासिक रुस-चीन प्रतिद्वन्द्वितालाई ब्युँताउनेछ। ट्रम्पको 'रुस र चीनलाई अलग पार्ने' दाबीबारे बेइजिङ अनभिज्ञ पक्कै छैन।

ट्रम्पले रुस र चीनबिच फाटो ल्याउन नसके पनि सशक्त क्रेमलिनले मस्को र बेइजिङबिचको साझेदारीको शक्ति-सन्तुलनलाई परिवर्तन गर्नेछ जसले पुटिनलाई सीका समकक्षीका रूपमा उचाल्न सक्छ। चिनियाँ दृष्टिकोणबाट हेर्दा ट्रम्पलाई रुस र युक्रेनबिच सम्झौता गराउन सहयोग गर्दा अमेरिकाको व्यापार र भन्सार युद्धलाई केही कम गर्न सक्ने सम्भावनाबाहेक धेरै फाइदा छैन। युक्रेनको रक्षा गर्न पश्चिमको स्रोत सकिँदा पश्चिमको चीन र अमेरिकाबिचको मुख्य प्रतिस्पर्धा हुने हिन्द-प्रशान्त क्षेत्रबाट ध्यान हट्नेछ।

सीलाई युक्रेनमा पुटिनलाई रणनीतिक रूपमा पराजित भएको देख्न कुनै चासो छैन। तर, रुसलाई युक्रेनविरुद्धको युद्धमा फसाइराख्नाले बेइजिङ र मस्कोबिचको साझेदारी हालको सर्तमा कायम रहन सुनिश्चित गर्छ, अर्थात् शक्ति सन्तुलन चीनतर्फ झुकेको अवस्था सुनिश्चित गर्छ। त्यसैले, ट्रम्पलाई युद्ध अन्त्य गर्न मद्दत गर्नुको सट्टा युक्रेनमा युद्ध जारी राख्नु नै बेइजिङका लागि सबैभन्दा अनुकूल विकल्प हो।

(वुल्फ बर्मिंघम विश्वविद्यालयका अन्तर्राष्ट्रिय सुरक्षाका प्राध्यापक हुन् र माल्येरेन्को नेसनल युनिभर्सिटी ओडेसा ल एकेडेमीकी अन्तर्राष्ट्रिय सम्बन्धकी प्राध्यापक हुन्)

द कन्भर्सेसनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

अर्थ पत्रिका

नयाँ पत्रिका
सोमबार १ पुस ०८१

सबै पेट्रोलियम पदार्थको पाइपलाइनबाटै छिट्टै ढुवानी

पाँच वर्षदेखि डिजेल मात्रै ढुवानी भइरहेको पाइपलाइनबाट सबै पेट्रोलियम आयात गर्न मिल्ने पूर्वाधार अमलेखगन्जमा तयार, दुई अर्बभन्दा बढी खर्चेर बनाइएको पूर्वाधार सञ्चालनमा आएपछि भारतबाट ट्यांकरमा तेल ओसार्नुपर्ने बाध्यतामा कमी आउने



प्रलयंकर आचार्य
मधेश प्रादेशिक प्रमुख,
आयल निगम

०७६ देखि नियमित रूपमा पाइपबाटै डिजेल आयात भइरहेको छ। पेट्रोल र मट्टीतेल आयातको पनि सफल परीक्षण भएको छ। अहिले अमलेखगन्जमा पाइपबाटै डिजेल, पेट्रोल र मट्टीतेल आयात गर्न सबै पूर्वाधार तयार गरेर बसेका छौं।







यी पूर्वाधार बनेका छन्

पाइपबाट ल्याएको तेल भण्डारणका लागि कुल नौवटा स्टोरेज ट्यांक निर्माण भएका छन् भने ट्यांकरमा तेल हाल्ने लोडिङ सेडसम्म पाइपबाटै तेल लैजाने व्यवस्था छ। ३०-३० लाख लिटर क्षमताका दुईवटा पानीट्यांकी, कम्प्युटर मनिटरिङ युनिट, आधुनिक ल्याब, फायर फाइटिङ सिस्टम, ट्रान्समिक्स ट्यांक, एकैपटक २४ ट्यांकरमा तेल भर्न मिल्ने अटोमेसनमा आधारित लोडिङ सेडलगायतका पूर्वाधार तयार भएर बसेका छन्। अमलेखगन्जमा आउँदा दिनमा ट्यांकरमा तेल ओसार्नुपर्नेछैन।

अजित अधिकारी/नयाँ पत्रिका

एउटै पाइपलाइनबाट नियमित रूपले पेट्रोल, डिजेल र मट्टीतेल ढुवानी छिट्टै सुरु हुने भएको छ। बाराको अमलेखगन्जमा तयार भइसकेको पूर्वाधार उद्घाटनको पर्खाइमा रहेको आयल निगमले जनाएको छ।

परियोजना उद्घाटनका लागि प्रधानमन्त्री केपी ओलीले इच्छा देखाएका छन्, तर उनको समय छुट्याउन ढिलाइ भएकाले मोतीहारी-अमलेखगन्ज पाइपलाइनबाट तीनवटै पेट्रोलियम नियमित आयात हुन सकेको छैन। आयल निगमले हिजो (आइतबार) उद्घाटनको मिति तय गर्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पत्राचार गरेको थियो, तर प्रधानमन्त्री कार्यालयबाट जवाफ नआउँदा उद्घाटनको मिति सरेको छ।

आयल निगमका प्रवक्ता पूर्ण रिजालले छिट्टै मिति तय गरेर पाइपलाइनबाट नियमित इन्धन ढुवानीको कार्यतालिका बनाइने बताए। 'प्रधानमन्त्रीज्यूकै तहबाट उद्घाटन हुने भएकाले केही समय लागेको हो,' उनले भने, 'अब चाँडै अर्को मिति तय भइहाल्ने कुरा छ।' सबै पूर्वाधार तयार भइसकेकाले निगमले साताभित्रै परियोजना उद्घाटनको पहल गरिरहेको छ।

अमलेखगन्जमा २४ भदौ ०७६ देखि नियमित रूपले डिजेल पाइपलाइनका माध्यमबाट आइरहेको छ। अब भने सोही पाइपलाइनाट पेट्रोल र मट्टीतेलसमेत आयात हुनेछ। निगमको मधेश प्रादेशिक कार्यालय, अमलेखगन्जले १८ असोजमा ५० लाख लिटर पेट्रोल र २६ मंसिरमा १० लाख लिटर मट्टीतेल आयातको सफल परीक्षण गरिसकेको छ।

'एउटै पाइपबाट तीन थरी पेट्रोलियम आयातको सफल परीक्षण भइसकेको छ। अरू पूर्वाधार पनि तयार छन्,' अमलेखगन्ज डिपो प्रमुख प्रलयंकर आचार्यले भने, 'अब चाँडै उद्घाटन गरेर नियमित रूपमा पेट्रोल, डिजेल र मट्टीतेल ल्याउन सकिन्छ।'



पेट्रोलको मूल्य बढ्यो डिजेलको घट्यो

काठमाडौं/ नेपाल आयल निगम लिमिटेडले पेट्रोलियम पदार्थको मूल्य समायोजन गरेको छ। आइतबार रातिबाट लागू हुने गरी पेट्रोलको मूल्य दुई रुपैयाँ प्रतिलिटर बढाइएको छ भने डिजेल र मट्टीतेलको मूल्य प्रतिलिटर समान दुई रुपैयाँ घटाइएको छ।

मूल्य बढेपछि काठमाडौं उपत्यकामा पेट्रोल एक सय ६२ रुपैयाँ प्रतिलिटर पुगेको छ भने मूल्य घटेपछि डिजेल र मट्टीतेलको मूल्य प्रतिलिटर एक सय ५१ रुपैयाँ कायम भएको छ। आइतबार दिउँसो इन्डियन आयल कर्पोरेसन (आइओसी)ले पेट्रोल प्रतिलिटर २.२८ बढाएर र डिजेल प्रतिलिटर १.४८ रुपैयाँ घटाएर पठाएपछि नेपाली बजारमा सोहीअनुसार समायोजन गरिएको निगमले जनाएको छ।

आइओसीले प्रत्येक १५ दिनमा पेट्रोलियम पदार्थको नयाँ मूल्य पठाउने गरेकाले नेपाली बजारमा समायोजन हुने गरेको छ। पेट्रोल र डिजेलबाहेक अन्यको मूल्य भने यथावत् राखिएको छ।

मिश्रणविनै आयात

'ट्रान्समिक्स ट्यांक'मा मिश्रण भएको पेट्रोलियम खन्याउने व्यवस्था छ

पाइपबाट तीनवटै पेट्रोलियम आयात गर्दा मिश्रण हुन सक्ने जोखिमलाई हटाउन अमलेखगन्जमा अढाई लाख लिटर क्षमताका दुईवटा 'ट्रान्समिक्स ट्यांक' बनाइएको छ। यहाँ मिश्रण भएको पेट्रोलियम खन्याउने र शुद्ध पेट्रोल, डिजेल र मट्टीतेल सम्बन्धित स्टोरेज ट्यांकमा पठाउने व्यवस्था छ। अमलेखगन्जमा पाइपलाइनको पेट्रोल राख्न दुईवटा, डिजेल राख्न ६ वटा र मट्टीतेल राख्न एउटा स्टोरेज ट्यांक बनाइएको छ। सबै स्टोरेज ट्यांकलाई पाइपलाइनसँग जोडिएको छ भने कम्प्युटर कक्षबाट नियमन हुने व्यवस्था छ। 'कम्प्युटरमा एक क्लिक गरेकै भरमा पाइपको तेल अलग-अलग भण्डारणगृहमा जाने व्यवस्था छ,' अमलेखगन्ज डिपो प्रमुख प्रलयंकर आचार्यले भने।

सुनको भाउ चार दिनदेखि लगातार ओरालो

१० मंसिरमा करको दर आधा घटाएयता भाउमा सुधार, मूल्य अझै घट्ने व्यवसायीको विश्लेषण

छापावाल सुन प्रतितोला रु. एक लाख ५० हजार आठ सय	छापावाला सुन प्रति १० ग्राम रु. एक लाख २९ हजार दुई सय ८५	चाँदी प्रतितोला रु. एक हजार आठ सय ४०

नयाँ पत्रिका

नेपाली बजारमा सुनचाँदीको भाउ चार दिनयता निरन्तर ओरालो लागेको छ। सुनचाँदी व्यवसायी महासंघका अनुसार आइतबार प्रतितोला एक लाख ५० हजार आठ सय रुपैयाँमा कारोबार भएको छ।

गत बुधबार सुनको भाउ एक लाख ५४ हजार दुई सय रुपैयाँ प्रतितोला पुगेको थियो। बिहीबार स्थिर रहेको मूल्य शुक्रबार भने एक लाख ५३ हजार रुपैयाँ प्रतितोलामा कारोबार भएको थियो। साताको पहिलो दिन आइतबार भने प्रतितोला २२ सय रुपैयाँ घटेर कारोबार भएको महासंघले जनाएको छ।

महासंघका निवर्तमान अध्यक्ष मणिकरत्न शाक्यले केही समयअघि मूल्य बढेका वेला अन्तर्राष्ट्रिय लगानीकर्ताले 'नाफा बुक' गरेका कारण अहिले मूल्य ओर्लिएको बताए। 'अन्तर्राष्ट्रिय लगानीकर्तामा नाफा बुक गरेर बस्ने प्रवृत्ति हाबी भयो, त्यसैले अहिले निरन्तर बजार खस्किरहेको छ,' उनले भने। अहिले सुनको सिजनसमेत नभएकाले कारोबारमा पनि सुस्तता आएको उनले बताए।

'अहिले सुन कारोबार हुने सिजन नै होइन। अझ पुस महिनाभरलाई बेमौसम नै मानिन्छ,' उनले भने, 'त्यसैले बजार मूल्य अझै ओरालो लाग्ने अनुमान छ।' चाँदीको मूल्य पनि यो अवधिमा घटेको छ। प्रतितोला १९ सय २५ रुपैयाँ पुगेको चाँदीको भाउ आइतबार १८ सय ४० रुपैयाँमा कारोबार भएको छ।

मूल्य अझै घट्न सक्छ



● **मणिकरत्न शाक्य**, पूर्वअध्यक्ष, सुनचाँदी व्यवसायी महासंघ

अहिले कारोबारको सिजन होइन। त्यसैले खपत नै घटेको छ। अर्कोतिर, अन्तर्राष्ट्रिय बजार मा लगानीकर्ताले नाफा बुक गर्ने प्रवृत्तिका कारण मूल्य घटिरहेको छ र त्यसको असर नेपाली बजारमा पनि परेको हो। मूल्य अझै घट्न सक्ने प्रक्षेपण छ।

कर घटेपछि मूल्य डेढ लाखवरिपरि

१० मंसिरदेखि लागू हुने गरी अर्थ मन्त्रालयले सुनको भन्सार दर ५० प्रतिशत घटाएपछि मूल्य प्रतितोला डेढ लाखआसपासमै बसेको छ। सुनमा २० प्रतिशत लाग्दै आएको भन्सार महसुल १० प्रतिशतमा झारिएको छ भने १५ प्रतिशत रहेको चाँदीको भन्सार महसुल पनि ५ प्रतिशत घटाएर १० प्रतिशत कायम गरिएको छ। कर घटाउनुअघि ९ मंसिरमा सुनको भाउ प्रतितोला एक लाख ६७ हजार दुई सय रुपैयाँ प्रतितोला पुगेको थियो। तर, कर घट्नासाथ भोलिपल्टै मूल्यमा १५ हजार नौ सय रुपैयाँको गिरावट आएर १० मंसिरमा एक लाख ५१ हजार तीन सय रुपैयाँमा कारोबार भएको थियो।

कम्बोडिया-भैरहवा सीधा उडान गर्न पर्यटनमन्त्रीको प्रस्ताव

काठमाडौं/ संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले कम्बोडिया र भैरहवालाई सीधा हवाई उडानबाट जोड्न प्रस्ताव गरेका छन्। कम्बोडियाका संस्कृति तथा धार्मिक मामिलामन्त्री चाई बोरिनसँग आइतबार भएको भेटघाटका क्रममा उनले कम्बोडिया-भैरहवा-कम्बोडिया सीधा उडानको प्रस्ताव गरेका हुन्।



मन्त्री पाण्डेले पोखरा र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलमा उडान गर्ने वायुसेवा कम्पनीलाई सहुलियत दिइएको कम्बोडियन मन्त्री बोरिनलाई जानकारी गराए। उनले दुवै देशका प्रमुख बौद्ध तीर्थस्थलहरूलाई जोड्ने गरी 'बौद्ध सर्किट' विकास गर्न सकिने पनि प्रस्ताव गरे। पर्यटन प्रवर्द्धनका लागि दुवै देशका बिचमा कला, संगीत र साहित्यमा सहकार्य तथा सांस्कृतिक महोत्सव कार्यक्रमहरू र पर्यटन बोर्डहरूबिच साझेदारी गर्न सकिने विषयमा पनि छलफल भएको थियो। भेटमा दुवै देशका युनेस्को विश्व सम्पदा क्षेत्रहरूको संरक्षण र प्रवर्द्धनमा सहकार्यको सम्भावना, सांस्कृतिक समझदारी र सद्भावलाई गहिरो बनाउने उद्देश्यले युवा र शैक्षिक आदान-प्रदानका सम्भावनालगायत विषयमा दुई मन्त्रीबिच छलफल भयो।

संक्षेप

कोरियाली लगानीकर्तासँग छलफल गर्ने


काठमाडौं/ उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी पाँचदिने भ्रमणका लागि आइतबार दक्षिण कोरिया गएका छन्। नेपाल र दक्षिण कोरियाबिच कूटनीतिक मैत्रीपूर्ण सम्बन्ध स्थापित भएको ५० वर्ष पूरा भएको अवसरमा विभिन्न सम्झौता गर्न मन्त्री भण्डारी दक्षिण कोरिया प्रस्थान गरेका हुन्।



मन्त्री भण्डारी र दक्षिण कोरियाका मन्त्रीबिच ट्रेडिङ इन्भेस्टमेन्टसम्बन्धी सम्झौता गरिने जनाइएको छ। कोरियामा रहेका लगानीकर्तालाई नेपालमा लगानी भित्र्याउने विषयमा समेत छलफल हुने मन्त्रालयले जनाएको छ।

टीकापुर विमानस्थलमा उडान पुनः सुरु

काठमाडौं/ कैलालीको टीकापुर विमानस्थल आइतबारदेखि नियमित सञ्चालनमा आएको छ। आइतबार तारा एयरको वाइटी १७०१ नम्बरको ट्विनअटर विमानमा चालक दलका तीनसहित ६ कर्मचारी र १२ यात्रु बोकेर दिउँसो १:४४ बजे टीकापुर विमानस्थलमा अवतरण गरेको हो। ०४६ सालमा द्वन्द्वका कारण बन्द भएको विमानस्थल आइतबारदेखि नियमित सञ्चालनमा आएको हो।



पर्यटन व्यवसायी र स्थानीय तहको सक्रियतामा विमानस्थल सञ्चालनमा आएको हो। विमानस्थलमा हवाई उडानका लागि तारा एयरसँग टीकापुर नगरपालिकाले न्यूनतम १५ सिटका लागि सुनिश्चिततासहित सहमति गरेको हो। विमानस्थलमा यसअघि नेपाल वायुसेवा निगम र तारा एयरले परीक्षण उडान गरिसकेका छन्। टीकापुर विमानस्थलमा अहिले चारैतिरबाट काँडेतारको छेकबार छ भने धावनमार्गमा ग्राभेल गरिएको छ।

राजधानीमा सिन्धुलीको जुनार मेला

काठमाडौं/ राजधानीमा सिन्धुली, गोलन्जर गाउँपालिकामा उत्पादन भएको जुनारको साताव्यापी मेला सञ्चालन गरिएको छ। मेलामा जुनार जुस, केक, आइसक्रिम, जुनार सलाद, क्रेप सुजेट, फ्रेस जुस, हट जुस, रम र स्थानीय जौको रक्सीसँग जुनार जेस्टको फ्रेस स्वादजस्ता परिकार राखिएको आयोजक ग्रिनग्रोथले जनाएको छ।



कुपण्डोलस्थित रैथाने रेस्टुरेन्ट र ललितपुरका हाटहरूमा जुनार मेला सञ्चालन गरिएको छ। ललितपुरको साझा सहकारीमा शुक्रबार र शनिबार मेला आयोजना गरिएको थियो भने धोबीहाटमा आइतबार र भनिमण्डलमा मंगलबार आयोजना हुने आयोजकले जनाएको छ। ग्रिनग्रोथका सञ्चालक निश्चल पोखरेलले जुनार फलका बारेमा जानकारी दिने काम मेलामार्फत भइरहेको छ।

Dhangadhi Sub-Metropolitan City
Office of the Municipal Executive
Dhangadhi, Kailali

INVITATION FOR THE BIDS

Date of publication: 16th December 2024 (2081/09/01 B.S.)

1. Dhangadhi Sub-Metropolitan City invites electronic bids from eligible bidders for the works mentioned below under National Competitive Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding.

S. N.	Contract Identification Number	Description of Work	Estimated Amount Ex. VAT	Bid Security (NRs)	Bid Document Price (NRs)	Average annual construction turnover	Work Experience	Last date of Bid Submission
1	71/DSMC/2081/082	Construction of Urban Road at Durga Bhagawati Marg (C047) at A Gaun Centerplot Ward No. 12 DSMC	-	18,30,000/-	5,000/-	55 Million	44 Million	15th January 2025 (2081/10/02 B.S.) 12:00 Noon
2	72/DSMC/2081/082	Construction of RCC Drain Works at LN Chowk- Nepal Rastra Bank Road Ward No. 1 DSMC	-	4,85,000/-	5,000/-	21 Million	7 Million	
3	73/DSMC/2081/082	Maintenance of Various Roads at Ward No. 1, 2, 6, 7, 10, 17 DSMC	1,53,83,005.60	3,85,000/-	3,000/-	-	-	
4	74/DSMC/2081/082	Construction of RCC Drain Works at Shanta Tole Masta Marga Ward No. 1 DSMC	38,73,151.20	97,000/-	3,000/-	-	-	
5	75/DSMC/2081/082	Construction of RCC Framed Structure First and Second Storied School Building of Trinagar Secondary School Ward No. 01 DSMC	1,21,27,885.57	3,04,000/-	3,000/-	-	-	
6	76/DSMC/2081/082	Construction of Navajyoti Marg Raika Tole Road Upgrading and RCC Drain Works at Baiyabehadi Ward No. 2 DSMC	39,93,817.70	1,00,000/-	3,000/-	-	-	
7	77/DSMC/2081/082	Construction of Blacktop and Drain Works Road of Shikhar Tole from Navraj Khanal's house to Bist's House Ward No. 2 DSMC	37,71,143.43	95,000/-	3,000/-	-	-	

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Dhangadhi Sub-Metropolitan City Office, Dhangadhi, Kailali, Website: dhangadhimun.gov.np, Phone no. 091-525506 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

Chief Administrative Officer

बिवाइडी एम ६ को बुकिङ खुला



काठमाडौं/ बहुप्रतीक्षित बिवाइडी एम ६ को बुकिङ खुला गरेको छ। विद्युतीय सवारी निर्माता बिवाइडीको नेपालका लागि आधिकारिक वितरक साइमेक्स इंकले एम ६ को बुकिङ खुला गराएको हो। कम्पनीले नेपालकै पहिलो प्रिमियम ७ सिटर इलेक्ट्रिक एमपिभी गाडी पारिवारिक र व्यापारिक दुवै प्रयोजनका लागि उपयुक्त हुने बताएको छ।

कम्फर्ट, पर्फमेन्स र सस्टेनेबिलिटी प्रदान गर्ने तरिकाले डिजाइन गरिएको बिवाइडी एम ६ को प्रारम्भिक मूल्य भने ६० लाख १५ हजार रुपैयाँ तोकिएको छ। हाल गाडी बुकिङ गर्ने ग्राहकलाई सीमित समयका लागि डेढ लाख रुपैयाँ नगद छुटसमेत उपलब्ध हुने कम्पनीको भनाइ छ। यो अफर पुस ९ गतेसम्म उपलब्ध हुने बताइएको छ। गाडीमा सातवटा प्रिमियम सिट, प्यानोरामिक ग्लास रुफ र पाँच सय ८० लिटरसम्मको फ्लेक्जिबल लगेज क्यापासिटी छ। यसले यात्रालाई कम्फर्ट र प्राक्टिकल बनाउँछ। त्यसैगरी, १०० किलोवाट हाई-पर्फमेन्स इलेक्ट्रिक मोटर र चार सय ४० किलोमिटर (डब्लुएलटिसी)सम्मको रेन्जका कारण अपहिल ड्राइभ र लङ रुटको यात्रा पनि प्रभावकारी हुने बताइएको छ।

बिवाइडी एम ६ ले ११५ किलोवाटको फास्ट चार्जिङसमेत सपोर्ट गर्छ। यसबाट ३७.४ मिनेटमै फुल चार्ज गर्न सकिन्छ। एम ६ मा भएका ६ एयरब्याग, एडेप्टिभ क्रुज कन्ट्रोल, लेन किपिङ असिस्ट र पार्किङ सेन्सरलगायतका एड्भान्स्ड सेफ्टी फिचरका कारण यसमा गरिने प्रत्येक यात्रा सुरक्षित हुने कम्पनीको दाबी छ।

लिट्मस इन्डस्ट्रिजद्वारा कभर्ड कन्डक्टर उत्पादन

काठमाडौं/ केबल, तार तथा कन्डक्टर उत्पादन कम्पनी लिट्मस इन्डस्ट्रिजले नेपालमै पहिलोपटक मिडियम भोल्टेज एक्सएलपिई कभर्ड कन्डक्टर उत्पादन सुरु गरेको छ। वार्षिक २० हजार किलोमिटर उत्पादन क्षमता भएको यस प्रविधिले अब आयातमा निर्भरता कम गर्दै ऊर्जा आत्मनिर्भरता प्रवर्द्धन गर्ने र उच्च कार्यक्षमताको भरपर्दो पावर ट्रान्समिसन संरचनाहरूको मागलाई सम्बोधन गर्ने लक्ष्य राखेको छ।



उच्च गुणस्तर र टिकाउपनका सर्वोच्च मापदण्ड पूरा गर्न डिजाइन गरिएका यी कन्डक्टर इएन ५०३९७ र आएस ३९८ भिआईअन्तर्गत प्रमाणित छन्। एड्भान्स्ड जर्मन प्रविधिको प्रयोगमा आधारित निर्माण प्रक्रियामा उत्कृष्ट इन्सुलेसनका लागि ट्रिपल-लेयर एक्स्ट्रुसन, डिप-वाटर क्युरिङ र स्पार्क परीक्षण तथा एन्टी-ट्र्याकिङ परीक्षणजस्ता उत्कृष्ट गुणस्तर परीक्षण समावेश रहेको कम्पनीले जनाएका छन्।

प्रत्येक शनिबार एनसेलको फ्ल्यास सेल्स

काठमाडौं/ एनसेलले एक विशेष साप्ताहिक फ्ल्यास सेल्स अफर सार्वजनिक गरेको छ। यो योजनाले प्याक लिएर अफरमा सहभागी हुने प्रत्येक ग्राहकलाई प्रत्येक शनिबार डेटा वा भ्वाइस टक टाइम बोनस प्रदान गर्नेछ। शनिबारका दिन मात्र उपलब्ध हुने यो अफरले ग्राहकलाई विनाकुनै अतिरिक्त शुल्क थप सेवा प्रदान गर्ने कम्पनीले जनाएको छ।



२२ मंसिरबाट सञ्चालनमा आएको यो अफर १३ पुससम्म लागू हुनेछ। यो अवधिको हरेक शनिबार ग्राहकले 'सधैं अन'का निश्चित प्याक र अनलिमिटेड डेटा प्याकको खरिदमा बोनस डेटा वा भ्वाइस टक टाइम प्राप्त गर्नेछन्। प्याकका आधारमा ग्राहकले १ जिबीदेखि १० जिबी डेटा वा १० देखि १०० मिनेटसम्मको अननेट टक टाइम बोनसका रूपमा प्राप्त गर्ने कम्पनीको भनाइ छ।

एनसेल एपमार्फत ग्राहकले यो अफरको फाइदा लिन सक्नेछन्। प्रत्येक शनिबार, ग्राहकले एनसेल एपको फ्ल्यास सेल्स सेक्सनमा गई सधैं अन वा अनलिमिटेड डेटा प्याकहरू खरिद गर्न सक्छन् र खरिदपश्चात् तत्काल बोनस डेटा वा टक टाइम प्राप्त गर्न सक्छन्।

यो अफर सधैं अनका ३९९ देखि ९९९ रुपैयाँसम्मका प्याक र ५०, १२५ तथा ९९९ रुपैयाँको अनलिमिटेड डेटा प्याकमा उपलब्ध हुनेछ।

प्याक सुचारु भएसँगै ग्राहकले बोनस डेटा र टक टाइम प्राप्त गर्नेछन्। त्यसैगरी, अनलिमिटेड डेटा प्याक खरिद गर्ने ग्राहकले पनि बोनस टक टाइम प्राप्त गर्छन्।

मेरो भ्वाइस र मेरो डान्स युनिभर्सको दोस्रो सिजन घोषणा



काठमाडौं/ इन्ट्रा-नेसनल वेलफेयर एन्ड सपोर्ट फाउन्डेसन अफ अमेरिकाले दुईवटा अन्तर्राष्ट्रिय रियालिटी सो 'मेरो भ्वाइस युनिभर्स' र 'मेरो डान्स युनिभर्स' सिजन-२ घोषणा गरेको छ। सन् २०२३ मा यी दुवै रियालिटी सोको पहिलो सिजन सम्पन्न भएको थियो।


नेपालभित्र र संसारको जुनसुकै कुनामा रहेको नेपाली समुदायमा पहिचान बनाउन सक्ने नेपालीभाषी समुदायका लागि यी दुई रियालिटी सोहरूको आयोजनाको निरन्तरता हुन लागेको इन्ट्रा फाउन्डेसनका अध्यक्ष डिल्ली अधिकारीले बताए।

अधिकारीका अनुसार मेरो भ्वाइस युनिभर्स सिजन-२ का लागि वरिष्ठ गायक दीप श्रेष्ठ, संगीतकार सुरेश अधिकारी, गायकहरू शिव परियार र पुष्पन प्रधान, गायिका अञ्जु पन्त र तृष्णा गुरुङ निर्णायक भूमिकामा रहेछन्। यसैगरी, मेरो डान्स युनिभर्स सिजन-२ को निर्णायक मण्डलमा वरिष्ठ कलाकार मिथिला शर्मा, नायक दिलीप रायमाझी, अभिनेत्री शिल्पा मास्के, कोरियोग्राफरहरू शंकर बिसी, किरण थापा हुनेछन्। मेरो भ्वाइस युनिभर्सको सिजन-२ को निर्देशन सुरेश पौडेलले गर्नेछन् भने डान्स युनिभर्सको सिजन-२ को निर्देशन मौसमी गुरुङले गर्ने तय भएको छ।

दुवै सोहरूका कार्यक्रम प्रस्तोताहरू रिमा विश्वकर्मा, नरेश भट्टराई, राजा राजेन्द्र पोखेल र नम्रता श्रेष्ठ अनुबन्धित भएको अधिकारीले जानकारी दिए। दुवै सोका विजेताहरूलाई एक करोड नेपाली रुपैयाँ पुरस्कारस्वरूप प्रदान गरिनेछ। दोस्रो हुनेलाई २५ लाख रुपैयाँ र तेस्रो हुनेलाई १० लाख पुरस्कार प्रदान गरिने अध्यक्ष अधिकारीले जानकारी दिए।

प्रभु महालक्ष्मीले दियो आठ सय ५० थान लाइफ ज्याकेट

काठमाडौं/ प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडले आफ्नो स्थापनाको आठौं वार्षिकोत्सवको अवसर पारेर फेवातालमा लाइफ ज्याकेट सहयोग गरेको छ। शुक्रबारका दिन फेवातालपरिसरमा एक भव्य कार्यक्रम गरी प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्सले आठ सय ५० थान लाइफ ज्याकेट हस्तान्तरण गरेको हो।



लाइफ ज्याकेट हस्तान्तरण कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री विन्दुकुमार थापा र प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत सन्तोष प्रसाईंले संयुक्त रूपमा फेवा डुंगा व्यवसायी संगठनका अध्यक्ष बलराम गिरीलाई हस्तान्तरण गरेका हुन्।

कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री थापाले सरकारले गर्नुपर्ने काम यस्ता संस्थाबाट सही ठाउँमा सही निर्णय गरी गर्नु आफैँमा सराहनीय भएको बताए।

त्यस्तै, इन्स्योरेन्सका सिइओ प्रसाईंले समाजलाई प्रत्यक्ष लाभ हुने क्षेत्रमा कम्पनीले सहभागिता जनाउँदै आएको र यो पनि विगतको निरन्तरता भएको बताए। संगठनका अध्यक्ष गिरीले लाइफ ज्याकेटले मानिसको जीवन रक्षामा ठूलो महत्त्व राख्ने र भविष्यमा हुन सक्ने कुनै पनि दुर्घटनालाई न्यूनीकरण गर्ने बताए। इन्स्योरेन्सका नायब प्रमुख कार्यकारी अधिकृत किशोरप्रसाद लामिछानेले मानिसको जिउज्यानसँग प्रत्यक्ष जोडिने लाइफ ज्याकेट हस्तान्तरण गर्न पाउँदा खुसी लागेको बताए।

राष्ट्र बैंकको पूर्वकर्मचारी संघको अध्यक्षमा ठाकुर

काठमाडौं/ नेपाल राष्ट्र बैंक पूर्वकर्मचारी संघ केन्द्रीय समितिको अध्यक्षमा बैंकका पूर्वकार्यकारी निर्देशक अश्विनीकुमार ठाकुर सर्वसम्मतिबाट चयन भएका छन्। समितिको २३औं वार्षिक साधारणसभाले ठाकुरलाई अध्यक्ष पदमा सर्वसम्मतले चयन गरेको हो।

त्यसैगरी, समितिको उपाध्यक्षमा भोलानाथ प्रेमी उपाध्याय चयन भएका छन्। सदस्यहरूमा नवराज फुयाँल, शिवकृष्ण महर्जन, कमलप्रसाद ज्ञवाली, दीपकबहादुर खडका, वसन्ती श्रेष्ठ चयन भएको समितिले जनाएको छ। टीकाप्रसाद उपाध्याय, गौरीशंकर श्रेष्ठ, प्रमोदप्रसाद नेपाल, कृष्णहरि पुडासैनी र बाबुराम आचार्य पनि समितिमा चयन भएका छन्। यो कार्यसमितिको कार्यकाल तीन वर्षको हुनेछ।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगाको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आब्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं. १)

ऋणीको विवरण

ऋणी कम्पनी : ओम शिवम् ट्रेडर्स प्रा.लि., अध्यक्ष तथा जमानीकर्ता : युनेस भेटुवाल
दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं: २९७९५४/०७९/०८०, दर्ता मिति : २०७९/०५/१६, ठेगाना : जिल्ला झापा, बिर्तामोड न.पा. वडा नं. २

धितोको विवरण

१) बन विर राजवंशीको नाति, रागामुला राजवंशीको छोरा, झापा जिल्ला, चारपाने गा.वि.स. वडा नं. २ स्थाई ठेगाना भई हाल झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं. २ बस्ने तिलक चन राजवंशीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेका झापा जिल्ला, चारपाने न.पा/गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. २४२९, २४३४ र २४३५ को क्षेत्रफल क्रमश: ०-१-९.५०, ०-०-०.२५ र ०-०-२.२५ (बिगाह) को जग्गा तथा सो जग्गाले चर्चेको जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं: २९७९५४/०७९/०८०, अन्तर्गत मिति २०७९/०५/१६ मा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम दर्ता भएको झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं. २ स्थित ओम शिवम् ट्रेडर्स प्रा.लि.को नाममा भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेका झापा जिल्ला, अनारमनी न.पा/गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ११६५ को क्षेत्रफल ६१२ (ब.मि) को जग्गा र झापा जिल्ला, चारपाने न.पा/गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. २४३३ र २४२८ को क्षेत्रफल क्रमश: ०-०-२ र ०-१-९.५ (बिगाह) को जग्गा तथा सो जग्गाले चर्चेको जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
३) ओम शिवम् ट्रेडर्स प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map

जमानीकर्ताहरुको विवरण

१) युनेस भेटुवाल, २) तिलक चन राजवंशी, ३) मनरथ भेटुवाल, ४) धर्म प्रसाद संग्रौला, ५) सामवती राजवंशी, ६) खेम कुमारी सेल्वाल, ७) प्रेम कुमारी प्रसाई

क्र.सं. २)

१) ऋणी फर्म : शाहिल ट्रेडर्स एण्ड सप्लायर्स, प्रोप्राईटर तथा जमानीकर्ता: मुन्नी वेगम
दर्ता नं.: वाणिज्य तथा आपूर्ती व्यवस्थापन विभाग, जनकपुर, धनुषामा प्रा.फ.र.नं. ९८५४/११५९/०७३/०७४, दर्ता मिति २०७३/१२/२२, ठेगाना: जिल्ला धनुषा, रघुनाथपुर गा.वि.स. वडा नं. ४

धितोको विवरण

१) मन्जुर अहमद राईनकी छोरी, अैलुन कवारी मियाकी बुहारी, मो. जाकीर राईनकी पत्नी, धनुषा जिल्ला रघुनाथपुर गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, सबैला न.पा. वडा नं. १२ बस्ने मुन्नी वेगमको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला जनकपुर न.पा. वडा नं. ४ (हाल जनकपुर उ.म.न.पा. वडा नं. ४) स्थित कित्ता नं. १३२ को क्षेत्रफल ०-०-१२-० (विगाहा) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) मन्जुर अहमद राईनकी छोरी, अैलुन कवारी मियाकी बुहारी, मो. जाकीर राईनकी पत्नी, धनुषा जिल्ला रघुनाथपुर गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, सबैला न.पा. वडा नं. १२ बस्ने मुन्नी वेगमको नाममा भूमिसुभार तथा मालपोत कार्यालय जनकपुरधाम, धनुषा जिल्लाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला भरतपुर गा.वि.स. वडा नं. ८ग (हाल गणेशमान चारनाथ न.पा. वडा नं. २) स्थित कित्ता नं. ६१४, ६५५, ६२४, ६५४ को क्षेत्रफल क्रमश: ०-०-७-१०, ०-२-०-८, ०-२-३-४, ०-२-६-० (विगाह) को जग्गा, धनुषा जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ४ग (हाल सबैला न.पा. वडा नं. १२) स्थित कित्ता नं. ५९ को क्षेत्रफल ०-६-९-० (विगाहा) को जग्गा तथा धनुषा जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ७घ (हाल सबैला न.पा. वडा नं. १२) स्थित कित्ता नं. ४१८ को क्षेत्रफल ०-१-६-८ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
३) झल्लु कवारी मियाको नाती, अैलुन कवारी मियाको छोरा, धनुषा जिल्ला रघुनाथपुर गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला सबैला न.पा. वडा नं. १२ बस्ने मो. जाकीर र ईनको नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ४ग (हाल सबैला न.पा. वडा नं. १२) स्थित कित्ता नं. १२० को क्षेत्रफल ०-०-१०-११ (विगाहा) को जग्गा तथा धनुषा जिल्ला, भरतपुर गा.वि.स. वडा नं. २घ (हाल गणेशमान चारनाथ न.पा. वडा नं. १) स्थित कित्ता नं. ९९७ को क्षेत्रफल ०-१-०-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
४) शाहिल ट्रेडर्स एण्ड सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map

२) ऋणी फर्म : साइनाथ सिडीबाबा फिक्स इटा उद्योग, प्रोप्राईटर तथा जमानीकर्ता: मो. जाकीर राईन
दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, धनुषा, जनकपुरधाममा प्रा.फ.द.प्र.प.नं. ७४४५/१६८/०७०/७१, दर्ता मिति २०७०/०९/१८, ठेगाना: जिल्ला धनुषा, मिथिलेश्वर निकाश गा.वि.स. वडा नं. २

धितोको विवरण

१) झल्लुको नाती, अैलुन कवारी मियाको छोरा, धनुषा जिल्ला रघुनाथपुर गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला सबैला न.पा. वडा नं. १२ बस्ने मो. जाकीर राईनको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ४ग (हाल सबैला न.पा. वडा नं. १२) स्थित कित्ता नं. ३५४ र ३५८ को क्षेत्रफल क्रमश: ०-०-२-० र ०-१-०-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) मन्जुर अहमद राईनकी छोरी, अैलुन कवारी मियाकी बुहारी, मो. जाकीर राईनकी पत्नी, धनुषा जिल्ला रघुनाथपुर गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, सबैला न.पा. वडा नं. १२ बस्ने मुन्नी वेगमको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला रघुनाथपुर गा.वि.स. वडा नं. ४/ग (हाल सबैला न.पा. वडा नं. १२) स्थित कित्ता नं. ३५२ र ५५ को क्षेत्रफल क्रमश: ०-४-२-० र ०-१-६-० (विगाहा) को जग्गा, धनुषा जिल्ला भरतपुर गा.वि.स. वडा नं. २/घ (हाल गणेशमान चारनाथ न.पा. वडा नं. १) स्थित कित्ता नं. ११६६ को क्षेत्रफल ०-१-०-० (विगाह) को जग्गा तथा धनुषा जिल्ला, वेंगा शिवपुर गा.वि.स. वडा नं. ६/ख (हाल जनकपुरधाम उ.म.न.पा. वडा नं. १९) स्थित कित्ता नं. १९८६ को क्षेत्रफल ०-०-१०-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
३) साइनाथ सिडीबाबा फिक्स इटा उद्योगको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map

जमानीकर्ताहरुको विवरण

१) मो. जाकीर राईन, २) मुन्नी वेगम

क्र.सं. ३)

१) ऋणी फर्म: एच पी इन्टरप्राइजेज, प्रोप्राईटर तथा जमानीकर्ता : हरि प्रसाद राजचल
दर्ता नं.: वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग (वाणिज्य व्यवसाय व्यवस्थापन तथा नियमन शाखा), काठमाडौंमा प्रा.फ.र.नं. ६९४४२/०६१/६२, दर्ता मिति: २०६१/१२/१०, ठेगाना: जिल्ला भक्तपुर, सूर्यविनायक न.पा. वडा नं. ५

धितोको विवरण

१) लक्ष्मी बहादुर राजचलको नाति, लक्ष्मी भक्त राजचलको छोरा, भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. ११ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, सूर्यविनायक न.पा. वडा नं. ५ बस्ने हरि प्रसाद राजचलको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, कटुन्जे गा.वि.स. वडा नं. ८ क (हाल सूर्यविनायक न.पा. वडा नं. ६) स्थित कित्ता नं. १२०२ को क्षेत्रफल ०-२-२-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) लक्ष्मी बहादुर राजचलको नाति, लक्ष्मी भक्त राजचलको छोरा, भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. ११ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, सूर्यविनायक न.पा. वडा नं. ५ बस्ने हरि प्रसाद राजचलको नाममा मालपोत कार्यालय रामेछापको लगतमा दर्ता कायम रहेको रामेछाप जिल्ला, फुलासी गा.वि.स. वडा नं. १ क (हाल मन्थली न.पा. वडा नं. १३) स्थित कित्ता नं. ८५४ र ८९५ को क्षेत्रफल क्रमश: ०-४-०-० र ०-१-०-० (रोपनी) को घरजग्गा तथा रामेछाप जिल्ला, फुलासी गा.वि.स. वडा नं. १ ख (हाल मन्थली न.पा. वडा नं. १३) स्थित कित्ता नं. ११२ को क्षेत्रफल ३-१२-३-३ (रोपनी) को घरजग्गा तथा र रामेछाप जिल्ला, फुलासी गा.वि.स. वडा नं. २ ग (हाल मन्थली न.पा. वडा नं. १३) स्थित कित्ता नं. ३१३, ३१५, ३५४ र १०२ को क्षेत्रफल क्रमश: २-१३-३-३.७५, २-७-३-१.५, १-११-१-२.८६ र १-३-३-१ (रोपनी) को घरजग्गा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
३) एच पी इन्टरप्राइजेजको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map

जमानीकर्ताहरुको विवरण

१) सुमित्रा शिल्पकार २) यच.पि. कन्स्ट्रक्सन

२) ऋणी फर्म: यच.पि. कन्स्ट्रक्सन, प्रोप्राईटर तथा जमानीकर्ता : हरि प्रसाद राजचल
दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, भक्तपुरमा प्रा.फ.नं.घ.सा.उ.का. भक्तपुर २१२९/०५६/०५७, दर्ता मिति: २०५७/०२/२६, ठेगाना : जिल्ला भक्तपुर, भक्तपुर न.पा. वडा नं. ११, क्वाछे

धितोको विवरण

१) लक्ष्मी बहादुर राजचलको नाति, लक्ष्मी भक्त राजचलको छोरा, भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. ११ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, सूर्यविनायक न.पा. वडा नं. ५ बस्ने हरि प्रसाद राजचलको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुर को लगतमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, ताथली गा.वि.स. वडा नं. २ ख (हाल चाँगुनारायण न.पा. वडा नं. ९) स्थित कित्ता नं. ५८७ र ५९६ को क्षेत्रफल क्रमश: १-१-०-० र ०-७-२-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) लक्ष्मी बहादुर राजचलको नाति, लक्ष्मी भक्त राजचलको छोरा, भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. ११ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, सूर्यविनायक न.पा. वडा नं. ५ बस्ने हरि प्रसाद राजचलको नाममा मालपोत कार्यालय चावहिल, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, का.म.न.पा. (चावहिल) वडा नं. ६, स्थित कित्ता नं. ५४ र ३७८ को क्षेत्रफल क्रमश: १९.८० र १२३.२० (व.मि.) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
३) यच.पि. कन्स्ट्रक्सनको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) सुमित्रा शिल्पकार २) यच.पि. इन्टरप्राइजेज

३) ऋणी: हरि प्रसाद राजचल
स्थायी ठेगाना: भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. ११, हालको ठेगाना: भक्तपुर जिल्ला, सूर्यविनायक न.पा. वडा नं. ५,
बाबु : लक्ष्मी भक्त राजचल, बाजे : लक्ष्मी बहादुर राजचल

धितोको विवरण

लक्ष्मी बहादुर राजचलको नाति, लक्ष्मी भक्त राजचलको छोरा, भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. ११ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, सूर्यविनायक न.पा. वडा नं. ५ बस्ने हरि प्रसाद राजचलको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, ताथली गा.वि.स. वडा नं. २ ख (हाल चाँगुनारायण न.पा. वडा नं. ९) स्थित कित्ता नं. ५८७ र ५९६ को क्षेत्रफल क्रमश: १-१-०-० र ०-७-२-० (रोपनी)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map

जमानीकर्ताको विवरण

सुमित्रा शिल्पकार

४) ऋणी: सुमित्रा शिल्पकार
स्थायी ठेगाना : भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. १७, हालको ठेगाना : भक्तपुर जिल्ला, सूर्यविनायक न.पा. वडा नं. ५,
बाबु : रत्न सुन्दर शिल्पकार, ससुरा : लक्ष्मी भक्त राजचल, पति : हरि प्रसाद राजचल

जमानीकर्ताहरुको विवरण

हरि प्रसाद राजचल

धितोको विवरण

लक्ष्मी बहादुर राजचलको नाति, लक्ष्मी भक्त राजचलको छोरा, भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. ११ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, सूर्यविनायक न.पा. वडा नं. ५ बस्ने हरि प्रसाद राजचलको नाममा मालपोत कार्यालय चावहिल, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, का.म.न.पा. (चावहिल) वडा नं. ६, स्थित कित्ता नं. ५४ र ३७८ को क्षेत्रफल क्रमश: १९.८० र १२३.२० (व.मि.) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map

नोट: ऋणी तथा प्रोप्राईटर/अध्यक्ष बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा प्रोप्राईटर/अध्यक्षको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्या(लय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमा(नतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

सिरियामा असदको पतनले मध्यपूर्वको 'इरानीकरण'मा ब्रेक

असदको पतनसँगै इरानले मध्यपूर्वमा निर्माण गरेको 'एक्सिस अफ रेसिस्टेन्स' छिन्नभिन्न भएको छ



● मिरेइल रेबेइज

महिला, लिंग र यौनिकता अध्ययनकी सहप्राध्यापक रेबेइज 'डिकिन्सन कलेज'की मध्यपूर्व अध्ययनकी प्रमुख हुन्



गत डिसेम्बर ८ मा सिरियाका राष्ट्रपति बसर असदको शासन अन्त्य भयो। असदको पतनले उनको क्रूर शासन भोगिरहेका २.४ करोड सिरियालीहरूलाई मात्र असर गर्नेछैन। छिमेकी लेबनानमा पनि यस परिवर्तनको प्रभाव पर्नेछ। असद शासनको अन्त्यले लेबनानी समूह हिजबुल्लाहलाई अर्को झट्का लाग्नेछ। उसो त समूहले एक वर्ष लामो इजरायली द्वन्द्वमा ठुलो क्षति व्यहोरिसकेको थियो। गत एक वर्षको अवधिमा इजरायली आक्रमणमा यसका प्रायः अधिकांश नेतृत्व मारिए। हेजबुल्लाहबाहेक आमलेबनानी नागरिक र सिरियाली गृहयुद्धमा सरण लिएका १५ लाख सिरियाली नागरिक भने असदको पतनबाट खुसी भएका छन्।

लेबनानी इतिहास र संस्कृतिका अध्येताका नाताले सिरियाको पछिल्लो विकासक्रमको लेबनानमा ठुलो प्रभाव हुने मेरो विश्लेषण छ। आखिर यी दुई देशको आधुनिक इतिहास एकअर्कासँग गहिरोसँग गाँसिएको छ। असद परिवारले उसको ५४ वर्ष लामो शासनकालभरि लेबनानमा धेरैपटक हस्तक्षेप गर्‍यो। प्रत्येक हस्तक्षेपले लेबनानको अर्थव्यवस्था, त्यहाँको जनता र यसको स्थिरताका लागि निकै घातक साबित भएका थिए।

हिजबुल्लाह र असद : पारस्परिक सम्बन्ध

सन् १९८० को दशकको प्रारम्भमा गठन भएयता हिजबुल्लाहले असद सरकारबाट बलियो सहयोग पाउँदै आएको छ। सम्बन्धमा कहिलेकाहीँ तनाव पनि देखिए। तर, समग्रमा, हिजबुल्लाहले हतियार, तालिम र इरानसम्म स्थल पहुँचका लागि सिरियाको सहयोग पाइरह्यो। उनीहरूबिचको सम्बन्ध एकतर्फ थिएन। सिरियाले पनि हिजबुल्लाहको सम्बन्धबाट लाभ लिएको थियो। असदले सन् २०११ देखि चुनौती सामना गर्न थालेपछि र देश गृहयुद्धमा फसेपछि हिजबुल्लाह लडाकुहरू सिरियाको सरकारी सेनालाई साथ दिन सिरियामा पसेका थिए।

समय क्रममा लेबनानको सबैभन्दा शक्तिशाली अर्धसैनिक एकाइ बन्न पुगेको हिजबुल्लाहको शक्ति पछिल्लो समय खस्केको छ। इजरायलसँगको हालैको युद्धले समूहलाई निकै कमजोर बनाएको छ। समूह भविष्यमा निशस्त्रीकरणमा जानसमेत सहमति जनाउँदै इजरायलसँग युद्धविराम सम्झौता गर्न बाध्य बन्यो। त्यसबाहेक, लेबनानभित्रै हिजबुल्लाहप्रतिको समर्थन नाटकीय रूपमा घटेको छ। मानिसहरूले खुलेर समूहको अर्धसैनिक गतिविधि बन्द हुनुपर्ने माग गरिरहेका छन्। इजरायलसँगको युद्धले लेबनानमा करिब ३७ सय मानिस मारिए। युद्धका कारण सुरक्षा खोज्दै झन्डै १२ लाख लेबनानी तिनको घरबाट विस्थापित भए, जुन देशको जनसंख्याको झन्डै २० प्रतिशत हो। त्यसबाहेक युद्धले लेबनानलाई अर्बौं डलरको आर्थिक नोक्सान पुगेको अनुमान गरिएको छ।

त्रिकोणात्मक सम्बन्ध

असदलाई अपदस्थ गर्न विद्रोहीहरूको सैन्य प्रत्याक्रमण त्यही दिन सुरु भएको थियो, जुन दिन इजरायल-हिजबुल्लाहबिच एक वर्षदेखि चलिरहेको युद्ध अन्त्य गर्ने सम्झौतामा हस्ताक्षर भएको थियो। इजरायलसँग युद्ध सुरु भएपछि लेबनानको दक्षिणी सिमानालाई सुदृढ गर्न हिजबुल्लाहले सिरियामा तैनाथ आफ्ना धेरै लडाकुहरूलाई स्वदेश बोलाएको थियो। सिरियाली विद्रोहीहरूले यही समय छान्नुको अर्को कारण इरानले इजरायल-हिजबुल्लाह युद्धमा धेरै स्रोत र शक्ति गुमाएको थियो। असदको पतनसँगै इरानले मध्यपूर्वमा निर्माण गरेको 'एक्सिस अफ रेसिस्टेन्स'(प्रतिरोधको अक्ष) छिन्नभिन्न भएको छ। तेहरानले सिरियाको स्थलमार्ग हुँदै लेबनानमाथि कायम गर्दै आएको आफ्नो बलियो पकड गुमाएको छ।

असदको पतनले सम्भवतः सिरियाली गृहयुद्ध र सँगसँगै इरान-सिरिया-हिजबुल्लाह गठबन्धनको अन्त्य गराउनेछ, जुन संयोग मात्र होइन। खासमा सिरियाली गृहयुद्ध सुरु भएसँगै यो तीनतर्फी सम्बन्ध बलियो बनेको थियो। सन् २०११ मा ट्युनिसियाबाट अरब वसन्त सुरु भयो। प्रजातन्त्र र मानव अधिकारको समर्थनमा उठेको विरोध-शृंखला सोही वर्ष सिरिया पुग्यो। दारा भन्ने सहरबाट सुरु भएको असदविरोधी प्रदर्शन छिट्टै होम्स, हामा र राजधानी दमास्कसजस्ता प्रमुख सहरहरूमा पुग्यो। सरकारले प्रदर्शनकारीहरूमाथि सेना परिचालन गर्‍यो। सेनाले हजारौँ पुरुष र युवाहरूलाई पक्राउ गरेर हिरासतमा यातना दियो। यी कदमको अन्तर्राष्ट्रिय रूपमा विरोध हुँदा इरान र हिजबुल्लाहले भने सिरियाली सरकारलाई सबै प्रकारको सहयोग गरे। खासमा तिनको सहयोग असदको सत्ता टिकाउन निकै ठुलो भरथेग बनेको थियो।

> सन् २०११ देखि असदको शासनविरुद्ध आमप्रतिरोध सुरु भएपछि हिजबुल्लाहका लडाकुका अतिरिक्त इरानको 'रिभोलुसनरी गार्ड कोर्प'समेत सिरियाली सरकारको पक्षमा लडिरहेको थियो। खासमा उनीहरूको सहयोग असदको सत्ता टिकाउन निकै ठुलो भरोसा बनेको थियो।
>
> ●●●

वास्तवमा, हिजबुल्लाहका लडाकुका अतिरिक्त इरानको सैन्य बल 'रिभोलुसनरी गार्ड कोर्प'समेत असदको सेनाका साथ जनताविरुद्ध लडिरहेको थियो। तेहरानका लागि सिरियाली गृहयुद्ध मध्यपूर्वको 'इरानीकरण'का लागि सहयोगी साबित भयो। तेहरानले लामो समयदेखि मध्यपूर्वमा इरानी क्रान्तिले जन्माएको विचारधाराको प्रसार गर्ने र सिरिया तथा लेबनानलाई सिया राज्यमा रूपान्तरण गर्ने प्रयासमा लगानी गरिरहेको थियो। सिरिया सुन्नी बहुल देश हो। असद परिवार सिया इस्लामको एक शाखा अलाबिट सम्प्रदायका हुन्। तिनले देशका प्रायः शीर्ष पदहरू यही अल्पसंख्यक समुदायका मानिसले भरेका थिए। उता हिजबुल्लाह पनि सिया समूह हो। यसले सन् १९८५ को घोषणापत्रमार्फत इरानको सर्वोच्च नेताप्रति बफादारीको कसम खाएको छ। तीन निकायबिचको गठबन्धनलाई प्यालेस्टिनी मुद्दाले पनि जोड्न सहयोग गरेको थियो।

सन् १९७९ को क्रान्तिपछि इरानले 'इजरायलको अन्त्य' नीति लियो। यसप्रति असद र हिजबुल्लाह लडाकुहरूको पनि समर्थन रह्यो। भलै असद यसप्रति कम मुखर थिए। विशेषतः इजरायली कब्जा रहेका आफ्नो भूमि 'गोलान हाइट्स' विषयमा इजरायलसँग वार्ता गर्ने प्रयासका लागि यो रणनीति अपनाएको हुन सक्छ। असद, इरान र हिजबुल्लाह तिनको कट्टरपन्थी विचार र मध्यपूर्वमाथि शासन गर्ने चाहनाले मात्र जोडिएका थिएनन्। तिनको आर्थिक चासो पनि समान थिए भने उनीहरूले गैरकानुनी लागुपदार्थको तस्करीबाट फाइदा उठाएका छन्। लागुपदार्थको तस्करीले सिरिया र इरानलाई वैकल्पिक र पर्याप्त आम्दानीको स्रोत प्रदान गर्‍यो।

लेबनानमा असदको विरासत

लेबनानमा हिजबुल्लाहको पराजय र असदको पतनसँगै अहिलेका लागि यस भेगको 'इरानीकरण'मा ब्रेक लागेको छ। तथापि, असद परिवारको ५४ वर्षको शासनले छिमेकी लेबनानमा पारेको विनाशको गहिरो घाउ पुरिन लामो समय लाग्नेछ। सन् १९७६ मा सिरियाले लेबनानी गृहयुद्ध अन्त्य गर्ने भन्दै २५ हजारभन्दा बढी सैनिक लेबनान भित्र्यायो। अस्थायी हुने ठानिएको सिरिया सेनाको उपस्थिति झन्डै चार दशकभन्दा बढी लम्बियो। सन् १९९१ मा लेबनानी गृहयुद्ध अन्त्य हुँदासम्म सिरियाले लेबनानी भूमि र यसको घरेलु तथा अन्तर्राष्ट्रिय मामिलाहरूमाथि पूर्ण नियन्त्रण कायम गरिसकेको थियो।

सिरियाली फौजबाट बेपत्ता, गैरकानुनी नजरबन्द, यातना र राजनीतिक व्यक्तित्व र पत्रकारहरूको हत्याजस्ता गम्भीर मानव अधिकार उल्लंघनका घटना रिपोर्ट गरिएको थियो। लेबनानमाथिको सिरियाली वर्चस्वको खुला विरोध गर्ने लेबनानी प्रधानमन्त्री रफिक हरिरी सन् २००५ फेब्रुअरीमा एक आक्रमणमा मारिए। हरिरीको हत्यामा असद र वरिष्ठ सिरियाली अधिकारीहरू संलग्न थिए। यस हत्याले लेबनानमा ठुलो विरोध प्रदर्शनलाई उत्प्रेरित गर्‍यो। लाखौँ लेबनानी नागरिकहरू सिरियाली सेना तत्काल फिर्ता हुनुपर्ने माग राख्दै सडकमा उत्रिए। त्यसपछि मात्र सिरियाली सेना लेबनान छोड्न बाध्य भयो।


सेना त बाहिरियो तर लेबनानको राजनीतिमाथिको सिरियाली हस्तक्षेपको अन्त्य भएन। उसले राजनीतिक-सैन्य समूहको रूपमा विकसित भएको हिजबुल्लाहमार्फत लेबनानी राजनीतिमाथिको हस्तक्षेप जारी राख्यो। सन् २००८ सम्म हिजबुल्लाहले लेबनानी सरकारमा सामेल हुने हैसियतमा पुगिसकेको थियो। हिजबुल्लाहले सरकारमा रहेर सिरिया तथा इरानको हित रक्षाविरुद्धका हरेक सरकारी निर्णयमाथि अवरोध सिर्जना गर्न थाल्यो। उदाहरणका लागि, हिजबुल्लाह र उसका सहयोगी दलहरूले असदको शासनको समर्थन नगर्ने हरेक राष्ट्रपति उम्मेदवारविरुद्ध भिटो प्रयोग गरिरहँदा लेबनानले लामो समय राष्ट्रपतिविहीन रह्यो।

अनिश्चित भविष्य

हिजबुल्लाह अझै पनि इरानको संरक्षणमा लेबनानमा सक्रिय रहन सक्छ। तथापि, असदको पतनपछि इरानबाट लेबनानसम्मको स्थलमार्ग टुटेकाले ऊ नियमित आपूर्तिबाट वञ्चित हुनेछ। अर्थात्, हिजबुल्लाहको इरानका लडाकु र हतियारमाथिको द्रुत पहुँच अन्त्य हुनेछ। लेबनान र इजरायलबिच भर्खरै भएको युद्धविराममा लेबनानले हिजबुल्लाहको निशस्त्रीकरणको आह्वान गर्ने संयुक्त राष्ट्रको प्रस्तावप्रति लेबनानको प्रतिबद्धता देखिएको छ। नयाँ सिरिया कस्तो हुनेछ भन्ने अहिलेसम्म स्पष्ट भइसकेको छैन। तर, असदको क्रूर शासनबाट दशकौँ पीडा भोगेका लेबनानी तथा सिरियाली जनता अहिलेका लागि असदको बहिर्गमनबाट खुसी भएका छन्।

द कन्भर्सेसनबाट

इतिहासमा आज डिसेम्बर १६



सन् १९७१ : भारत र पाकिस्तानबिचको युद्ध अन्त्य भएको थियो। बंगलादेशको स्वतन्त्रताको युद्धलाई भारतले समर्थन गरेपछि दुई देशबिच तेस्रो युद्ध भएको थियो। स्वतन्त्र बंगलादेशको स्थापनापछि १३ दिनमा भारत र पाकिस्तानको तेस्रो युद्ध अन्त्य भएको थियो।

सन् १७०७ : माउन्ट फुजीमा पछिल्लोपटक अहिलेसम्मकै लामो ज्वालामुखी विस्फोट भएको थियो। होई इरप्सन नाम दिइएको सो विस्फोट १७ दिनसम्म भएको थियो।

सन् १७७३ : अमेरिकाको बोस्टनमा टी पार्टी आयोजना भएको थियो। बेलायतले नियन्त्रण गरेको बोस्टनका प्रदर्शनकारीलाई बोस्टन बन्दरगाहभित्रको ब्रिटिस चियामा भारी कर लगाइएको थियो। बोस्टन टी पार्टीलाई अमेरिकी क्रान्तिको महत्त्वपूर्ण घटना मानिन्छ।

सन् १९७६ : अमेरिकाका तत्कालीन राष्ट्रपति एन्ड्रिउ योङलाई राष्ट्रसंघको राजदूतमा नियुक्त गरे।

सन् १९९१ : आजकै दिन मध्य एसियाली देश काजकिस्तान स्वतन्त्र भएको थियो। सन् १९२० मा काजकिस्तान तत्कालीन सोभियत संघको स्वायत्त गणराज्य बनेको थियो।

सन् १९९८ : संयुक्तराज्य अमेरिकाले संयुक्त राष्ट्र हतियार निरीक्षकहरूको पालना गर्न असफल भएकोमा इराकमा मिसाइल आक्रमण सुरु गर्‍यो।

साढे सात हजार सिरियाली स्वदेश फर्किए

दमास्कस / सिरियाका शक्तिशाली राष्ट्रपति बसर अल-असदको पतन भएको पाँच दिनमा सात हजार ६ सयभन्दा बढी सिरियाली आप्रवासीले टर्कीको सीमापार गरेर घर फर्किएका छन्। टर्कीका गृहमन्त्रीले आइतबार उक्त जानकारी दिएका हुन्। सामाजिक सञ्जाल एक्समा दिएको बयानमा गृहमन्त्री अली येरलिकायाले डिसेम्बर ९ र १३ को बिचमा प्रत्येक दिन 'टर्कीबाट स्वेच्छाले फर्केका' सिरियालीहरूको कुल संख्या सात हजार सात सय नाघेको हो। टर्की सन् २०११ मा गृहयुद्ध सुरु भएपछि सिरियाबाट भागेका करिब ३० लाख शरणार्थीहरूको घर हो र असदको पतनले धेरैजना घर फर्कने आशा जगाएको छ।

सोमबार बिहान एएफपीका संवाददाताहरूले सिरियाको दोस्रो सहर अलेप्पोबाट करिब ५० किलोमिटर पश्चिममा रहेको सिलभेगोजु सीमामा सयौँ शरणार्थी भेला भएका र एकै दिन एक हजार दुई सय ५९ जनाले सीमापार गरेका थिए। असदको पतन भएको ४८ घन्टाभित्रै टर्कीले आफ्नो दैनिक सीमापार गर्ने क्षमतालाई तीन हजारबाट १५ हजारदेखि २० हजारसम्म बढाएको थियो। टर्कीले सिरियासँग नौ सय किलोमिटर लामो सीमा साझा गरेको छ र यसले 'यातायात सहज बनाउन' सुदूर पश्चिममा छैटौँ नाका खोल्ने बताएको छ। टर्की समाजभित्र सिरियालीविरोधी भावना बढ्दै जाँदा अंकारा सकेसम्म धेरै शरणार्थी आफ्नो मातृभूमिमा फर्कन हेर्न उत्सुक छ। गृह मन्त्रालयका अनुसार तिनीहरूमध्ये करिब १२ लाख ४० हजार (करिब ४२ प्रतिशत) अलेप्पो क्षेत्रका हुन्। यसैबिच, टर्कीले असदलाई सत्ताच्युत गर्ने विद्रोहीहरूले अनुरोध गरेमा उनीहरूले स्थापना गरेको सिरियाको नयाँ इस्लामवादी नेतृत्वको सरकारलाई सैन्य सहयोग गर्न तयार रहेको बताएको छ।

हिमालयन बैंक लिमिटेडको धितो लिलाम विक्रीको ७ दिने सूचना

तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट लिएको ऋणकर्जाको समय समयमा तिर्न बुझाउनु पर्ने साँवा, ब्याज आदि नतिरी नबुझाई ऋणकर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको तथा पटक पटक लिखित एवं मौखिक तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता नगरेकोले ३५ दिने सूचना प्रकाशित गरी सम्पूर्ण साँवा, ब्याज चुक्ता गर्न अनुरोध गर्दा समेत पनि आज सम्म उक्त कर्जाको साँवा र सोमा लागेको ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै ध्यान/चासो नदिएकाले, धितो लिलाम बिक्रीको १५ दिने सूचना प्रकाशित गरी लिलाम गर्दा लिलाममा बोलकबोल गर्न कोही पनि उपस्थित हुन नआएकोले तपसिलमा लेखिएको सम्पत्ति जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आजको मितिले ७ (सात) दिन भित्र पुनः तपसिलमा उल्लेखित समय र स्थानमा लिलाम बिक्री गरिने हुँदा लिलाममा डाँक बढाबढ गरी लिन इच्छुक महानुभावहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। व्यक्तिगत/धितो जमानत दिनु हुने महानुभावलाई पनि धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने बारे यसै सूचना बाट जानकारी गराएका छौं।

तपसिल

ऋणी/ऋणीहरुको विवरण	धितोको विवरण
शाखा कार्यालय : विर्तामोड शाखा, झापा	
१. नेपाल सरकार, उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २५८२५६/०७७/०७८ कायम भई मिति २०७७/११/२३ मा दर्ता भएको **साहुमितेरी कृषि फार्म प्रा.लि. (ऋणी)** **संचालक तथा व्यक्तिगत जमानी दिनेः हुमानाथ सिवाकोटी** **व्यक्तिगत जमानी दिनेः शारदा देवी खरेल, अनिश सिवाकोटी र अनिमा सिवाकोटी** **यसअधि प्रकाशित सूचनाः** मिति २०८०।१०।२९ को आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना। मिति २०८१।०७।०७ को नागरिक राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना।	१. **ऋणी साहु मितेरी कृषि फार्म प्रा.लि.को** नाममा दर्ता कायम रहेको झापा जिल्ला, बाहुनडाँगी गा.वि.स. वडा नं. १ (हाल परिवर्तित झापा जिल्ला मेचिनगर न.पा. वडा नं. ४) स्थित कित्ता नं. २६८९ क्षेत्रफल ०-४-०-०, कित्ता नं. २६९७ क्षेत्रफल ०-६-०-०, कित्ता नं. ३३४६ क्षेत्रफल ०-८-०-०, कित्ता नं. २६८८ क्षेत्रफल ०-५-१०-०, (बिघा) जग्गा समेत। २. रामलाल शिवाकोटीको नाति ठाकुर प्रसाद सिवाकोटीको छोरा झापा जिल्ला बाहुनडाँगी गा.वि.स. वडा नं. ४ (हाल परिवर्तित मेचीनगर न.पा. वडा नं. ४) बस्ने **हुमानाथ सिवाकोटीको** नाममा दर्ता कायम रहेको झापा जिल्ला बाहुनडाँगी गा.वि.स. वडा नं. १ (हाल परिवर्तित मेचीनगर न.पा. वडा नं. ४) स्थित कित्ता नं. २८२६ को क्षेत्रफल ०-१२-०(विघा) घर/जग्गा समेत।
२. नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य विभाग प्रा.फ.नं. ३८८/४६६० कायम भई मिति २०७०/०८/२५ मा दर्ता भएको **धर्मे मोटरसाइकल पार्टस खरिद बिक्रि (ऋणी)** **प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिनेः उपेन्द्र ठाकुर** **व्यक्तिगत जमानी दिनेः आसा देवि ठाकुर, सन्तोषी देवी ठाकुर र धर्मेन्द्र ठाकुर** **यसअधि प्रकाशित सूचनाः** मिति २०८०।१०।१० को नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना। मिति २०८१।०७।०७ को नागरिक राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना।	१. फकिरा ठाकुरको नाति रामदेव ठाकुरको छोरा झापा जिल्ला भद्रपुर न.पा वडा नं. २ बस्ने **उपेन्द्र ठाकुर-१** र फकिरा ठाकुरको नाति रामदेव ठाकुरको छोरा ऐ.ऐ. बस्ने **धर्मेन्द्र ठाकुर-१** समेत २ जनाको नाममा संयुक्त दर्ता कायम रहेको झापा जिल्ला भद्रपुर न.पा वडा नं. ९ (हाल परिवर्तित भद्रपुर न.पा वडा नं.७) स्थित कित्ता नं. ६५ को क्षेत्रफल ८४.६५ (व.मि) जग्गा समेत। २. फकिरा ठाकुरको नाति रामदेव ठाकुरको छोरा झापा जिल्ला भद्रपुर न.पा. वडा नं. २ बस्ने **उपेन्द्र ठाकुरको** नाममा दर्ता कायम रहेको झापा जिल्ला भद्रपुर न.पा वडा नं. ३ (हाल परिवर्तित भद्रपुर न.पा वडा नं. ७) स्थित कित्ता नं. १०३ को क्षेत्रफल १९०.३० (व.मि.) घर/जग्गा समेत।
३. नेपाल सरकार उद्योग मन्त्रालय घरेलु तथा साना उद्योग विभाग भद्रपुर, झापामा प्रा.फ.नं.घ.उ.वि. ८४/९४८/१३४२२ कायम भई मिति २०७४/०५/१४ मा दर्ता भएको **पौडेल कृषि तथा पशुपालन (ऋणी)** **प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिनेः कल्प प्रसाद पौडेल** **व्यक्तिगत जमानी दिनेः तुलसी पौडेल, प्रदिप पौड्याल, सरिता पौड्याल र विमला कुमारी खतिवडा (पौडेल)** ४. डिल्ली प्रसाद पौडेलको नाति कल्प प्रसाद पौडेलको छोरा सरिता पौड्यालको पति झापा जिल्ला बाहुनडाँगी गा.वि.स वडा नं. १ (हाल परिवर्तित मेचीनगर न.पा. वडा नं. ४) बस्ने **प्रदिप पौड्याल (ऋणी)** **व्यक्तिगत जमानी दिनेः तुलसी पौडेल, विमला कुमारी खतिवडा (पौडेल) सरिता पौड्याल र कल्प प्रसाद पौडेल** **यसअधि प्रकाशित सूचनाः** मिति २०८०।०९।२६ को आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना। मिति २०८१।०७।०७ को नागरिक राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना।	१. डिल्ली प्रसाद पौडेलको बुहारी गोपाल प्रसाद खतिवडाको छोरी कल्प प्रसाद पौडेलको पत्नि झापा जिल्ला बालुवाडी गा.वि.स. वडा नं. २ बस्ने **विमला कुमारी खतिवडा (पौडेल)** नाममा दर्ता कायम रहेको झापा जिल्ला बाहुनडाँगी गा.वि.स वडा नं. १ (हाल परिवर्तित मेचीनगर न.पा. वडा नं. ४) स्थित कित्ता नं. १४४४ को क्षेत्रफल १-०-०-० (विघा) जग्गा समेत। २. विष्णु प्रसाद पौडेलको नाति डिल्ली प्रसाद पौडेलको छोरा विमला कुमारी खतिवडा (पौडेल)को पति झापा जिल्ला बाहुनडाँगी गा.वि.स. वडा नं. १ बस्ने **कल्प प्रसाद पौडेलको** नाममा दर्ता कायम रहेको झापा जिल्ला बाहुनडाँगी गा.वि.स वडा नं. १ (हाल परिवर्तित झापा जिल्ला मेचीनगर न.पा. वडा नं. ४) स्थित कित्ता नं. १४४५ को क्षेत्रफल ०-१९-१०-० (विघा) जग्गा समेत।
शाखा कार्यालय : गरुडा शाखा, रौतहट	
१. नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहट मा दर्ता नं. ९१७५/२२ कायम भइ मिति २०७७/०४/०५ मा दर्ता भएको **बैठा ट्रेड सेन्टर (ऋणी)** **प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिनेः मनोज कुमार साफी** **संस्थागत जमानी दिनेः संन्धया शोप एण्ड केमिकल इण्डष्ट्रिज र महालक्ष्मी गल्ला भण्डार** **व्यक्तिगत जमानी दिनेः अनुठा बैठा, गीता देवी, अमिरी बैठा, प्रमोद कुमार बैठा**	तिलक बैठाको नाति लालजी बैठाको छोरा रौतहट जिल्ला गमहरीया पर्सा गा.वि.स वडा नं. ९ (हाल परिवर्तित गढीमाई न.पा. वडा नं. ३) बस्ने **अनुठा बैठाको** नाममा दर्ता कायम रहेको: क) रौतहट जिल्ला चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. ५ (हाल परिवर्तित चन्द्रपुर न.पा. वडा नं. ५) स्थित कित्ता नं. ७४० को क्षेत्रफल ०-०-१३-० जग्गा समेत। ख) रौतहट जिल्ला चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. १ (हाल परिवर्तित चन्द्रपुर न.पा. वडा नं. ४) स्थित कित्ता नं. ५१३० को क्षेत्रफल ०-०-१०-० घर/जग्गा समेत। ग) रौतहट जिल्ला चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. २ (हाल परिवर्तित चन्द्रपुर न.पा. वडा नं. ६) स्थित कित्ता नं. ३९१९ को क्षेत्रफल ०-१-०-० र कित्ता नं. ३९१८ को क्षेत्रफल ०-१-१६-० जग्गा समेत। घ) रौतहट जिल्ला चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. ९ (हाल परिवर्तित चन्द्रपुर न.पा. वडा नं. ६) स्थित कित्ता नं. १४१८ को क्षेत्रफल ०-२-५-०, (विघा) जग्गा र घर /समेत। (माथि उल्लेखित अचल सम्पत्ति श्री संन्धया शोप एण्ड केमिकल इण्डष्ट्रिज र महालक्ष्मी गल्ला भण्डारले उपभोग गरेको कर्जाको लागि पनि धितो सुरक्षण कायम गरिएको छ।)
२. प्रदेश सरकार मधेश प्रदेश, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय रौतहट गौरमा उद्योग दर्ता नं. ९५४४/१५९/८६६/३३ कायम भइ मिति २०७८/०४/२० मा दर्ता भएको **संन्धया शोप एण्ड केमिकल इण्डष्ट्रिज (ऋणी)** **प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिनेः मनोज कुमार साफी** **संस्थागत जमानी दिनेः महालक्ष्मी गल्ला भण्डार र बैठा ट्रेड सेन्टर** **व्यक्तिगत जमानी दिनेः अनुठा बैठा, गिता देवी, अमिरी बैठा र प्रमोद कुमार बैठा**	१. **ऋणी संन्धया शोप एण्ड केमिकल इण्डष्ट्रिजको** नाममा दर्ता कायम रहेको रौतहट जिल्ला चन्द्रनिगाहपुर गा.वि.स वडा नं. ९ (हाल परिवर्तित रौतहट जिल्ला चन्द्रपुर न.पा. वडा नं. ६) स्थित कित्ता नं. १४१२ को क्षेत्रफल ०-०-१०-०, कित्ता नं. १३०८ को क्षेत्रफल ०-०-१३-४, कित्ता नं. १३१० को क्षेत्रफल ०-०-१३.५-० र कित्ता नं. १३०९ को क्षेत्रफल ०-०-१३-४ (विघा) जग्गा समेत। (माथि उल्लेखित अचल सम्पत्ति श्री बैठा ट्रेड सेन्टर र महालक्ष्मी गल्ला भण्डारले उपभोग गरेको कर्जाको लागि पनि धितो सुरक्षण कायम गरिएको छ।) २. धनी हिमालयन बैंक लि.ऋणी **संन्धया शोप एण्ड केमिकल इण्डष्ट्रिज** कायम भइ दर्ता भएको मधेश प्रदेश, ०३ ००१ च ७०४२ को इन्जिन नं. **BMH053641P** च्यासिस नं. **MB1AA22E5MRAS6760** को **Dost Plus Pickup.**
३. नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य विभाग घरेलु तथा साना उद्योग कार्यालय गौर रौतहटमा प्रा.फ.र.नं. २४५/९९ कायम भइ मिति २०६५/१/१७ मा दर्ता भएको **महालक्ष्मी गल्ला भण्डार (ऋणी)** **प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिनेः अनुठा बैठा** **व्यक्तिगत जमानी दिनेः** **मनोज कुमार साफी** **अमिरी बैठा** **गीता देवी** **प्रमोद कुमार बैठा** **यसअधि प्रकाशित सूचनाः** मिति २०८१/०५/३१ को कारोबार राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सूचना मिति २०८१।०८।०५ को आर्थिक अभियान राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना।	१. तिलक बैठाको नाति लालजी बैठाको छोरा रौतहट जिल्ला, गमहरिया पर्सा गा.वि.स. वडा नं. ९ (हाल परिवर्तित गढीमाई न.पा. वडा नं. ३) बस्ने **अनुठा बैठा-१** र ऐ. को नाति ऐ. को छोरा ऐ. बस्ने **अमिरी बैठा-१** समेत जना २ को संयुक्त नाममा दर्ता कायम रहेको साविक रौतहट जिल्ला गरुडा बैरिया गा.वि.स. वडा नं. ६ (हाल परिवर्तित गरूडा न.पा. वडा नं. ४) स्थित कित्ता नं. ११०१ को क्षेत्रफल ०-१-३ र कित्ता नं. ११०३ को क्षेत्रफल ०-०-२ (विघा) घर जग्गा समेत। २. तिलक बैठाको नाति लालजी बैठाको छोरा रौतहट जिल्ला गमहरिया पर्सा गा.वि.स. वडा नं. ९ (हाल परिवर्तित गढीमाई न.पा. वडा नं. ३) बस्ने **अनुठा बैठाको** नाममा दर्ता कायम रहेको रौतहट जिल्ला गम्हरीया गा.वि.स. वडा नं. ७ (हाल परिवर्तित रौतहट जिल्ला गढीमाइ न.पा. वडा नं. ३) स्थित कित्ता नं. १४९ को क्षेत्रफल ०-४-१८, कित्ता नं. ११३ को क्षेत्रफल ०-८-८, कित्ता नं. १५४ को क्षेत्रफल ०-५-०, कित्ता नं. १५३ को क्षेत्रफल ०-५-० र कित्ता नं. १५२ को क्षेत्रफल ०-५-० (विघा) जग्गा समेत। (माथि उल्लेखित अचल सम्पत्ति श्री बैठा ट्रेड सेन्टर र संन्धया शोप एण्ड केमिकल इण्डष्ट्रिजले उपभोग गरेको कर्जाको लागि पनि धितो सुरक्षण कायम गरिएको छ।)
४. नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय घरेलु तथा साना उद्योग कार्यालय रौतहट गौरमा प्रा.फ.नं. ३११६/१४० कायम भई मिति २०६६/१०/०७ मा दर्ता भएको **त्रिशक्ति पोल्ट्री फर्म (ऋणी)** **प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिनेः आनन्द कुमार महतो** **व्यक्तिगत जमानी दिनेः** **जितेन्द्र कुमार कुशवाहा, पुनम देवी कुशवाहा, गायत्री देवी, धिरेन्द्र कुमार कुशवाहा र श्रुती कुशवाहा** **यसअधि प्रकाशित सूचनाः** मिति २०८१।०४।२८ को कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना। मिति २०८१।०७।०७ को नागरिक राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना।	१. ऋणी **त्रिशक्ति पोल्ट्री फर्मको** नाममा दर्ता कायम रहेको रौतहट जिल्ला डुमरिया मटियौन गा.वि.स. वडा नं. ४ (हाल परिवर्तित चन्द्रपुर न.पा. वडा नं. १०) स्थित कित्ता नं. २५१२ क्षेत्रफल ०-२-१७-० र कित्ता नं. २०३ क्षेत्रफल ०-८-०-० (विघा) जग्गा समेत। २. हरि दयाल महतोको नाति बासुदेव महतो कोइरीको छोरा गायत्री देवी र पुनम देवी कुशवाहाको पति रौतहट जिल्ला कटहरीया न.पा. वडा नं. ४ बस्ने **आनन्द कुमार महतोको** नाममा दर्ता कायम रहेको: क) रौतहट जिल्ला कटहरीया न.पा. वडा नं. ४ स्थित कित्ता नं. १६४ क्षेत्रफल ०-०-७-०, कित्ता नं. १६५ क्षेत्रफल ०-०-९-०, कित्ता नं. १६६ क्षेत्रफल ०-०-४-०, कित्ता नं. १७१ क्षेत्रफल ०-०-१२-०, कित्ता नं. १३८४ क्षेत्रफल ०-१-३.५-०, कित्ता नं. १५९६ क्षेत्रफल ०-१-१६-० (विघा) घर जग्गा समेत। ख) रौतहट जिल्ला कटहरीया न.पा. वडा नं. ४ स्थित कित्ता नं. १२८९ क्षेत्रफल ०-३-०-०, कित्ता नं. १२८७ क्षेत्रफल ०-२-१०-०, कित्ता नं. ३४४८ क्षेत्रफल ०-०-८-० (विघा) जग्गा समेत।
शाखा कार्यालय : मेलम्ची शाखा, सिन्धुपाल्चोक	
डिल्ली प्रसाद कुइकेलको नाति विश्वनाथ कुइकेलको छोरा, सिन्धुपाल्चोक जिल्ला ज्यमिरे गा.वि.स. वडा नं. ४ (हाल परिवर्तित मेलम्ची न.पा वडा नं. ०९) बस्ने **विष्णु प्रसाद कुइकेल (ऋणी)** **व्यक्तिगत जमानी दिनेः शुशिला पराजुली** **यसअधि प्रकाशित सूचनाः** मिति २०८०।०७।२० को आर्थिक अभियान राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सूचना। मिति २०८१।०५।०५ को कारोबार राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना।	**ऋणी विष्णु प्रसाद कुइकेलको** नाममा दर्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला शिखरपुर गा.वि.स. वडा नं. २ (हाल परिवर्तित मेलम्ची न.पा वडा नं. १०) स्थित कित्ता नं. २ को क्षेत्रफल ३-१-१-२ र कित्ता नं. ४ को क्षेत्रफल ४-१३-३-२ (रोपनी) जग्गा समेत।

लिलामीका शर्तहरु :

१) लिलाममा अन्तिम पटक सबै भन्दा बढी कबोल गर्ने व्यक्तिले आफुले बोलको अंकको १० प्रतिशतले हुने रकम नगदै धरौटी वापत तुरुन्त यस बैंकमा बुझाउनु पर्नेछ। दा.खा./नामसारी गर्दा सम्बन्धित कार्यालयहरुमा लाग्ने सम्पूर्ण रजिष्ट्रेशन शुल्क, लाभकर, एकृकित सम्पत्ति, घरबाटो सिफारिस, बक्यौता कर दायित्व समेत लिलाम सकार गरी लिनेले नै बुझाउनु पर्नेछ।
२) डांक बढाबढ गर्दा सबैभन्दा बढी अंक बोल्ने व्यक्तिलाई अचल सम्पति दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। लिलाम डांक बढाबढ हुनु अगावै ऋणीको तर्फबाट बैंकलाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण रकम बुझाएमा लिलाम बिक्री कार्य रद्द गरिनेछ।
३) लिलाम सकार गर्ने व्यक्तिले बैंकबाट लिलाम निश्चितको सूचना पाएको ७ दिन भित्र बाँकी रकम बुझाई चल/अचल सम्पति बुझिनलिएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४) लिलामको दिन बैंक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन लिलाम बढाबढ हुनेछ।
५) लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (बैंक सरकारी बिदा बाहेक) पुनः लिलामको कार्य हुनेछ।
६) लिलाम विक्री हुने चल/अचल सम्पतिको सम्बन्धित कागजातहरु हेर्न चाहनु हुने महानुभावहरुले यस बैंकको सम्बन्धित शाखा कार्यालयमा समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ।
७) यस बैंकको सम्बन्धित शाखा कार्यालयमा अपरान्ह १२:०० बजे देखी २:०० बजे सम्म लिलामको डांक बढाबढ हुनेछ।
८) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७(७) अनुसार लिलाम विकी गर्दा कसैले नसकारेमा बैंकले उक्त सम्पतिको स्वमित्व आफुमा लिन सक्नेछ।
९) लिलामबाट बैंकको कर्जा रकम चुक्ता नभएमा वा बैंकले सकार गरि लिदा समेत सम्पूर्ण कर्जा चुक्ता नभएमा कर्जाको लागि ऋणी तथा व्यक्तिगत जमानि दिने जमानतकर्ता समेत उपर बाँकी रकमको लागि संम्बन्धित निकायमा मुद्दा दायर गरिने छ।

लिलाम हुने मिति : २०८१ साल पौष महिना ७ गते आइबार।

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

हिमालयन बैंक लि. केन्द्रीय कार्यालय
कर्जा असुली विभाग, कमलादी,
फोन नं. ०१-४१६९१५०, पो.ब.नं. २०५९० काठमाडौं

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०

नेपाल प्रिमियर लिग २०२४

काठमाडौं र कर्णालीमध्ये एक प्लेअफमा पुग्ने

सुदूरपश्चिम रोयल्स, जनकपुर बोल्ट्स र चितवन राइनोजले प्लेअफमा स्थान बनाउँदा काठमाडौं र कर्णालीमध्ये एक टोली शीर्ष चारमा पुग्ने समीकरण

नयाँ पत्रिका

नेपाल प्रिमियर लिग (एनपिएल)को प्लेअफमा तीन टोलीले स्थान सुरक्षित गरिसक्दा काठमाडौं गुर्खाज र कर्णाली याक्समध्ये एक टोली अन्तिम चारमा पुग्ने समीकरण बनेको छ। प्लेअफमा सुदूरपश्चिम रोयल्स, जनकपुर बोल्ट्स र चितवन राइनोज पुगेका छन्। आइतबार काठमाडौंले विराटनगर किंग्सलाई पराजित गरेपछि चितवन प्लेअफमा पुगेको हो। त्रिवि क्रिकेट मैदानमा पोखरा एभेन्जर्समाथि ५ रनको रोमाञ्चक जित निकालेको सुदूरपश्चिम १० अंकका साथ शीर्ष स्थानमा उक्लेको छ।

जनकपुर दोस्रो स्थानमा छ। जनकपुरको सात खेलबाट १० अंक छ। सुदूरपश्चिमले एक खेल कम खेलेको छ। अब सोमबार सुदूरपश्चिमले कर्णालीविरुद्ध लिग चरणको अन्तिम खेल गर्नेछ। यसै खेलबाट प्लेअफमा पुग्ने अन्तिम टोलीको छिनोफानो हुनेछ। काठमाडौंले विराटनगर किंग्समाथि एक विकेटको जित निकालेका कारण अन्तिम चारमा पुग्ने टोलीको छिनोफानो नभएको हो। काठमाडौं पराजित हुँदा एनपिएलको प्लेअफ समीकरण तयार हुने थियो।

कर्णालीले सुदूरपश्चिमलाई हराए सीधै प्लेअफमा स्थान बनाउनेछ। अप्रत्याशित ठूलो हारले कर्णालीको शीर्ष चारको स्थान कमजोर बन्नेछ। सुदूरपश्चिमसँग कर्णाली ठूलो अन्तरले पराजित हुँदा काठमाडौंको भाग्य चम्किनेछ। चितवनसँगै कर्णाली र काठमाडौंको समान ८ अंक छ। सुदूरपश्चिमसँग पराजित भएपछि पोखरा लिग चरणबाटै बाहिरियो। लिगमा एक मात्रै जितसहित लुम्बिनी पुछारमा रह्यो।

शीर्ष चारमा रहेका टोलीमध्ये शीर्ष दुईले पहिलो क्वालिफायर खेल्नेछन्। जित्ने टोली फाइनलमा पुग्नेछ। पराजित हुने टोलीलाई दोस्रो क्वालिफायर खेल्ने मौका हुनेछ। लिगमा तेस्रो र चौथो हुने टोलीले इलिमिनेटर खेल्नेछन्। जित्ने टोली दोस्रो क्वालिफायरमा पुग्नेछ। पराजित हुने टोली बाहिरिनेछ। दोस्रो क्वालिफायरको विजेताले फाइनलमा स्थान बनाउनेछ।



पोखरा एभेन्जर्सविरुद्ध विकेट लिएपछि सुदूरपश्चिम रोयल्सका खेलाडी। तस्बिर : **दिपेन्द्र ढुंगाना**/ नयाँ पत्रिका

आजको खेल

बिहान ९:०० बजे

सुदूरपश्चिम **रोयल्स** vs कर्णाली **याक्स**

अंकतालिका

टोली	खेल	जित	हार	अंक	रनरेट
सुदूरपश्चिम	६	५	१	१०	२.१०
जनकपुर	७	५	२	१०	०.१६
चितवन	७	४	३	८	०.६३
कर्णाली	६	४	२	८	०.०९
काठमाडौं	७	४	३	८	-०.३२
विराटनगर	७	२	५	४	-०.७०
पोखरा	७	२	५	४	-१.३३
लुम्बिनी	७	१	६	२	-०.४९

काठमाडौंको झिनो आशा

प्लेअफको आशा जीवितै राख्न काठमाडौंले विराटनगरलाई फराकिलो अन्तरले हराउनुपर्ने थियो। विराटनगरलाई एक विकेटले हराए पनि काठमाडौंले रनरेटमा खासै सुधार ल्याउन सकेन। राम्रो रनरेटमा जित निकाल्दा काठमाडौं अंक तालिकामा माथि पुग्ने थियो। चार जित निकालेको काठमाडौं ८ अंकका साथ पाँचौं स्थानमा रह्यो। पहिलो ब्याटिङ गरेको विराटनगरले १९.५ ओभरमा सबै विकेट गुमाएर ११६ रनको मध्यम योगफल खडा गऱ्यो। प्रत्युत्तरमा काठमाडौंले १८.१ ओभरमा नौ विकेटको क्षतिमा १२० रन बनायो।

इनिङ्सको १८.१ ओभरमा सुभास भण्डारीविरुद्ध चौका प्रहार गर्दै दीपेश कँडेलले काठमाडौंको प्लेअफ सम्भावना जीवितै राखेका हुन्। काठमाडौंका लागि प्रतीक श्रेष्ठले ३४ बलमा समान दुई चौका र छक्कासहित सर्वाधिक ३९ रन बनाए। शंकर राना २० बल सामना गर्दै १६ रनमा अविजित रहे। दीपेश कँडेलले पाँच बलमा समान एक चौका र छक्कासहित ११ रनको विजयी इनिङ्स खेले। विराटनगरका लेग स्पिनर सन्दीपले तीन विकेट लिए। अनिल खरेल, बसिर अहमेद र क्रिस सोलले समान दुई विकेट हात पारेका थिए।

यसअघि विराटनगरको ब्याटिङ चल्न सकेन। अनुभवी खेलाडी राजेश पुलामी मगरले २१ बलमा समान एक चौका र एक छक्का प्रहार गरी सर्वाधिक २५ रनको योगदान दिए। ओपनर दीपक बोहराले २० र लोकेश बलमे ८ रन जोडे। विराटनगरले न्युजिल्यान्डका कीर्तिमानी खेलाडी मार्टिन गुप्तिललाई विश्राम दिएको थियो। काठमाडौंका लागि नामिबियाका कप्तानसमेत रहेका जेरार्ड इरास्मसले सर्वाधिक तीन विकेट लिए।

अन्तिम ओभरमा सुदूरपश्चिम विजयी

एनपिएलको २७औं खेलमा सुदूरपश्चिमले पहिलो ब्याटिङ गरी सात विकेट गुमाएर १५३ रन बनाएको थियो। प्रत्युत्तरमा पोखराले १९.४ ओभरमा सबै विकेट गुमाएर १४८ रन मात्र जोड्दा सुदूरपश्चिमले पाँच रनको रोमाञ्चक जित निकाल्यो। पोखरालाई जितका लागि अन्तिम ओभरमा ८ रन आवश्यक थियो। सुदूरपश्चिमका मार्की तथा कप्तान दीपेन्द्रसिंह ऐरीले स्कट कुगेलेनलाई बलिङ गर्न दिए। उनले अन्तिम ओभरमा सनसनीपूर्ण बलिङ गरी तीन विकेट लिँदा पोखरा स्तब्ध भयो।

क्रिजमा सेट ब्याट्समयान किरण ठगुन्ना थिए। आक्रामक रूपमा ब्याटिङ गरिरहेका किरण १९.१ ओभरमा बोल्ड भए। निर्णायक मोडमा विकेट गुमाएका किरणले २८ बलमा तीन चौका र एक छक्का प्रहार गरी ३२ रनको योगदान दिए। स्कटले १९.२ ओभरमा सुदीप अर्यालले रनआउट गराए। त्यसपछि इनिङ्सको १९.४ ओभरमा विपिन खत्रीलाई म्याकमुलेनबाट डकआउट गराउँदै स्कटले सुदूरपश्चिमलाई ५ रनको जित दिलाए। न्युजिल्यान्डका अलराउन्डर स्कटले पोखराविरुद्ध पाँच विकेट लिए।

उनले ३.१ ओभरमा एक मेडन राखी १८ रन मात्र खर्चेका थिए। स्कट एनपिएलमा पाँच विकेट लिने पाँचौं बलर बनेका छन्। कर्णालीका विलियम बासिस्टोले सर्वाधिक ६ विकेट लिएका छन्। नरेन साउद, हर्ष ठाकर र सोहेल तनभिरले समान पाँच विकेट लिएका छन्। स्कट कुगुलेइन, ललित राजवंशी र रिजन ढकालले समान १३ विकेट लिएका छन्।

पहिलो ब्याटिङ गरेको सुदूरपश्चिमका लागि आरिफ शेखले सर्वाधिक ४२ रन बनाएका थिए। उनले ३८ बलमा दुई चौका र एक छक्का प्रहार गरे। कप्तान दीपेन्द्रसिंहले १६ बलमा एक छक्काको सहयोगमा २० रन जोडे। पोखराका लागि आन्द्रेस गौसले २१ बलमा ३६ रन जोडेका थिए।

नेपाल कबड्डी लिगको ड्राफ्टमा ८४ खेलाडी



नयाँ पत्रिका

नेपाल कबड्डी लिग (एनकेएल)को पहिलो संस्करणका लागि टिम प्रशिक्षक र मार्की खेलाडी घोषणा भएको छ। आइतबार खेलाडीको ड्राफ्ट सकिँदा ६ टोलीले ८४ खेलाडी छनोट गरेका छन्। एस्ट्रोनिक्स म्यानेजमेन्ट प्रालिले आयोजना गर्ने एनकेएलमा ६ सहरका ६ टोलीबिच प्रतिस्पर्धा हुनेछ। टोलीमा विराटनगर ब्यान्डिट्स, जनकपुर नाइट्स, काठमान्डु माभरिक्स, पोखरा लेकर्स, बुटबल रेइडर्स र धनगढी वाइल्डक्याट्स छन्।

विराटनगरले लोकबहादुर विष्ट, जनकपुरले पार्वती राई, काठमान्डुले सरोजकुमार सिंह, पोखराले विष्णुदत्त भट्ट र धनगढीले महेश बोहरालाई प्रशिक्षक बनाएका छन्। बुटवलले सन्दीप पन्त र भारतका पोथुगान्ती सतीशकुमारलाई राखेका छन्। विराटनगरले कल्याण भुजेल, धनगढीले पदमबहादुर विष्ट, बुटवललले गणेश पार्की, जनकपुरले रामु टमाटा, काठमान्डुले घनश्याम रोकामगर र पोखराले प्रदीप मिजारलाई मार्की खेलाडीका रूपमा भित्र्याएका छन्। प्रशिक्षक र मार्कीको छनोटपछि एनकेएलमा खेलाडीको ड्राफ्ट गरिएको थियो।

ड्राफ्टमा ९२ जना नेपाली र २५ विदेशीले प्रतिस्पर्धा गरेका थिए। विदेशी खेलाडीमा थाइल्यान्ड, श्रीलंका, बंगलादेश र केन्याका थिए। ६६ नेपाली र १८ जना विदेशी खेलाडी ड्राफ्टबाट छानिएका छन्। प्रत्येक टोलीमा १४ खेलाडी छन्। हरेक टोलीले दुईदेखि चारजनासम्म विदेशी खेलाडी लिएका छन्।

फुटसलमा ब्लु बर्ड पहिलो

काठमाडौं/ जेम्स विद्यालयद्वारा आयोजित दोस्रो थन्डर बोल्ट्स कप खेलकुद, २०२४ अन्तर्गत यू-१८ छात्रामुनि फुटसलमा ब्लु बर्ड स्कुल प्रथम भएको छ। प्रतियोगितामा एभिएम स्कुल दोस्रो र पुष्पाञ्जली स्कुल तेस्रो भएका छन्। प्रतियोगितामा जेम्स, पुष्पाञ्जली, एभिएम, ब्लु बर्ड, युलेन्स, ब्लुम, काठमान्डु वर्ल्डलगायतले भाग लिएका थिए। यू-१६ मुनि छात्र फुटबलमा विनायक, जेम्स, नेपाल पुलिस र एपिएफ स्कुल सेमिफाइनलमा प्रवेश गरेका छन्। आइतबार भएको क्वार्टरफाइनलमा विनायकले लर्ड लाइट एकेडेमीलाई ३-१ ले हरायो। नेपाल पुलिसले इम्पेरिएल वर्ल्डलाई ५-२ ले पाखा लगायो। जेम्सले ब्रह्मकुञ्जमाथि ३-० को जित निकाल्यो। एपिएफले डिएभी स्कुललाई ८-० ले पराजित गरेको छ।

घरेलु मैदानमा झापा ११ निराश

राष्ट्रिय खेलाडीले भरिएको झापा ११ घरेलु मैदानमा जागृति क्लबसँग २-० ले पराजित

झापामा **चिरञ्जीवी घिमिरे**

राष्ट्रिय जागृति क्लब इटहरी आयोजक झापा ११ लाई २-० ले निराश बनाउँदै पहिलो झापा कप फुटबल प्रतियोगिताको क्वार्टरफाइनमा प्रवेश गरेको छ। बिर्तामोडस्थित डोमालाल राजवंशी रंगशालामा आइतबार भएको खेलमा निराशाजनक प्रदर्शन गरी झापा प्रतियोगिताको पहिलो चरणबाट बाहिरिएको हो। सेमिफाइनल प्रवेशका लागि जागृतिले भारतको जिटिए दार्जिलिङसँगको भेट पक्का गरेको छ।



झापा ११ विरुद्ध जागृतिका मिलन राई नायक बने। उनले नै दुई गोल गरेका थिए। पहिलो हाफमा झापाले जागृतिलाई गोलरहित बराबरीमा रोकेको थियो। दोस्रो हाफको नौ मिनेट खेल सम्हाल्न नसक्दा झापाले दुई गोल खायो। मिलनले खेलको ५३औं मिनेटमा जागृतिलाई १-० का लागि गोल गरे। खेलको ६२औं मिनेटमा उनले व्यक्तिगत दोस्रो गोल गरेका थिए। मिलनले पहिलो गोल उत्कृष्ट फ्रिकिकमा गरेका हुन्।

झापाका डिफेन्डर विशाल दर्जीले मिलन राईमाथि फल गरेपछि पोस्ट भन्दा २० यार्डबाट मिलनले सुन्दर फ्रिकिक गोल गरे। उनले फ्रिकिकबाट प्रहार गरेको बल झापाका गोलरक्षक सन्दीप लिम्बूले जज गर्न सकेनन्। जागृतिले दोस्रो गोल झापाका गोलरक्षक सन्दीपको गल्तीमा गरेको हो। झापाका डिफेन्डर दिवस उरावले डिबक्समा हेडिङबाट दिएको ब्याक पासमा गोलरक्षक सन्दीपले नियन्त्रणमा लिन नसकेको फाइदामा मिलनले सहज गोल गरेका थिए।

राष्ट्रिय खेलाडीले भरिएको झापा

राष्ट्रिय खेलाडी उत्सव राई, आयुष घलान, प्रशान्त लक्सम, डिफेन्डर देवेन्द्र तामाङसहित मैदानमा उत्रिएको झापाले खेलमा अपेक्षकृत प्रदर्शन गर्न सकेन। अनुभवी खेलाडी भए पनि झापाले फितलो खेल प्रस्तुत गऱ्यो। सुरुदेखि नै रक्षपंक्तिलाई खुकुलो बनाउँदै आक्रामक खेल्ने प्रयास गरेको झापाको त्यही गल्तीमा जागृतिले मौका बनायो। खेलको पहिलो हाफ दुवै टोलीले फितलो खेल खेले। झापाले आक्रामक खेल प्रस्तुत गरे पनि फिनिसिङमा कमजोर देखियो।

८१औं मिनेटमा दुई रातो कार्ड

झापा र जागृतिबिचको अन्तिम दश मिनेटको खेल तनावपूर्ण भएको थियो। झापाले गोल खाएपछि खेलाडी आक्रामक देखिन्थे। प्रतिस्पर्धामा उनीहरूले केही रफ खेले। खेलको ८१औं मिनेटमा झापाका आयुष घलान र जागृतिका विदेशी खेलाडी एलेक्सबिच हात हालाहालसम्म भयो। फिफा रेफ्री श्याम दनुवारले दुवैलाई रातो कार्ड दिँदै मैदानबाहिर पठाए। म्यान अफ दी म्याच जागृतिका गोलकर्ता मिलनले १० हजार रुपैयाँ पाए। प्रतियोगिताको सोमबारको पहिलो क्वार्टरफाइनल खेल त्रिभुवन आर्मी फुटबल क्लब र सलहेस फुटबल क्लब सिराहाबिच हुनेछ। यसअघि आर्मीले पहिलो खेलमा मोरङको एलएक्स सिटी एफसीलाई ३-० ले हराएको थियो।

सूचना

यस **ईशान बाल तथा महिला अस्पताल**मा ओपिडी सेवा विहान ७:00 बजेदेखि बेलुका ८:00 बजेसम्म हप्ताको सातै दिन वर्षभरि विभिन्न वरिष्ठ विशेषज्ञहरूद्वारा सञ्चालनमा रहेको जानकारी गराउदछौं ।



विस्तृत जानकारीका लागि
९८४६९९१६६९/०१-४९५९५६० मा सम्पर्क गर्नुहोला

२४ सै घण्टा बाल रोग विशेषज्ञद्वारा नवजात, बाल रोग सम्बन्धी सबै प्रकारका उपचार साथै स्त्री, प्रसुति तथा हाडजोर्नी रोगको सम्पूर्ण शल्य सेवाहरू पनि उपलब्ध छ ।

SERVICES

- Neonatal, Pediatric & Adolescent Surgery
- Pediatric Urology
- Pediatric Laparoscopic Surgery
- Endoscopy, Colonoscopy & Gastro Surgery
- Obstetrics & Gynecology
- Orthopedic Surgery
- IVF (Infertility Clinic)
- ENT Surgery
- Dental Surgery
- Ophthalmology Surgery
- Immunization Clinic (7 Days)
- ICU (NICU,PICU) & HDU
- Neonatal, Pediatric & Adolescent Medicine
- Pediatric Hematology-Oncology
- Pediatric Gastroenterology
- Pediatric Pulmonology
- Pediatric Nephrology
- Pediatric Cardiology
- Pediatric Neurology
- Pediatric Neurodevelopment
- Pediatric & Adolescent Psychiatry & Psychology
- Dermatology & Venerology
- Physiotherapy & Rehabilitation
- Ambulance & Pharmacy

ईशान बाल तथा महिला अस्पताल प्रा. लि.
ISHAN CHILDREN AND WOMEN'S HOSPITAL PVT. LTD.
Tokha-5, Basundhara, KTM, Tel: **01-4954537**, **Website:** www.ishanhospital.com.np

Godawari Municipality
Office of Municipal Executive
Bajrabarahi, Lalitpur
Bagmati Province, Nepal

Invitation for Electronic Bids

Date of publication: - 2081/09/01 BS. (2024/12/16 AD.)

1. Godawari Municipality has allocated funds for the specified project and invites electronic bids from eligible Nepalese bidders under National Competitive Bidding procedures, in accordance with the Public Procurement Act and Regulations

S N	Contract Identification No.	Name of Project	Estimate Amounts NRs (Without VAT and Contingencies)	Cost of Bidding Document NRs	Bid Security NRs	Date of Pre-bid Meeting	Last Date and Time of Bid Submission	Bid opening Date and Time	Remarks
I	Godawarimun /lalitpur/W/NCB /22/081/82	Upgrading of Lele Tahakhel Road, Godawari- 05, 10 Lalitpur	1,12,50,916.36/-	3,000/-	3,26,000/-	2081/09/19 BS (2025-01-03 AD) Time: 1:00 PM	2081/10/02 BS (2025-01-15 AD) Time: 12:00 noon	2081/10/02 BS (2025-01-15 AD) Time: 1:00 PM	
II	Godawarimun /lalitpur/W/NCB /23/081/82	Upgrading of Faidol Road, Godawari- 6, Lalitpur	60,33,781.60/-	3,000/-	1,75,000/-				
III	Godawarimun /lalitpur/W/NCB /24/081/82	Upgrading of Sheraphat Charghare Road Godawari-11, Lalitpur	1,10,98,715.23/-	3000/-	3,25,000/-				
IV	Godawarimun /lalitpur/W/NCB /25/081/82	Upgrading of lapse Kotdanda Road, Godawari-06, Lalitpur	54,23,728.33/-	3,000/-	1,57,000/-				
V	Godawarimun /lalitpur/W/NCB /26/081/82	Upgrading of Kalitar Road, Godawari-06, Lalitpur	59,74,082.04/-	3,000/-	1,73,000/-				
VI	Godawarimun /lalitpur/W/NCB /27/081/82	Upgrading of Baasghari to Lele Bhanjyang Road, Godawari-4, Lalitpur	43,51,636.30/-	3000/-	1,30,000/-				
VII	Godawarimun /lalitpur/W/NCB /28/081/82	Upgrading of Badegaun Godamchaur Bishankhu narayan Kotdanda Road Godawari-02, Lalitpur	59,95,250.91/-	3000/-	1,75,000/-				
VIII	Godawarimun /lalitpur/W/NCB /29/081/82	Upgrading Of Jharuwarasi Thecho Road, Godawari-12, Lalitpur	32,56,164.91/-	3000/-	95,000/-				
IX	Godawarimun /lalitpur/W/NCB /30/081/82	Upgrading of Chhampi Police station Ratomate danda Tokalmath-Khahare Road, Godawari-8, Lalitpur	65,32,351.85/-	3000/-	1,90,000/-				
X	Godawarimun /lalitpur/W/NCB /31/081/82	Upgrading of Jimmako Ghar-Tokalmath khahare Road Godawari-08, Lalitpur	35,61,943.50/-	3000/-	1,03,000/-				

2. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
3. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
4. Eligible Bidders may obtain further information from the Godawari Municipality, Office of the Municipal Executive, Bajrabarahi, Lalitpur, Phone No. 01-5572592 during office hour. or may visit PPMO website:- www.bolpatra.gov.np/egp/
5. For more details about the Invitation for Bids (IFB), Bidders can go through the Bidding Documents.
6. Other mandatory information as per PPA and PPR.

Chief Administrative Officer

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com